# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ८९

www.mulyankan.itgo.com

मूल्य रु. २० /- भारतमा भा.रु. १५ /-

भारतीय माओवादी पार्टी: के यो सैन्य-पार्टीमा फेरिँदैछ ?

लाखमा एक: कृष्णप्रसाद पन्त

छोरीहरुले पनि सम्पत्ति पाउने भए!

रसियावल खुर्द लोटन बाँध: भारतको अर्को शत्रुवत् व्यवहार

देउवामा अध्यारोमा हिँड्ने सहास छ भने...

डा. बाबुराम भट्टराईले भनेझैं के शाहवंशका राजाहरु देशभक्त थिए ?



## सरकार माओवादी वार्ता

# के वार्ता सफल होला ?

• होलेरी काण्डको यथार्थ ! • माओवादीविरुद्ध सेना: सरकारी सेनाले कस्तो तयारी गर्दैछ ?



## श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको

५५ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफ सरकारको दीर्घायु तथा सुस्वास्थ्यको लागि मंगलमय शुभकामना चढाउँदछौं ।

**नेपाल राष्ट्र बैंक**

परिवार

**नव युवा** मासिक

प्रथम हप्तामा प्रकाशित हुने नयाँ अंकका आकर्षणहरू

**कसरी पुग्यो सगरमाथामा प्रथम मानव पाइला ?**

*प्रथम सगरमाथा आरोही तेन्जिङ नोर्गेको सगरमाथा आरोहण एवं उहाँको जीवनको रोमाञ्चक कथा*



**जब निरंकुश राजालाई फाँसी दिइयो !**

प्रजातन्त्रको जननी मानिने देश बेलायतमा निरंकुश राजतन्त्र विरूद्ध भएको जनविद्रोहको रोमाञ्चक र प्रेरक इतिहास

सरकार भनेको जनताका माझबाट आएका, जनताको हितमा काम गर्ने जनप्रतिनिधिहरूको संस्था हो । यसर्थ सरकारबाट रचनात्मक कामहरूमा पूर्वाग्रहरहित भएर सहयोग गर्नु र सरकारबाट कुनै त्रुटि भएमा त्यसको निराकरण गर्न सुझाव दिनु प्रत्येक सचेत नागरिकको कर्त्तब्य हुन आउँछ । जनताका पीरमर्का सुन्न र रचनात्मक सुझावहरू ग्रहण गर्न श्री ५ को सरकार सधैं तत्पर र जागरूक छ ।

**श्री ५ को सरकार**
**सूचना तथा संचार मंत्रालय**
**सूचना विभाग**

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष-१८, पूर्णाङ्क-८९
साउन, २०५८



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइँटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी
**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्स ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :*
yuwa@ntc.net.np
*वेभसाइटः*
www.mulyankan.itgo.com


◀ यसभित्र



सरकार माओवादी
## वार्ता सफल होला ?



**नुवाँ गाउँ-होलेरी काण्ड**

◆ मानव-अधिकारवादीहरुले के देखे, के गरे ?
- गौरी प्रधान

◆ माओवादी 'जनसेना' को भूमिका कस्तो रह्यो ?
- दामोदर तिमल्सिना

◆ के माओवादी देशद्रोही र आतंककारी हुन् ?
- रमेश विकल

## माओवादीविरुद्ध सेना
## शाही सेनाले कस्तो तयारी गर्दैछ ?
*- सुधीर शर्मा*

❑ नारायणहिटी हत्याकाण्ड : अर्को आयोग गठन हुनुपर्छ

❑ के शाहवंशका राजाहरु देशभक्त थिए ?

◆ रसियावल खुर्द लोटन बाँधः **नेपालविरुद्ध भारतको अर्को शत्रुवत् व्यबहार**

❑ साहसका साथ जोखिममा हिँड्न देउवा अभ्यस्त हुनुहुन्छ भने...
*-श्रीकृष्ण अनिरुद्ध गौतम*

◆ **लाखमा एक कृष्णप्रसाद पन्त**
*-खगेन्द्र संग्रौला*

❑ निर्मल लामाद्वारा लडाकू दल निर्माण र कुटपीट आन्दोलन

## जनयुद्धको नाममा 'दस्तायुद्ध' १२


**हाम्रो मूल्यांकन :**
देउवा सरकारसामुका चुनौतीहरू ४
नारायणहिटी हत्याकाण्ड : अर्को आयोग गठन हुनुपर्छ ४
**अन्तर्क्रिया**
के शाहवंशका राजाहरू देशभक्त थिए ?
*-श्याम श्रेष्ठ* ६
**घटना र प्रवृत्ति**
साहसका साथ जोखिममा हिँड्न देउवा अभ्यस्त हुनुहुन्छ भने...
*-श्रीकृष्ण अनिरूद्ध गौतम* ८
रूसी अर्थतन्त्र पुनः मन्दीतिर ९
के एमाले र मालेले एकता गर्ने नै हुन् त ? ४६
रसियावल खुर्द लोटन बाँध : नेपालविरूद्ध भारतको अर्को शत्रुवत् ब्यबहार
*-गोविन्द वर्तमान* २२
देउवा सरकारका लागि चुनौती : सार्वजनिक सुरक्षा नियमावली
*-तुल्सीदास महर्जन* ५
**नीति / संस्कृति**
लाखमा एक कृष्णप्रसाद पन्त
*-खगेन्द्र संग्रौला* १०
**वि.क.आ.**
जनयुद्धको नाममा 'दस्तायुद्ध'
*-राजेन्द्र महर्जन* १२
**आवरण कथा**
के वार्ता सफल होला ?
सरकार माओवादी वार्ता
*-श्याम श्रेष्ठ* १७
माओवादीविरूद्ध सेना : शाही सेनाले कस्तो तयारी गर्दैछ ?
*-सुधीर शर्मा* २०
माओवादी 'जनसेना'को भूमिका कस्तो रह्यो ?
*-दामोदर तिमल्सिना* २३
मानव-अधिकारवादीहरूले के देखे, के गरे ?
*-गौरी प्रधान* २६
के माओवादी देशद्रोही र आतंककारी हुन् ?
*-रमेश विकल* ३०
**आत्मकथाः**
हामीले लडाकू दल बनाएर कुटपीट आन्दोलन चलाएका थियौं -निर्मल लामा
*-तुल्सीदास महर्जन* ३२
**कविता :**
रगत
*-के. एल. पीडित* ३४
**किताब :**
नेपाली जन आन्दोलन : जापानी लेखिकाको कलम ३५
**अर्थतन्त्र**
अर्थ-राजनीतिक आँकलनमा यस वर्षको बजेट
*-हरि रोका* ३६
**अन्तर्क्रिया**
पूँजीवादको बदलिंदो स्वरूप ३८
**पाठकको कुरो** ४६



आवरणमा : प्र.मं. शेरबहादुर देउवा/क. प्रचण्ड । आवरण सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ ।
कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७१ । कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२ ।*
मुद्रणः इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोनः ४३७४४८

# देउवा सरकारसामुका चुनौतीहरू



सत्तामा बसीराख्ने कुनै उपाय बाँकी नरहेपछि साउनको पहिलो हप्तामा प्र.मं. गिरिजाप्रसाद कोइरालाले राजीनामा नगरी धरै पाएनन् । 'अख्तियार' ले पत्र पठाउनेबित्तिकै वा राजदरवार हत्याकाण्ड हुनेबित्तिकै उनले राजीनामा गरेको भए यो उनको नैतिकतापूर्ण र सम्मानजनक राजीनामा हुन्थ्यो । परन्तु जन-घृणा र अलोकप्रियताको त्यस्तो चरमचुलीमा पुगेपछि मात्रै गिरिजाले राजीनामा गरेका छन्, जुन उँचाइमा त राणा कालका अन्तिम प्रधानमन्त्री मोहन शमसेर र पंचायत कालका अन्तिम प्रधानमन्त्री मरीचमान र लोकेन्द्रबहादुर पनि पुगेका थिएनन् ।

वास्तवमा रोल्पाको होलेरी-नुवागाउँ काण्डमा सेनाले सरकारी निर्देशनको ठाडो अवज्ञा गरेपछि र सद्भावना पार्टीसहित सारा प्रतिपक्षबाट संसद पुनः अवरूद्ध हुन थालेपछि मात्र गिरिजाप्रसाद कोइरालाको राजीनामा गर्ने चेत खुल्यो ।

बहुदलीय व्यवस्था आएपछिको १२ वर्षमा गिरिजा नै सबभन्दा ज्यादा, दुई तिहाई समय सत्तामा छन् । अहिले नेपाल चौतर्फी बर्वादी र आम-निराशाको जुन चुलीमा छ, त्यसको निम्ति सबैभन्दा ज्यादा जिम्मेवार गिरिजाप्रसाद नै हुन् ।

गिरिजाप्रसाद अब व्यक्ति नभएर एउटा प्रवत्ति बन्न पुगेको छ - देश र जनता भड्खालोमा गए जाओस्, पर्वाह नगर्ने, सानो र एउटा पारिवारिक समूहको स्वार्थको लागि जे पनि गर्ने, पार्टी, राष्ट्र र आम-जनताको हितको समेत तिलाञ्जली दिने । यो प्रवृत्तिको नाम नै गिरिजा प्रवृत्ति भएको छ ।

अहिले गिरिजा त सत्तावाट संभवतः फेरि फर्कन नसक्नेगरी च्यूत भएका छन्, तर के गिरिजा प्रवृत्ति सत्ताबाट च्यूत भएको छ ?

-यति बेलाको अहं प्रश्न यही भएको छ ।

प्र.मं. देउवाले नयाँ मन्त्रीमण्डल त गठन गरेका छन् । तर त्यहाँ हिजोका तिनै भ्रष्ट र बदनाम व्यक्तिहरूको बाहुल्य देखिएको छ । यसले सिंहदरवारको घुम्ने मेचमा बस्ने पात्र मात्र बदलिने, तर गिरिजा प्रवृत्ति नबदलिने संकेत गरेको छ ।

परन्तु, देउवासामुन्ने चुनौतीहरू अजंगका छन् । देशव्यापी रूपमा फैलँदो माओवादी विद्रोह र द्वैतसत्ताको स्थिति, सर्वव्यापी भ्रष्टाचार, चुलिंदो गरीबी, बेरोजगारी, देशको दुई वर्षको कूल बजेट बरोबरको विदेशी ऋण, ऋणको सावाँ-व्याज भुक्तानी र कर्मचारी खर्चमै राजस्वको आधाभन्दा ज्यादा भाग खर्च हुने स्थिति : यिनै कुराहरू देउवा सरकारसामु सबैभन्दा ठूलो चुनौती बनेर खडा भएका छन् ।

जेठ १९ को हत्याकाण्डपछि दरवारप्रति त आम-जनताको विश्वास र आस्था गिर्‍यो-गिर्‍यो, सिहंदरवारप्रति पनि आम-जनताको आशा र आस्था गिर्दैछ ।

यो देउवा सरकारसामुको सबैभन्दा भयावह चुनौती भएको छ ।

के प्र.मं. देउवाले यी चुनौतीहरूको सामना गर्न सक्लान् ?

अहिले देशमा एउटा सर्वांगीण समाजिक-आर्थिक क्रान्ति जरूरी भएको छ । आमूल परिवर्तन भन्दामुनिको अर्को कुनै कार्यक्रमले वर्तमानको गिर्दो जन-धैर्य र टुट्दो जन-विश्वास बहाल गर्न नसक्ने स्थिति आएको छ ।

के देउवाले यस्तो सर्वांगीण आर्थिक-सामाजिक क्रान्ति गर्न सक्छन् ? के देउवाले गिरिजा प्रवृत्तिको अन्त्य गर्न सक्छन् ?

सक्छन् भने मात्र यी चुनौतीहरूको सामना संभव छ । अन्यथा, क्रान्तिले देउवा सरकार स्वयम्को सामना गर्नेछ ।

नेपाली जनताले यतिखेर खोजेको सिंहदरवारमा बस्ने पात्रको परिवर्तन होइन, प्रवृत्तिको परिवर्तन हो - खालि मुट्ठीभर नेता-नोकरशाह र माफिया मात्र मोटाउने, बाँकी बहुसंख्यक गरीखाने उत्पीडित जनताको उपेक्षा नै उपेक्षा मात्र हुने प्रवृत्तिमा परिवर्तन । ❑

गत जेठ १९ गते नारायणहिटी राजदरवारमा भएको भीषण हत्याकाण्डका सन्दर्भमा २ सदस्यीय उच्चस्तरीय समितिले प्रस्तुत गरेको प्रतिवेदन अपूरो रहेको र यसले हत्याकाण्डबारे आफ्नो ठोस निचोड नदिएको भए पनि यसले सो हत्याकाण्डबारे थुप्रै प्रश्न र आशंकाहरु जन्मिने भूमि पैदा गरेको छ ।

लागु पदार्थको असरको कुरा प्रमाणित नभएकोले अब श्री ५ दीपेन्द्र वर्षौंअघिदेखि नै अति क्रुर, अमानवीय र सन्की स्वभावका थिए भने मात्र उनीबाट त्यत्रो भीषण काण्ड हुनसक्छ भनी मान्न सकिने हुन्छ ।

यसैबीच, उनी मुडी स्वभावका थिए भनी एकआध चर्चाहरु चले, तर त्योभन्दा कयौं गुना ज्यादा 'उनी जिम्मेवार र मानवीय स्वभावकै थिए' भन्ने बयानहरु जिम्मेवार व्यक्तिहरुले अझै बाहिर ल्याइरहेका छन् । उनको मुडी स्वभावबारे जिम्मेवार देखीजान्ने, भोगीजान्नेहरु प्रकट भएका छैनन् । यसैगरी, देवयानीसँगको दीपेन्द्रको पछिल्लो फोन वार्ता पनि उनको मानसिक सन्तुलन नै तत्काल बिगार्ने र मार्ने-मर्ने व्यवहार हुन संभव प्रकृतिको नभई 'भोलि भेटौंला, गुड नाइट !'को हदमा सामान्य रहेको बाहेक अन्यथा विवरण कतैबाट पनि आएको छैन ।

यस स्थितिमा, दीपेन्द्रको मुकुण्डो प्रयोग गरी एक वा केही व्यक्तिहरुमार्फत् कुनै तत्वले यो काण्ड घटित गराएको हुनसक्ने नै प्रवल संभावना देखिएको छ । दरवारप्रतिको अनावश्यक 'त्राश' वा 'आश'बाट मुक्त स्वाभिमानी नेपाली जनताका सामु अर्को कुनै तर्कसम्मत, तथ्यसम्मत विश्वासको विकल्प बाँकी रहेको छैन ।

यसै संभावनालाई जाँचपरख गर्न वा अरु कुनै संभावना भए त्यसलाई केलाएर



## नारायणहिटी काण्ड

# अर्को आयोग गठन हुनुपर्छ

एउटा टुंगोमा पुगी घटनाका संभावित षडयन्त्रकारीहरु पत्ता लगाउन र घटनाबाट ठोस पाठ सिक्न थप जाँचबुझ जरुरी थियो । नेपाली जनताले चाहेको थिए- हत्या काण्डको लगत्तैपछि तत्कालै सरकारबाट नेपालको सार्वभौम जनताको प्रतिनिधि संस्था संसदको विशेष अधिवेशन बोलाइएला । बोलाइएन । नियमित अधिवेशनमै यसबारे ठोस निकाश खोजिएला । खोजिएन ।

संसदमा यस हत्याकाण्डबारे केही सांसदहरुले दुःख र आश्चर्य व्यक्त गरे, केहीले पुनः जाँचको माग पनि गरे तर सरकारले यस मागबारे पर्याप्त चासो दिएन । जिम्मेवार पार्टीहरुले पनि यसबारे पर्याप्त जोड दिएनन् ।

किन ? के कारणले ?

यो प्रश्न एकदमै सान्दर्भिक र जल्दोबल्दो भएर आमजनताको मन-मस्तिष्कमा भित्रभित्रै सल्बलाइरहेको पाइएको छ ।

यदि षडयन्त्र थियो भने त्यो षडयन्त्रका पछाडि राजा वीरेन्द्रको वंश नाशमार्फत् मुलुकलाई ठूलो क्षति पुर्‍याउने ध्येय षडयन्त्रकारीको हुनसक्ने प्रष्ट संभावना भएकोले यो काण्ड 'शाही परिवार'को मामला मात्र हुन सक्दैन, यसलाई यस अर्थमा पनि, गम्भीर राष्ट्रिय सरोकारको मामला मान्नुपर्छ । अन्यथा कमजोरी, लापरवाही र गल्तीका हाँगा-पातमात्र हैन, जरासम्मै पुग्नका लागि पनि ठोस अध्ययन हुन जरुरी छ । राजाको सहमति चाहिने हदमा राजाको सहमति जुटाउने प्रयत्नसमेत गरी संसदले उच्चस्तरीय र अधिकारसम्पन्न अर्को जाँच आयोग गठन गर्न जरुरी थियो, जरुरी छ । संसदले यसतर्फ गम्भीर पहल गरोस् भनी हामी जोडदार माग गर्दछौं ।

यसैबीच, राजदरवारलाई पारदर्शी र किफायती बनाउने एवं राजदरवार उत्तराधिकार ऐनलाई फराकिलो र प्रजातान्त्रिक बनाउने दिशामा पनि वर्तमान संसद र जिम्मेवार पार्टीहरुको पहल हुनु जरुरी छ भन्ने हामीलाई लाग्छ । ❑

# देउवा सरकारका लागि चुनौती



# सार्वजनिक सुरक्षा नियमावली

गिरिजाप्रसाद कोइरालाको सरकारले नयाँ राजाको राज्यारोहणको दिनमा साइत जुराएझैं गरी गजेटमा प्रकाशित गरेर ल्याएको निरंकुश पंचायत ब्यूँताउने 'सार्वजनिक सुरक्षा नियमावली-२०५८'लाई आमजनताको मागअनुसार खारेज गर्ने अभिभारा अब नवगठित शेरबहादुर देउवाको सरकारको काँधमा आइपुगेको छ ।

अहिले के देखिन्छ भने यो नियमावलीप्रति सत्तारुढ दल नेपाली कांग्रेसको गिरिजा क्याम्पको बाहेक अरु कसैको पनि समर्थन छैन । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) लगायत सम्पूर्ण प्रतिपक्षी दलहरु नियमावलीको विरोधमा छन् । नेकपा (एमाले)ले चालू संसदको अधिवेशनमा प्रवेश गर्दा नै यस नियमावलीको विरुद्ध सडकमा प्रदर्शन गरेर मात्र सिंहदरवारभित्र छिर्ने काम गरेको थियो । नेकपा (माले)का सातवटा भातृ संगठनहरुले काठमाण्डौमा लालटिन जुलूसको आयोजना गरी 'सासुनि'को खारेजीको माग गरेका थिए । यस नियमावलीको विरोधकै क्रममा ललितपुर संयुक्त वामको आयोजनामा भएको एउटा आमसभाबाट संयुक्त जनमोर्चाका महासचिव तथा सांसद लीलामणि पोखरेल, केन्द्रीय सदस्य दिलबहादुर श्रेष्ठ, काईला वा र नेपाल मजदूर किसान पार्टीका अध्यक्ष तथा सांसद नारायणमान बिजुक्छेलाई गिरफ्तार गरिएको थियो । संसदको अधिवेशन बोलाइसकेपछि पनि सांसदहरुलाई गिरफ्तार गरेर गिरिजा सरकारले संसदको विशेषाधिकारलाई समेत उल्लंघन गरेको थियो ।


पार्टीभित्र वा बाहिर रहेका प्रजातन्त्रप्रेमी नेपालीहरुको साझा मोर्चाको रुपमा विगत केही वर्षदेखि क्रियाशील संस्था 'प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन, नेपाल'ले यस नियमावली जारी भएको दिनदेखि नै यसको विरोधमा विभिन्न कार्यक्रमहरु गर्दैआएको छ । स्वतन्त्र वामनेता तथा मानव अधिकारवादी नेता पद्मरत्न तुलाधर संयोजक र पूर्व सभामुख तथा वरिष्ठ अधिवक्ता दमननाथ ढुङ्गाना सह-संयोजक रहनुभएको यस आन्दोलनले आफ्नो सडक संघर्षको कार्यक्रममा सबै वाम पार्टीहरुका कार्यकर्ताहरु तथा तिनीहरुका भातृ संगठनहरुका कार्यकर्ताहरुलाई मात्र होइन, कैयौं प्रजातन्त्रवादी कार्यकर्ताहरुलाई समेत पनि सहभागी गराएको छ ।

यसै क्रममा गत असार १८ गते काठमाण्डौमा यही आन्दोलनको आयोजनामा 'सासुनि'को विरुद्ध भएको जुलूस प्रदर्शनमा हज्जारौं मानिसहरुले भाग लिएका थिए । उक्त जुलूसमा सबैजसो वाम पार्टीका भातृ संगठनहरु, मजदूर, किसान, विद्यार्थी, महिला संगठनहरु लगायत मानवअधिकारवादी संगठनहरु, लेखक-कलाकार तथा सांस्कृतिककर्मीहरु, बुद्धिजीवीहरु र सर्वसाधारण जनताहरुले उत्साहपूर्वक भाग लिएका थिए । त्यस्तैगरी सो आन्दोलनले अर्को कार्यक्रमको रुपमा उक्त नियमावलीको विरुद्ध असार २५ गते काठमाण्डौको टुँडिखेललाई मानव साङ्लोले घेर्ने कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा पनि हज्जारौं मानिसहरुले भाग लिएका थिए ।

आन्दोलनको क्रममा 'प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन, नेपाल'ले सासुनिको विरुद्ध सबै तप्काका मानिसहरुलाई आन्दोलनमा सहभागी गराउन विभिन्न खाले अन्तर्क्रिया र ऐक्यबद्धता भेलाहरुको आयोजना पनि गरेको थियो ।

टुँडिखेललाई मानव साङ्लोले घेरेको लगत्तै यसले सासुनिको विरुद्ध हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको थियो । काठमाण्डौ, ललितपुर, भक्तपुर र कीर्तिपुरका विभिन्न स्थानहरुमा सडक-सडकमा कपडा बिछ्याई आम जनताबाट हस्ताक्षर संकलन गरिएको थियो । त्यस्तै विभिन्न संघ-संस्थाहरुमा कागजका पन्नाहरुमा हस्ताक्षर संकलन गरिएको थियो । करीब सवा लाख मानिसहरुको हस्ताक्षर लिएर गत श्रावण १५ गते एक जुलूससहित आन्दोलनका संयोजक पद्मरत्न तुलाधरको नेतृत्वमा गएको टोलीले नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देउवालाई हस्तान्तरण गऱ्यो ।

*सासुनिविरुद्ध भएको संघर्षलाई सम्बोधन गर्दै संयोजक पद्मरत्न तुलाधर*
(फोटो : गौरी प्रधान)



दमनकारी नीति र कार्यक्रमहरुलाई पन्छाउने क्रममा रहेको देखिएका देउवाले आन्दोलनको टोली समक्ष सासुनिको खारेजीको संकेत दिनुभएको छ । थाहा भए अनुसार, उहाँले माओवादी लगायत अधिकांश विपक्षी नेताहरुलाई सासुनि खारेज गर्ने बचन दिइसक्नु भएको छ ।

स्मरणीय के छ भने 'सासुनि' नेपाल अधिराज्यको संविधान २०४७ को भावना विपरीत भएकोले त्यसलाई खारेज गरी पाऊँ भनी सर्वोच्च अदालतमा रिट पनि दायर गरिएको थियो । नेकपा (माले) निकट अनेरास्ववियूका अध्यक्ष रविन्द्र अधिकारीले छुट्टै रुपमा, अधिवक्ताहरु मुकुन्दप्रसाद पौडेल, नारायणबहादुर खड्का, प्रेमबहादुर थापा र गुरुप्रसाद अधिकारीले संयुक्त रुपमा र किराँत याक्थुङ चुम्लुङ तथा नेपाल जनजाति महासंघले छुट्टाछुट्टै रुपमा रिट दायर गरेका थिए । ती रिट निवेदनहरुउपर प्रारम्भिक बहस भई सर्वोच्च अदालतद्वारा विपक्षीलाई कारण देखाऊ आदेश जारी भएर अन्तरिम आदेशका निम्ति विपक्षीहरुलाई झिकाउने आदेशसमेत भइसकेको छ ।

यो नियमावली अहिलेको संविधान जारी हुनुअगाडि पंचायती शासनको अन्ततिर बनेको 'सासुनि'लाई आधार बनाई ल्याइएको हो । वर्तमान संविधानसँग बाझिने यो नियमावलीको आधार पंचायती संविधानअन्तर्गत बनेको ऐन रहेकोले यो नियमावली पंचायत ब्यूँताउने कालो नियमावलीको रुपमा बदनाम भएको छ । साथै नेपाल अधिराज्यको संविधान- २०४७ को पूर्णतः विपरीत भएकोले पनि यो निकै आलोचित भएको छ ।

हिजोको गिरिजा सरकारले ल्याएको यो नियमावलीलाई उही पार्टीका प्र.म. शेरबहादुर देउवाको नयाँ सरकारबाट जनताको मागअनुसार तत्काल खारेज गरी नेपाली कांग्रेसको अनुहारमा लागेको कालो धब्बालाई हटाउने प्रयत्न शुरु हुनु भनेको बुद्धिमानीपूर्ण कार्य नै हुनेछ । र यसले जनताको प्रजातन्त्रलाई कुण्ठित गर्ने निरंकुश तत्वहरुमाथि बलियो प्रहार समेत हुनेछ ।

❑ *तुल्सीदास महर्जन*

# के शाहवंशका राजाहरू देशभक्त थिए ?

- श्याम श्रेष्ठ -

जेठ १९ गतेको नारायणहिटी हत्याकाण्डपछि नेपालमा राजतन्त्रबारे नयाँ-नयाँ कोणबाट बहस-छलफल सृजना भएका छन् । त्यसमध्येको अत्यन्त चर्चित र चाखलाग्दो बहस ने.क.पा. (माओवादी)का एकजना वरिष्ठ नेता डा. बाबुराम भट्टराईले छेड्नुभएको छ ।

डा. भट्टराई २४ जेठ, २०५८ को 'कान्तिपुर'मा दृष्टिकोण स्तम्भमा लेख्नुहुन्छ : "पृथ्वीनारायण शाहदेखि वीरेन्द्रसम्मका राजाहरूले गरेको देशभक्तिपूर्ण कामको नेपाली जनताले युगयुगसम्म उच्च मूल्यांकन गर्ने छन् ।"

यतिमात्र होइन, उहाँले त्यही लेखमा थप के पनि लेख्नुभएको छ भने, "हाम्रा विभिन्न मतभिन्नताका बावजूद शाहवंशीय राजाहरू (पृथ्वीनारायण शाहदेखि राजा वीरेन्द्रसम्म)को मुख्य योगदान भनेको पहिले अंग्रेज उपनिवेशवादीहरू र पछि भारतीय विस्तारवादीहरूविरूद्ध संघर्ष गरेर नेपाली सार्वभौमिकता र स्वतन्त्रताको रक्षामा योगदान दिनु हो ।"


पछि 'राजधानी' दैनिकको १५ असार, २०५८ को अंकमा आफ्नो भनाइलाई केही फेर्दै उहाँले लेख्नुभयो,



"पृथ्वी नारायणशाहदेखि वीरेन्द्रसम्मका दशजना राजाहरूमध्ये वास्तविक कामकाजी राजा पृथ्वीनारायण, महेन्द्र र वीरेन्द्र गरी तीनवटा मात्र थिए ।"

यसबाहेक अन्य अडानहरू उहाँले यथावत राख्नुभएको छ र राजा पृथ्वीनारायण, महेन्द्र र वीरेन्द्रका "देशभक्तिपूर्ण योगदान"हरूको व्याख्या गर्नुभएको छ ।

राजा पृथ्वीनारायणदेखि राजा वीरेन्द्रसम्म वास्तविक कामकाजी राजा तीनजना मात्र थिए भन्ने डा. बाबुरामको विश्लेषणसित म सहमत छुइँन र यो ऐतिहासिक तथ्य हो भन्ने पनि लाग्दैन । छोटो अवधिको राजा हुनेवित्तिकै कोही कामकाजी राजा नहुने भन्ने उहाँको विश्लेषण नै वस्तुसम्मत द्वन्दवादी भौतिकवादी छैन भन्ने मलाई लाग्छ । जस्तो, राजा त्रिभुवन २००७ सालदेखि २०११ सालसम्म केवल ४ वर्षमात्र कामकाजी राजा थिए । परन्तु यो ४ वर्ष इतिहासको एउटा अत्यन्त निर्णायक र पन्छाउनै नमिल्ने खण्ड थियो । यसलाई ४ वर्षको अवधि भनेर नजरअन्दाज गर्न मिल्दैन । यही ४ वर्षमा राणाहरूको सामन्ती निरंकुशतन्त्र ढलेर नेपालको इतिहासमा पहिलो पटक राजाको निरंकुशतन्त्र बाँकी भएको वर्णशंकर पूँजीवादी प्रजातन्त्र नेपालमा स्थापना भएको थियो । यही ४ वर्षको पहिलो



वर्षमै डा. बाबुरामको विश्लेषणमा 'देशभक्त' ठहरिसकेका शाहवंशीय राजा त्रिभुवनले डा. के आइ सिंहको विद्रोह दवाउन भारतीय फौज नेपालमा भित्र्याएका थिए । २००९ सालमा रौतहट किसान विद्रोह दवाउन उनै राजा त्रिभुवनले भारतीय फौज नेपालमा भित्र्याएको इतिहास साक्षी छ । उनै राजा त्रिभुवनले नेपालका क्रान्तिकारी किसान नेता भीमदत्त पन्तको पश्चिम नेपालको किसान विद्रोह दबाउन २०१० सालमा भारतीय सेना नेपाल भित्र्याएको कुनै देशभक्त नेपालीले बिर्सनसक्ने घटना होइन । तसर्थ छोटो अवधिको भनेर यस्तो निर्णायक र अत्यन्त महत्वपूर्ण ऐतिहासिक घटना-दुर्घटनाहरूले भरिपूर्ण कालखण्डलाई कसरी छोडिदिन र बिर्सन मिल्छ ? अनि यही छोटो अवधिमा पनि राजा त्रिभुवनले गरेका यी कामहरूलाई चटक्कै बिर्सेर राजा त्रिभुवनलाई जम्माजम्मीमा 'देशभक्त' कसरी ठहऱ्याउन मिल्छ ?

परन्तु यहाँ म यो सवालमा बहस गर्न लागिरहेको छुइँन । त्यसैले, असहमति हुँदाहुँदै पनि यसबारे यही लेखमा विस्तृत विवाद र चर्चा नगरेर, यसबारे छुट्टै बहस गर्ने सोच राखेर म यो लेखको बहसको मूल विषयमाथि केन्द्रित हुन चाहन्छु । यहाँ म

**माओवादी नेता डा. बाबुराम भट्टराईको विश्लेषण कति ठीक कति बेठीक ?**

उदाहरणको लागि केवल यत्ति कुरा भनेर आफ्नो भनाइलाई रोक्न चाहन्छु ।

### पृथ्वीनारायणको 'देशभक्ति'

अब हामी जाऔं 'पृथ्वीनारायणदेखि वीरेन्द्रसम्मका' शाहवंशीय 'राजाहरूले गरेको देशभक्तिपूर्ण कामको नेपाली जनताले युगयुगसम्म उच्च मूल्यांकन गर्नेछन्' भन्ने डा. बाबुरामको विश्लेषणबारे छलफल गर्न ।

डा. बाबुरामले थप लेख्नुभएको छ, "पृथ्वीनारायणले बाह्य रूपमा अंग्रेज उपनिवेशवादविरूद्ध मोर्चा कसेर देशको सार्वभौमिकताको रक्षा गर्न महत्वपूर्ण योगदान गरे भन्ने कुरा ऐतिहासिक यथार्थ हो ।" *(हेर्नुहोस्, 'राजधानी' दैनिक, १५ असार, २०५८, पृष्ठ ६)*

स्पष्ट हुनुपर्ने सवाल के देखिन्छ भने राजा पृथ्वीनारायणले अंग्रेज उपनिवेशवादविरूद्ध नेपाललाई जोगाउनु पऱ्यो भन्ने उद्देश्यले नेपालको एकीकरण गरेका थिएनन् । उनी अत्यन्त महत्वाकांक्षी राजा थिए । केवल गोर्खा राज्यको मात्र राजा भइराखेर उनको महत्वाकांक्षा शान्त भएन । उनले अलि ठूलो ठाउँको, गोर्खाभन्दा विस्तृत भू-भागको राजा हुने महत्वाकांक्षाले नै विभिन्न राज्यहरू हात पार्ने अभियान चलाएका थिए । विशेषतः धन-धान्यपूर्ण काठमाण्डौ उपत्यकाको राजा हुने उनको चाहनालाई साकार रूप दिन नै उपत्यका वरपरका राज्यहरू उनले जितेका थिए र अन्ततः वि.सं. १८२५ मा काठमाण्डौ उपत्यका उनको हातमा आएको थियो । काठमाण्डौ उपत्यकाका राजा भइसकेर पनि अझ ठूलो ठाउँको राजा हुने उनको तीव्र महत्वाकांक्षा शान्त भएको देखिँदैन । वि.सं. १८३१ सालमा उनको मृत्यु हुँदाको घडीसम्म पनि उनको सेना पूर्वमा चौदण्डी र विजयपुरसम्म र पश्चिममा भीरकोट, स्याङ्जा र



सतौंसम्म राज्यविस्तार अभियानमा थियो, युद्ध गरिरहेको थियो ।

राज्यहरूको एकीकरण त परिणाममात्र थियो- उनको धेरै ठाउँको र ठूलो भू-भागको राजा हुने महत्वाकांक्षा र त्यसको लागि सफलतापूर्ण मूर्त प्रयत्नको परिणाम ।

पृथ्वीनारायणशाहको राज्य विस्तार अभियान सारमा सामन्ती साम्राज्यवाद थियो, पश्चिममा अलेक्जेण्डर द्वितीयको जस्तै । सिक्किमको सीमासम्म त उनको फौज पुगेकै थियो । उमेरले भ्याएको भए वर्तमान उत्तर पूर्वी भारतका कैयन राज्यहरूसमेत उनको कब्जामा आउनु बिल्कुलै संभव थियो र भारतका ती

राज्यहरूको लागि गोर्खाली राज्य सारमा ब्रिटिश साम्राज्यवादसरह नै साम्राज्यवादी हुने थियो । उनको त्यो राज्य विस्तारको महत्वाकांक्षी अभियान पूरा हुन पाएन । परन्तु उनको योजनामा त्यो सामन्ती साम्राज्यवादी ध्येय र कार्यक्रम त थियो नै ।

त्यसैले अंग्रेज उपनिवेशवादविरोधी मोर्चा कसेर नेपालको सार्वभौमिकताको रक्षा गर्न राजा पृथ्वीनारायणले ठूलो योगदान गरे भन्ने डा. बाबुरामको दावी यथार्थसम्मत देखिँदैन । यो इतिहासलाई हेर्ने भौतिकवादी दृष्टिकोण नै भएन । इतिहासलाई भौतिकवादी ढंगले हेर्ने हो भने यथार्थमा जे छ, त्यो दुरूस्त प्रतिविम्बित गर्नु पर्‍यो ।

शाहवंशीय राजाहरूले आफूले लेखाएको आफ्नो विजयको इतिहासमा आफ्नो पुर्खा र वंशलाई 'हाइलाइट' गर्न जे जे कुरा लेख्छन्, लेखाउँछन्, त्यही त्यही कुरालाई डा. बाबुराम भट्टराईजस्तो उँचाइको मार्क्सवादी नेताले विनाआलोचक दृष्टि आँखा चिम्लेर स्वीकारीदिनु बिल्कुलै गलत हुन्छ । ठूलो गल्ती हुन्छ ।

## *राजा महेन्द्रको 'देशभक्ति'*

राजा महेन्द्रको देशभक्तिबारे डा. बाबुराम भट्टराई लेख्नुहुन्छ, "राजा महेन्द्रमा निरंकुश फासीवादी पाटो प्रवल रहँदारहँदै पनि उनले आफ्नो शासनकालमा भारतीय विस्तारवादविरोधी कतिपय अडान लिएर देशको सार्वभौमिकताको रक्षामा महत्वपूर्ण योगदान गरेको कटु यथार्थलाई बिर्सन मिल्दैन ।" ('राजधानी', उही)

राजा महेन्द्रले आफ्नो शासनकालमा भारतीय विस्तारवादविरोधी कतिपय अडान लिए भन्ने कुरा बेठीक होइन । नेपाललाई भारतभन्दा पृथक अस्तित्वको रूपमा बाहिरी विश्वमा चिनाउन पनि उनको योगदान रहेको साँचो हो । परन्तु भौतिकवादी-द्वन्दवादीहरूले उनको योगदानको यो सकारात्मक पक्षलाई फगत एकपाखे ढंगले हेर्न कदापि मिल्दैन । राजा महेन्द्रको 'देशभक्ति'को मूल्यांकन गर्दा उनको कामको अर्को पाटो, नकारात्मक पाटोलाई पनि साथसाथै र द्वन्दमा हेर्नुपर्ने हुन्छ, र दुवैलाई मिलाएर समग्रमा मूल्यांकन गर्नुपर्ने हुन्छ ।

राजा महेन्द्रकै सक्रिय नेतृत्व भएको बेला उनकै सहमतिमा २०११ सालमा भारतसित कुख्यात 'कोशी सम्झौता' भएको थियो, जसको दुष्परिणाम कोशी क्षेत्रका नेपाली जनता र सिंगो राष्ट्रले अहिलेसम्म भोग्दैछ । राजा महेन्द्रकै सक्रिय नेतृत्व भएको बेला उनकै जानकारीअन्तर्गत नेपालको कालापानी-लिम्पियाधुरा क्षेत्रमा भारतीय फौज २०१९ सालदेखि बस्न थालेको हो र तात्कालीन परराष्ट्र मन्त्री ऋषिकेश शाहका अनुसार, स्थानीय प्रशासनले त्यसको रिपोर्ट केन्द्रमा पठाउँदा पठाउँदै भारत रिसाउला भनेर राजा महेन्द्रद्वारा त्यसको कुनै प्रतिवाद नगरिएको हो । उनकै शासनकालमा नेपालको इतिहासमा पहिलोपटक २०१८ सालदेखि नेपाल विदेशी ऋणको युगमा प्रवेश गरेको हो ।

यसरी हेर्दा जम्माजम्मीमा राजा महेन्द्रको 'देशभक्ति' डा. भट्टराईले दावी गरेजस्तो 'नेपाली जनताले युगयुगसम्म उच्च मूल्यांकन' गर्नुपर्ने खालको देखिँदैन । यो खोटपूर्ण र दोधारे देखिन्छ र मूलतः सामन्ती राजाको सत्ता-स्वार्थमा आधारित देखिन्छ ।

## *राजा वीरेन्द्रको 'देशभक्ति'*

राजा वीरेन्द्रबारे डा. बाबुराम लेख्नुहुन्छ, 'अन्तिम राजा वीरेन्द्रले आन्तरिक राजनीतिमा पनि सापेक्ष उदारता देखाएर र बाह्य हिसावले मुख्यतः भारतीय विस्तारवादविरूद्ध कतिपय देशभक्तिपूर्ण अडान लिएर देश र जनताप्रति सापेक्ष रूपले सकारात्मक गरेको .... तथ्यलाई नेपाली इतिहासले नकार्न सक्दैन ।" ('राजधानी', उही )

राजा वीरेन्द्रका कतिपय भारतीय विस्तारवादविरोधी अडानका बारेमा मेरो असहमति छैन । उनको शान्ति क्षेत्रको प्रस्ताव, २०४५ सालमा भारतसितको टकराव यसका उदाहरण हुनसक्छन् । परन्तु नेपालको अर्थतन्त्रलाई विदेशी ऋणले खर्लप्पै गाँज्न थालेको उनकै सक्रिय शासनकालमा हो । उनको राज्याभिषेक हुँदा आ.व. २०३१/३२ सालमा नेपालको कूल विदेशी ऋण सिर्फ ३४.६ करोड थियो । उनको सक्रिय शासनकालको अन्त्यमा आ.व. २०४५/४६ सालमा यो बढेर २९.२ अरब पुगेको थियो अर्थात् १५ वर्षमा ८४ गुणा वृद्धि । नेपाल विश्वबैंकको ढाँचागत समायोजन कार्यक्रम (SAP) को ऋणको पासोमा फँसेको पनि उनकै निर्णयमा, उनकै नेतृत्वमा २०४३ सालदेखि हो ।

नेपालको सार्वभौमसत्ता कुण्ठित र संकुचित गर्ने सवालमा ढाँचागत समायोजन कार्यक्रम ज्यादै खतरनाक र १९५० को सन्धिभन्दा पनि हानिकारक देखिन्छ । यसले नेपाललाई स्वतन्त्र रूपले कर र भन्सार महशूल लगाउन, राष्ट्रको बजेट बनाउन, राज्यले अत्यावश्यक सेवामा र क्षेत्रमा अनुदान दिनसमेत अनुमति दिँदैन । ती जम्मै कुरा हामीले विश्वबैंकको इशारामा गर्नुपर्ने हुन जान्छ ।

राजा वीरेन्द्रको सक्रिय शासनकालमा नै नेपाल वार्षिक ५ लाख टनभन्दा ज्यादा खाद्यान्न निर्यात गर्न सक्ने मुलुकबाट खाद्यान्न आयात गरीखानुपर्ने मुलुकमा बदलिएको हो । चीनले अनुदान सहायतामा सित्तै बनाईदिन सम्झौता भइसकेको पोखरा-सुर्खेत राजमार्ग र पोखरा-मुस्ताङ्ग राजमार्ग भारतीय शासक वर्गको दवावमा आएर रद्द गर्ने कार्य पनि त राजा वीरेन्द्रबाटै भएको हो ।

यी जम्मै कुरा ध्यानमा राख्दा राजा वीरेन्द्रको 'देशभक्ति' पनि त्यति निर्मल देखिँदैन । राष्ट्रिय सार्वभौमिकतामा गम्भीर आँच आउने थुपै काम कार्वाहीहरू, नीति-निर्णयहरू राजा वीरेन्द्रबाट भएका देखिन्छन् । भारतीय विस्तारवादसित थोरै लड्ने, पश्चिमेली साम्राज्यवादसित धेरै झुक्ने काम राजा वीरेन्द्रबाट भएको देखिन्छ ।





***राजा महेन्द्रको तुलनामा राजा वीरेन्द्र राजनीतिक हिसावले केही उदार थिए भन्नु एउटा कुरा हो, त्यस्तो हुनसक्छ, परन्तु....***

सामन्तवादका नायक राजाहरू आफ्नै सामन्ती अहंकार र सत्ता स्वार्थका कारणले समेत विदेशीहरूसित कतिपय मामलामा अडान राख्छन् । स्वतन्त्र राज्य नै नरहे राजा कहाँबाट हुने ? यही कारणले पनि उनीहरू कतिपय मामलामा विदेशी शासकसित कसी-कसाउ अडान राख्छन् । यसैलाई जनताले 'युगयुगसम्म उच्च मूल्यांकन' गर्नुपर्ने 'देशभक्ति' भन्नु ऐतिहासिक महाभूल हुन जान्छ । सामन्ती राजाहरू पटक्कै देशभक्त हुँदैनन् भन्ने कुरा पनि हुँदैन, त्यस्तो हुनसक्छ । परन्तु त्यस्तो देशभक्ति छ भने एउटा घटनामा एउटा पक्षसित देशभक्ति देखिने, अर्को पक्षसित अर्को घटनामा देशभक्ति नदेखिने हुने गर्दैन, त्यो निरन्तरतामा, अनेकौं घटनामा देखिन्छ ।

राजा महेन्द्रको तुलनामा राजा वीरेन्द्र राजनीतिक हिसावले केही उदार थिए भन्नु एउटा कुरा हो, त्यस्तो हुनसक्छ, परन्तु डा. बाबुरामले त पृथ्वीनारायण शाहदेखि राजा वीरेन्द्रसम्मका सबै शाहवंशीय राजाहरूलाई नेपाली जनताले युगयुगसम्म 'उच्च मूल्यांकन' गर्नुपर्ने 'देशभक्त' राजा ठहर्‍याउने प्रयत्न गर्नुभयो । यो मूल्यांकन न त ऐतिहासिक तवरले तथ्यसम्मत छ, न त द्वन्दात्मक । यो मूल्यांकन नितान्त एकपाखे र असर्वांगीण छ र त्यस अर्थमा, अधिभूतवादी छ ।

ने.क.पा. (माओवादी) ले जेठ १९ गतेको नारायणहिटी हत्याकाण्डपछि देशमा 'गणतन्त्रको संस्थागत' विकासका लागि निकै जोड दिएको छ । आकस्मिक रूपमा नेपालमा गणतन्त्रको जन्म भइसकेको भन्नेसमेत यसको मूल्यांकन छ । परन्तु डा. बाबुराम भट्टराईको यस्तो विश्लेषणले गणतन्त्रको संस्थागत विकास गर्ने होइन, राजतन्त्रको अवास्तविक देशभक्तिप्रति अनावश्यक रूपमा आस्था जगाउने काममात्र गर्छ । पृथ्वीनारायण शाहदेखि राजा वीरेन्द्रसम्मका राजाहरू युगयुगसम्म नेपाली जनताले उच्च मूल्यांकन गर्नुपर्ने देशभक्त राजा थिए भने त्यस्तो देशभक्त राजा त फेरि पनि चाहियो भन्ने मनोभाव यसले आम-जनतामा जगाउँछ । यसले गणतन्त्रतिर नेपाललाई लाने होइन, राजतन्त्र नै बचाइराख्ने काम गर्छ ।

के यो सोच र काम ने.क.पा. (माओवादी)को आफ्नै आधिकारिक कार्यदिशासित मेल खान्छ ? माओवादी नेतृत्वले विचार गर्नु जरूरी छ । ❑

# साहसका साथ जोखिममा हिँड्न देउवा अभ्यस्त हुनुहुन्छ भने...



श्रीकृष्ण अनिरूद्ध गौतम

प्रधानमन्त्रीबाट गिरिजाप्रसाद कोइरालाको बहिर्गमन र त्यो ठाउँमा शेरबहादुर देउवाको आगमन आफैंमा कुनै अस्वाभाविक घटना होइन । तर, कोइरालाविरूद्ध ओइरिएका प्रश्नहरू र तिनको समुचित उत्तरको अभावका कारण प्रधानमन्त्रीमा देउवाको आगमनलाई अस्वाभाविक रूपमा प्रस्तुत गरिएको छ । मैले यस घटना-विकासलाई अस्वाभाविक ठानेको छैन र यो होइन पनि । किनभने, यो सत्ताधारी नेपाली कांग्रेस पार्टीको नेतृत्व परिवर्तन मात्र हो । सरकारकै परिवर्तन अर्थात् सरकारको निरन्तरतामा आएको परिवर्तन होइन, केवल नेतृत्व-परिवर्तन हो । यसकारण, व्यक्ति कोइरालाको बहिर्गमनसँगै मुलुकका यावत् समस्याहरूको तत्काल निराकरण सम्भव छ भन्ने कुरामा मलाई पत्यार लागेको छैन । तर, प्रधानमन्त्री देउवाको सहमतिमूलक व्यक्तिगत कार्यशैलीका प्रभावस्वरूप नेपाल कम्युनिस्ट पार्टी (माओवादी)सित संवादको वातावरण बन्नसक्ने आशासम्म गर्न सकिन्छ । यसले गति लिन्छ, लिंदैन भन्ने कुरा कांग्रेस पार्टीको विचार र कार्यदिशामा निर्भर गर्छ । त्यसमा प्रधानमन्त्रीको सक्रियता मात्र पर्याप्त हुँदैन ।

निश्चय नै सरकार प्रमुखको समस्यालाई हेर्ने कोण र कार्यशैलीले निकासको मार्गप्रशस्त गर्न ठूलो मद्दत पुग्छ । तर, दलीय प्रणालीमा पार्टीको दृष्टिकोण र सम्पूर्ण विचार पक्षलाई



**कोइरालाविरूद्ध ओइरिएका प्रश्नहरू र तिनको समुचित उत्तरको अभावका कारण प्रधानमन्त्रीमा देउवाको आगमनलाई अस्वाभाविक रूपमा प्रस्तुत गरिएको छ**

एकातिर राखेर अर्कोतिर सरकारलाई स्वतन्त्र ठान्न मिल्दैन र त्यो सम्भव हुँदैन पनि । यसलाई दलीय प्रणालीमा निहित अङ्कुश अथवा नियन्त्रण जे भने पनि हुन्छ । सरकार पार्टीको म्यान्डेटभन्दा बाहिर जान सक्दैन । गयो भने टिक्दैन । शेरबहादुर देउवाको सरकार कांग्रेस सरकार भएकाले कांग्रेस पार्टीको प्रवृत्ति र प्रकृतिको प्रतिबिम्ब देउवामाथि पर्छौं पर्छ । यसर्थ, हामीले देउवा सरकारलाई पनि वर्तमान अवस्थामा कांग्रेसमा प्रभावी रहेका विचार, संस्कार र चरित्रकै आलोकमा हेर्नुपर्छ । माओवादी नेता प्रचण्डले झैं देउवालाई त्यसबाट छुट्टयाएर हेरियो भने त्यो विश्लेषण आधारभूत रूपमै त्रुटीपूर्ण हुनेछ । किनभने, यस पद्धतिमा सरकारको लगाम पार्टीका हातमा हुन्छ भन्ने कुरा त सामान्य-ज्ञानको अभाव नभएको जो कसैलाई पनि राम्ररी थाहा छ ।

हो, संसदीय पद्धति प्रकारान्तरले प्रधानमन्त्रीय पद्धति नै हो । अनि, प्रधानमन्त्रीको वैधता संसदीय दल र संसदीय दलको वैधताको निक्यौंल गर्ने निकाय भनेको पार्टी नै हो । प्रधानमन्त्रीले पार्टीलाई आफ्नो प्राथमिकतामा सहमत गराउन सकेमा मात्र पार्टी प्रधानमन्त्रीको मार्गमा अवरोध बन्दैन, सहयोगी बन्छ । देउवा सरकार, कस्तो सरकारको रूपमा चिनिने हो ? यसले माओवादीसित कुनै कार्यप्रधान सम्झौता गर्न सक्छ कि सक्दैन ? यी र यस्ता खालका प्रश्नको उत्तरका लागि सर्वप्रथम हामीले कांग्रेस नेताहरू र कांग्रेसपक्तिको भावभूमि, विश्वदृष्टि, सृजनात्मक क्षमता र वैचारिक ग्रहणशीलताको विवेचना गर्नैपर्छ । यसका साथै, पारस्परिक सद्भाव र दुर्भाव, स्नेह र वैरभावजस्ता व्यक्ति-व्यक्ति बीचका अन्तरसम्बन्ध पनि हेर्नैपर्छ । अनि, के पनि बुझ्नुपर्छ भने वैचारिक धरातलमा कांग्रेस विगतमा कहाँ थियो, आज कहाँ छ ? यसर्थ, मलाई यी सबै विषयहरूतिर आँखा चिम्लेर देउवाको कार्य-परिणामको आकलन असम्भव छ भन्ने नै लाग्छ ।

भन्न त धेरै विज्ञहरू कांग्रेस आफ्नो विचारमा प्रस्ट छ भन्छन् । तर, मलाई त्यस्तो लाग्दैन । बरू, कांग्रेस विचारमा प्रस्ट नभएकैले मुलुक अलमलिएको भन्नु ठीक हुन्छ । बहुदलीय प्रजातन्त्र, संसदीय व्यवस्था, संवैधानिक राजसंस्थाप्रति एकोहोरो प्रतिबद्धता जाहेर गर्दैमा विचार प्रस्ट भएको मानिदैन । यी त संविधानमै लेखिएका छन् । हुन त प्रजातन्त्र भनेकै बहुदलीय हुन्छ, एकदलीय अथवा निर्दलीय हुँदैन । प्रजातन्त्र अर्थात् लोकतन्त्रमै बहुदलीयता अन्तर्निहित हुन्छ । प्रजातन्त्रलाई न सिङ् चाहिन्छ न पुच्छर, यो आफैंमा पूर्ण हुन्छ । प्रजातन्त्र नैसर्गिक हो, अधिकार हो हाम्रो । यो कसैले दिनुपर्दैन, तर जनताले आफैं ल्याएको प्रजातन्त्र, जनतालाई नै राजाबाट दिइएको छ । म ठान्छु, यहाँनेर जनता अपमानित भएका छन् । हुकुम भएको कुरा पनि कहीं प्रजातन्त्र हुन्छ ? हुकुम र प्रजातन्त्र संसारमा कहीं पनि एकै ठाउँमा बस्दैनन् । तर, कांग्रेसले एउटा प्रजातान्त्रिक पार्टी भएर पनि यस अपमानलाई देखेर पनि नदेखे झैं गरेको थियो, छ । अनि, दुःखको कुरा के छ भने अरू संसदीय पार्टीहरूले समेत कांग्रेसकै शैलीको अनुमोदन गरेका छन् । वास्तवमा प्रजातान्त्रिक संविधान, जननिर्मित अर्थात् संविधान सभाले नै बनाएको हुनुपर्दथ्यो, हुनुपर्छ । यसमा दुई मत

**कहाँ छ आज नेपाली कांग्रेस ?**

हुन सक्दैन । त्यतिबेला त्यो हुन सकेनछ भइगो मानिलिउँ, तर कमसेकम संवत् २०४८ सालको पहिलो प्रतिनिधिसभाले संशोधन र अनुमोदन गरेर त्यसमा जनताको स्वामित्व स्थापित गर्नुपर्दथ्यो । त्यसो गर्न कसले रोकेको थियो ? कांग्रेसले पहल किन गरेन र आजसम्म पनि त्यो गल्ती किन सच्याइएको छैन ? त्यसैले कांग्रेस प्रजातन्त्रबारेका विचारमा समेत प्रस्ट छैन ।

अब कुरा गरौं संसदीय व्यवस्थाको । कांग्रेसले संसदीय व्यवस्थालाई निर्विकल्प ठानेको र मानेको छ । जबकि, कुनै पनि प्रजातान्त्रिक व्यवस्था निर्विकल्प हुनै सक्दैन, प्रजातन्त्रभित्रै त्यसका विकल्प हुन्छन् । संसदीय व्यवस्था शासन पद्धतिको एउटा प्रकार हो, जो मुख्यतः बेलायतमा छ, भारतमा छ, जापानमा छ । बेलायत र जापानमा संवैधानिक राजसंस्था भएकाले त्यहाँ संसदीय व्यवस्था नै उपयुक्त छ भनिएको छ । तर, भारत गणतन्त्र भएर पनि संसदीय व्यवस्था किन ? त्यो सरासर बेलायतको नक्कल थियो, हो । ब्रिटिस उपनिवेशको उधारो ! नेपालले भारत र बेलायतको नक्कल गरेको छ । कुरा यत्ति मात्र हो । नयाँ संविधान बनाउँदा नेपाली जनताको राय लिइएको थिएन । जनतालाई कस्तो प्रकारको व्यवस्था चाहिन्छ भनेर सोधिएको पनि थिएन । निश्चय नै प्रजातन्त्र अर्थात् जनतन्त्र त चाहिन्छ, यो सभ्य मानवका लागि अविभाज्य हो, स्वतन्त्रताजस्तै ! तर, शासनको प्रकार पनि प्रजातन्त्रमा कहीं माथिबाट लाद्न पाइन्छ ? अनि, माथिबाट लादिएको व्यवस्था प्रजातन्त्र कसरी हुन्छ ?


संसद्द्वारा प्रधानमन्त्री चुन्नुसट्टा जनताद्वारा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री झन् बढी प्रजातान्त्रिक हुन्छ । त्यस्तो प्रधानमन्त्री जनताप्रति सोझै उत्तरदायी हुन्छ र जनताप्रति प्रत्यक्ष उत्तरदायी पद्धति नै वास्तविक प्रजातन्त्र हो । ठीक छ, विधायिका त राख्नैपर्छ, तर विधायिका अर्थात् संसद्ले प्रधानमन्त्री बनाउने सिस्टम खारेज गर्न सकिन्छ । विधायिकालाई साँच्चीकैं व्यवस्थापिका बनाउन सकिन्छ, के त्यसो गरे हुँदैन ? म यस विषयमा यहाँ धेरै विस्तारमा जान चाहन्न, किनभने यसले धेरै लामो ठाउँ लिन्छ, जो अहिले सम्भव छैन । तर, मैले यहाँ यो चर्चा गर्नुको तात्पर्य कांग्रेसको संसदीय व्यवस्था निर्विकल्प हो भन्ने कथनको खण्डन गर्न नै हो, यद्यपि अपवाद हुनुहुन्छ, कांग्रेसकै केन्द्रीय सदस्य नरहरि आचार्य, जो यस विचारसित सहमत हुनुहुन्छ । उहाँले यस विषयमा प्रशस्त चिन्तन गर्नुभएको छ तर कांग्रेसका कतिपय जड तर स्थापित नेताहरूले आचार्यको खुलेरै विरोध गरेका छन् । मैले सारमा के भन्न खोजेको हुँ भने, वास्तवमा कांग्रेसको संसदीय व्यवस्था निर्विकल्प हो भन्ने कुरा जबर्जस्ती हो, झूट हो । प्रजातन्त्रभित्रै यसका विकल्प छन् । खोज्न सक्नुपर्छ । देख्न सक्नुपर्छ ।

त्यस्तै, संवैधानिक राजसंस्थाको कुरा छ । कांग्रेसको असार ६ गतेको केन्द्रीय कार्यसमितिको बैठकमा राजसंस्थालाई पारदर्शी र मर्यादित बनाउने विषयमा छलफल भयो, निर्णय भयो । तर, त्यसको पन्ध्र दिनपछि असार २२ गते कांग्रेस महामन्त्री सुशील कोइरालाले त्यसलाई निस्तेज पार्ने वक्तव्य दिनुभयो । त्यसको केही दिनपछि कांग्रेस केन्द्रीय कार्यालयबाट पुनः असार ६ गतेकै निर्णय सदर भन्ने आशयको वक्तव्य आयो । तर, महामन्त्री यथावत् हुनुहुन्छ, उहाँसँग झूटको खेती गरेकोमा स्पष्टीकरण मागिएको छैन र अनुशासनको कारबाही पनि गरिएको छैन । यी यावत् विषयबाट के देखिन्छ भने, आज कांग्रेसलाई विचारद्वारा डोऱ्याइएको छैन । विचारद्वारा नडोऱ्याइएको समूह व्यक्तिको सनक र लहडमा चल्छ । अनि त्यस्तो समूहको नेतृत्व कुनै पनि समयमा प्रतिगमनतर्फ उन्मुख हुनसक्छ ।

यसर्थ, प्रधानमन्त्री देउवाको मार्ग अत्यन्त जोखिमले भरिएको छ । अर्थात् जबसम्म उहाँको पार्टी यथास्थितिमा जकडिएर रहिरहन्छ, तबसम्म कुनै प्रधानमन्त्री स्थिर रहन सक्दैन र स्थिरताको अभावमा लक्ष्य पनि प्रस्ट हुँदैन । त्यो चाहे माओवादीसँग संवादको सन्दर्भ होस् अथवा सर्वदलीय न्यूनतम समझदारीको कुरा, कुनै पनि कार्य सुस्थिरतापूर्वक अघि बढ्न असाध्यै मुश्किल छ । यस अवस्था र परिस्थितिमा मुलुकले कुन दिशा लिने हो, आकलन गर्न सकिँदैन । अर्थात् देउवा साहसका साथ अँध्यारोमा हिँड्न कति अभ्यस्त हुनुहुन्छ, सफलता र विफलता त्यसैमा निर्भर गर्छ । अँध्यारोमा हिँड्न अभ्यस्त हुनुहुन्छ भने आशा गरौं, उहाँ सफल हुनुहुनेछ । तर, हुनुहुन्न भने, उहाँको यात्रा कति सुरक्षित छ– त्यसको कल्पना अहिले नै गर्न सकिन्छ । अर्थात् सत्ताधारी पार्टीको विचार र कार्यदिशा प्रस्ट भए मात्र सरकारले सार्थक प्रतिफल दिनसक्छ । तर, त्यसका लागि हुनुपर्छ, कांग्रेसको क्रान्तिकारी लोकतान्त्रिक अभिमुखीकरण अनि त्यसैबाट ऊर्जा लिएर पार्टी-संगठन र सरकारको परिचालन गर्नुपर्छ । नगरे सबै कार्य पुरानै शैलीमा हुनेछन् । अनि, पुरानो शैलीको दुर्दशा हामी सबैले देखिसकेका छौं । ❑



नरहरि आचार्य



सुशील कोइराला

**राजसंस्थालाई पारदर्शी र मर्यादित बनाउने विषयमा निर्णय भयो । तर त्यसको पन्ध्र दिनपछि असार २२ गते कांग्रेस महामन्त्री सुशील कोइरालाले त्यसलाई निस्तेज पार्ने वक्तव्य दिनुभयो ।**

## रूसी अर्थतन्त्र पुनः मन्दीतिर

विश्वमा तेलको भाउ र ग्याँसको मूल्य चौपट्टै बढ्नाले उकासिएको रूसको अर्थतन्त्र पुनः १९९८ मा जस्तै भयावह मन्दीको शिकार हुने छाँटकाँट देखिएको छ ।

गएको साल, अर्थात् सन् २००० मा ७.६ प्रतिशतका दरले रूसमा आर्थिक बृद्धि भएको थियो । परन्तु, रूसी सरकार भन्दैछ– यो वर्ष आर्थिक बृद्धिदर त्यसको आधा मात्र हुनेछ । त्यसमाथि गएको महिनामा महँगी एक्कासी ह्वात्तै चुलियो र २५ प्रतिशत पुग्यो ।

पेरीस क्लबको नाममा चिनिने पश्चिमा सरकारहरूको साहूकार संस्थालाई रूसले तिर्नुपर्ने विदेशी ऋण मात्रै अहिले ४८ अरब अमेरिकी डलर पुगेको छ, जसमध्ये अधिकांश ऋण सोभियतकालीन ऋण हो । सन् २००१ मा रूसले पेरीस क्लबलाई यो ऋणमध्यें ३.५ अरब डलर तिर्नुपर्ने बचनबद्धता थियो । तर रूसी सरकारले भने २००१ को बजेटमा १.२४ अरब डलर मात्र छुट्याएको छ । ऋण तिर्न रूसले गरिहेको आनाकानीले पश्चिमा साहूकार सरकारहरूको रिसको पारो निकै बढाएको छ । उनीहरूबीच टकराव चर्केको छ । रूसी राष्ट्रपति भ्लादीमीर पुटीनले उनीहरूलाई आश्वस्त पार्न सम्पूर्ण ऋण तिर्ने बचन त दिएका छन्, तर व्यवहारमा भने तिरिरहेका छैनन् ।

त्यसो त रूससित अहिले पैसैको खाँचो भने थिएन । पेट्रोलियम पदार्थको मूल्यमा गत साल काफी बृद्धि भएकोले उसको ब्यापारिक बचत अहिले ६१ अरब डलर पुगेको छ । उसँग अहिले २५.९ अरब डलरको विदेशी मुद्राको सञ्चिति छ, जुन गत वर्षसम्म ११.५ अरब डलर मात्र थियो ।

परन्तु रूसलाई मन्दीतिर लैजाने कारक-तत्व उसको निर्यातयोग्य वस्तुको संरचना भएको छ । रूसको विदेशी मुद्रा कमाउने मुख्य वस्तुहरूमा दैनिक उपभोगका तैयारी मालहरू ज्यादै कम छन्, कच्चा पदार्थहरू निकै ज्यादा छन्, जस्तो तेल र ग्याँस । तैयारी मालमा विदेशी मुद्रा कमाउने मुख्य वस्तु हात-हतियार र भोड्काको निर्यात भएको छ । अहिले विश्व बजारमा तेल, ग्याँस र अन्य कच्चा पदार्थको मूल्यमा काफी गिरावट आएको छ । यही गिरावट नै रूसी अर्थतन्त्रको बर्बादीको मुख्य कारण बन्न लाग्दैछ । ❑

# लाखमा एक कृष्णप्रसाद पन्त

– खगेन्द्र संग्रौला –

*उनले आफ्ना आँखा आँखा अस्पताललाई दान गरे, आफ्नो शरीर शिक्षण अस्पताललाई । अन्धविश्वास, लोभ र त्रासको चक्रव्यूहजस्तो कुहिगन्धे कर्मकाण्डप्रति उनको तिरस्कार कति चर्को !*



प्रबुद्ध र प्रतिष्ठित कानूनविद् कृष्णप्रसाद पन्तले गरेको अङ्ग दानको समाचार पढ्दा मेरो मनमा एकसाथ दुईथरि अनुभूति उत्पन्न भए । एकातिर मेरो आङ सिरिङ्ग भयो,अर्कातिर मेरो शिर श्रद्धाले झुक्यो । उनले आफ्ना आँखा आँखा अस्पताललाई दान गरे, आफ्नो शरीर शिक्षण अस्पताललाई । दानवीर पन्तको हृदय कति विशाल ! बाँचिरहेका मानिसहरूप्रति उनको प्रेम कति गहिरो ! अन्धविश्वास, लोभ र त्रासको चक्रव्यूहजस्तो कुहिगन्धे कर्मकाण्डप्रति उनको तिरस्कार कति चर्को ! अनि आफ्नो मानवतावादी विश्वासप्रति उनको निष्ठा कति अटल !


अब जीवनको अन्तिम दिन नजिक आउँदैछ भन्ने कुराको पूर्वाभाष हुनासाथ कृष्णप्रसाद पन्तले आफ्ना लागि उपयोगिता सकिएर शेष रहने आफ्नो भौतिक शरीर कसैलाई काम लाग्दा कि भनी गम खाए । आर्यघाटमा लगेर जलायो, खरानी भएर शव स्वाहा भइहाल्छ । शवलाई खरानी पार्नुभन्दा त चिकित्साशास्त्रका विद्यार्थीहरूलाई काम लाग्ने गरी शिक्षण अस्पताललाई दान दिनु राम्रो होइन र ? विद्यार्थीहरूले त्यस शवका अङ्ग-प्रत्यङ्गहरूको चिरफार गरी मानव शरीर रचनाबारे जानकारी प्राप्त गर्लान् । त्यो जानकारी बाँचेकाहरूको स्वास्थ्योपचार गर्न, तिनीहरूलाई रोगमुक्त बनाउन र तिनीहरूको जीवनलाई स्वस्थ, सुखी र सार्थक बनाउन सहायक होला । अनि आँखा अस्पताललाई आँखादान दिए, आँखा बिग्रेर संसार अँध्यारो भएको कोही एकजनाको संसार उज्यालो होला । खरानी भएर सकिने आँखा लगाउन पाउँदा उसको कत्रो उद्धार होला ! हो, बाँचेकाहरूलाई काम लाग्ने चीजहरू खरानी बनाउनुभन्दा त तिनलाई दान दिनु नै कता हो कता राम्रो ! पन्तले त्यसै गर्ने अठोट गरे र उनले आफ्नो अठोटलाई साकार रूप दिएरै छाडे । आँखा आँखा अस्पताललाई, शरीर शिक्षण अस्पताललाई ।

कृष्णप्रसाद पन्तको दयावान् दृष्टि, अपार उदारता र अदम्य इच्छाशक्तिको भारी प्रशंसा गर्दाको क्षणमा मैले आफूलाई सोधें– के पन्तका पवित्र पाइला पछ्याउँदै म मृत्युपछि त्यसरी आफ्ना अङ्ग दान गर्न सकुँला ? अहँ, 'सक्छु' भन्ने उत्तर मैले पाइनँ । मलाई त्यो बेला गोपाल योञ्जनको एउटा गीतको "लासमाथि पनि माया बाँचिरहेको हुन्छ" भन्ने हरफको सम्झना भयो । हो, त्यो सत्य हो । मानिसमा तर्कमाथि टेकेर उभिएको विचार मात्र हुँदैन, कोमल भावना पनि हुन्छ । मानिसमा उसका प्रियजनहरूप्रति मात्र होइन, आफैंप्रति पनि करूणाभाव हुन्छ । त्यसैले पन्तले झैं बाँचेकाहरूले चिरफार गरी आफ्ना अङ्ग-प्रत्यङ्गहरूलाई उपयोगमा ल्याउन सकून् भनेर शरीर दानगर्दा मानिसलाई आफ्नो शरीरप्रति आफैले अन्याय गरेजस्तो, आफैंप्रति आफूले बडो क्रूर व्यवहार गरेजस्तो अनुभूति हुन्छ ।

फेरि आफ्ना प्रियजनहरूप्रतिको करूणाभाव त यस्तो दान गर्ने काममा झन् बढी बाधक हुन्छ । "लासमाथि पनि माया बाँचिरहेको हुन्छ" भनेझैं बाँचेका प्रियजनहरूलासलाई दुख्ला कि, कतै मर्का पो पर्ला कि भनी त्यसलाई बडो जतनसँग सम्हाल्छन् । तिनले औधी संवेनदशील भई उसको लाज ढाकिदिन्छन् । यो शवको सम्मान गर्ने मानवीय प्रवृत्ति हो । यो सभ्यता हो । चलिआएको रीत अनुसार आफन्तको शवलाई जलाउँदा वा गाड्दा आफ्नो अन्तिम कर्तव्य पूरा भयो भनी बाँचेकाहरूलाई सन्तोषको अनुभूति हुन्छ । तर शरीर अस्पताललाई दान गर्दा भने चिरफार गर्दा उसलाई दुख्ला कि, उसका संवेदनशील अङ्गहरूको मर्यादा नराखिएला कि भन्ने चस्को आफन्तहरूका मनमा धेरै पछिसम्म रहिरहन सक्छ । त्यसैले कृष्णप्रसाद पन्तले झैं शरीर दान गर्नु एउटा कठोर निर्णय हो, एउटा विद्रोह हो । जो मानव जातिप्रति उदार र आफूप्रति कठोर छैन उसले यस्तो अठोट गर्न सक्दैन । जसमा प्रचलित कर्मकाण्डीय संस्कारप्रति घोर अविश्वास र आफ्न सहमानवहरूप्रति कृतज्ञता र कल्याणको उच्च भावना छ उसैले मात्र आफूप्रति यति कठोर निर्णय गर्नसक्छ । जसले यसो गर्नसक्छ ऊ महान् व्यक्तित्व हो । हो, यस्तै महान व्यक्तित्व हुन्, कृष्णप्रसाद पन्त ।

परम्परागत नेपाली संस्कृतिमा "मरेपछि डुमै राजा" भन्ने एउटा उखान छ । यस उखानले मानिसको चरम् स्वार्थी र बैगुनी भावनालाई झल्काउँछ । त्यति मात्र होइन, यसबाट दलित मानवहरूलाई होच्याउने र आफ्नो कथित उच्च जातको अहंकार गर्ने तुच्छ भावना पनि प्रकट हुन आउँछ । वर्ग भेद, जात भेद र लिङ्ग भेदका परपीडक रोगहरूबाट ग्रस्त भएको हाम्रो समाजको मूलधारको अमानवीय संस्कृति यस्तै आत्मकेन्द्रित अहंकार र स्वार्थीपनाबाट नियन्त्रित र संचालित छ । कथित उच्च जातका शवहरूलाई कथित नीचा जातका मानिसहरूले छोएको खण्डमा त्यस शवको जात जान्छ भन्ने हिन्दू कर्मकाण्डको जातवादी विश्वासका गालामा कृष्णप्रसाद पन्तले दरो झापट दिएका छन् । अब चिकित्साशास्त्रका अरू जातका विद्यार्थीहरू सँसँगै दलित विद्यार्थीहरूले पनि पन्तको शरीरको चिरफार गरी ज्ञान आर्जन गर्लान् । बाहुन पन्तको शव बिटुलो भयो भनी हाम्रा जातवादी हिन्दू पुरेतहरू छोइछिटो हालेर चोख्याउन दिनका दिन शिक्षणअस्पताल धाउने पो हुन् कि ! अनि संयोगबश पन्तका आँखा कुनै दलितले लाउन पायो भने हाम्रा शुद्धतावादी बाजेहरूले जातवादी धर्म थाम्न के उद्योग गर्लान् ? क्या आपत् हकि !

कृष्णप्रसाद पन्तलाई मृत्युपछि गरिने स्वाँगे संस्कारमा एकरत्ती विश्वास थिएन । फेरि, शव दान गरिसकेपछि ढिकुरो र पिण्डपानी, गरूड पुराण र शैय्या दानको के





*कानूनविद् पन्तको लाश/अस्पतालमा लाश बुझाइँदै गर्दा चिकित्सकहरू र परिवारजनहरूको जमघट*

अर्थ ? त्यो त बरू आफ्नो दानको उपहास मात्र हो । तैपनि रूढीवादी समाजले आफ्नो परिवारका प्रिय जनहरूलाई घेरेर काजक्रिया गर्न कर लगाउन नपाउन् भन्ने विचारले पन्तले पहिलेनै आफ्नो टुप्पी काटेर त्यस टुप्पीमा भुण्डिएको हिन्दुत्वलाई उडाइदिए । हिन्दूवादी रूढीका दृष्टिमा टुप्पी काटेपछि चोखो भनाउँदो बाहुन बिटुलो सन्यासी बन्छ । सन्यासीको हिन्दू कर्मकाण्ड वमोजिम काजक्रिया गर्न मिल्दैन । चाखलाग्दो हकि ? पन्तको टुप्पीसँगै हिन्दू कर्मकाण्ड पनि परमधाम भयो !

विद्वान् कहलिएका कतिपय मानिसहरू सिद्धान्तका कुरा गर्दा आफूलाई खूबै क्रान्तिकारीरूपमा प्रस्तुत गर्न रूचाउँछन् । उनीहरू मुखले चाहिं लौकिक जीवनलाई औधी माया गर्ने भर्रा भौतिकवादी भइटोपल्छन् । मानिसको न पूर्वजन्म थियो न पुनर्जन्म नै हुन्छ, त्यसकारण यही एकबारको जुनीलाई सुन्दर र सुखी बनाउन हामीले सक्दो कोशिश गर्नुपर्छ भनी उनीहरू हामीलाई मीठामीठा अर्ती दिन्छन् । तिनले आफ्ना तर्कलाई टेवा दिन मार्क्स वा माओका कथनहरू पनि अघि सार्न भ्याइहाल्छन् । तर हाम्रो रीतिथिति र संस्कृतिमा क्यान्सरजस्तो घातक रोगका रूपमा रहेका कर्मकाण्डका रूढीहरूमा सुधार र परिवर्तन ल्याउने कुरा उठ्यो कि यिनीहरूका मुखबाट कुनै भूमिगत पुरेत बोल्न थालिहाल्छ । जनता भड्किन्छन्, जनताले पचाउन सक्दैनन्, एक्लो परिन्छ,बिस्तार-बिस्तारै आदि इत्यादि तर्क झिकेर सुधार र परिवर्तनका हरेक प्रयास र प्रकरणलाई तिनले नकार्छन् र निस्तेज तुल्याउँछन् । समाजको शिरमा बोझ भई प्रगतिको बाटोका तगारा भएका सांस्कृतिक रूढीबूढीहरू विरूद्ध विद्रोह गर्न खोज्ने व्यक्तिहरूलाई तिनले 'उग्रवादी,' 'एक्लो वीर' जस्ता फत्तुर लगाउँछन् । यस्ता विद्वान्हरू वास्तवमा मुखले प्रगतिवादी कामले रूढीवादी, मुखले परिवर्तनवादी कामले यथास्थितिवादी हुन् ।

नयाँ विचार, नयाँ विश्वास र नयाँ आचरण एक्कैचोटि धेरै मानिसहरूबाट शुरू हुँदैनन् । प्रचलित विचार, विश्वास र आचरणमा प्रश्न गर्ने, सन्देह गर्ने र तिनबारे तर्क गर्न थाल्ने मानिस शुरूमा कोही एकजना त हुन्छ । विशेष परिस्थितिमा विशेषप्रकारको बाँदर पुर्खाबाट मानिसको विकास भएको हो भनी मानिसको सृष्टि कुनै अलौकिक, अगोचर र निराकार ईश्वरबाट भएको हो भन्ने धारणालाई हाँक दिने चार्ल्स डार्बिन एकैजना थिए । खगोलशास्त्रको अध्ययन र अन्वेषण गरी पृथ्वी सूर्यको वरिपरि घुम्छ भनी सूर्य पृथ्वीको वरिपरि घुम्छ भन्ने परम्परागत विश्वासलाई चुनौती दिने ग्यालिलियो एकैजना त थिए । चार्ल्स डार्बिन विद्रोही मानवतावादी थिए र त्यसैगरी ग्यालिलियो पनि । तिनले जीवन र जगत्को वास्तविकतालाई बुझ्ने दृष्टिकोणमा ठूलै उथलपुथल ल्याइदिए । रूढीवादी विचार र विश्वासका लास बोकेर हिंडिरहेका परम्परागत समाजहरूले डार्बिन र ग्यालिलियोलाई 'अधर्मी', 'पापी','बौलाहा' भनेर कति निन्दा गरेका थिए कति ! तर अघिअघि धेरैले बटुलेका अपुरा ज्ञान र अनुभवहरूलाई मथेर एकएकजनाले खोजी गरेका ती सत्यहरू समयको क्रममा समाजमा पिंजिंदै र विजयी हुँदै आएका छैनन् र ?

हो, कृष्णप्रसाद पन्त यही विद्रोही परम्पराका एक साहसी सन्तान हुन् । धार्मिक र सांस्कृतिक कारणले गर्दा अस्पतालमा अध्ययन, प्रयोग र परीक्षण गर्नका लागि नभईनहुने शव कति दुर्लभ हुन्छ त्यस कथाभित्रको व्यथा त चिकित्साशास्त्रका गुरू-गुरूआमाहरूलाई नै थाहा छ । त्यसैले त ती गुरू-गुरूआमाहरू आफ्नाचेला-चेलीहरूलाई सम्झाउँदै भन्ने गर्छन् – "यो शव तिमीहरूको गुरू हो, यसलाई सधैं आदर गर !"

कृष्णप्रसाद पन्त जीवनकालमा कानूनविद्का रूपमा आदरणीय थिए । मृत्युपछि उनको शव पनि त्यत्तिकै आदरणीय भएको छ । आफू मरेर जाँदा बाँचेकाहरूको कल्याणको कामना गर्दै तिनलाई आफ्नो शव उपहार दिने कृष्णप्रसाद पन्त हामी सबैका गुरू हुन् । पन्तका सांस्कृतिक मूल्यहरूले हामीलाई उपदेश दिइरहेका छन्– पाखण्डी विद्वान् र स्वाँगे क्रान्तिकारीहरू हो ! मलाई हेर र जीवनको स्यानै भए पनि एउटा मूल्यवान् पाठ सिक । धन्य हुन् लाखमा एक कृष्णप्रसाद पन्त ! ❑


प्रख्यात साहित्यकार
खगेन्द्र संग्रौलाको
नयाँ पुस्तक

इतिहासमा कालो पोतिएको अनुहार

- भतिज दीपेन्द्र ! मलाई माफ गर
- तिम्रा कन्नापछाडि दीपेन्द्र ! तिम्रो नाउँमा उल्कै गरे
- गणेशपन्थी गण, गणपति र तानाशाही
- कोचिंङ क्लासका सरकारी उत्तरहरु शंकाको घेरामा
- के कांग्रेस र एमाले पनि अब स्वर्गवासी ?
- राजगद्दी उत्तराधिकारीबारे उठेको सामयिक प्रश्न
- मैले देखेको दु:खद सपना
- काट्टो, जदौ र जो हुकुम सरकार !
- दन्त्य कथाको आदिम देशमा फिलिम रिहर्सलको झाँकी
- कविता
  - नाम नखुलेको एउटा उत्तर
  - बालक र सत्य




साउन १५ गतेदेखि बजारमा उपलब्ध छ !

नारायणहिटी हत्याकाण्डबारे लिखित रोचक, ज्ञानबर्द्धक र विचारोत्तेजक रचनाहरूको संगालो

मूल्य रू. ५०/-

प्रकाशक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.

*भारतको सिंगो कम्युनिष्ट आन्दोलन मोटामोटी रुपमा दुईवटा धारमा विभाजित छ र पहिले सशस्त्र संघर्षको धार बोकिरहेको नक्सलवादी आन्दोलनको हालत पनि अहिले त्यही भएको छ । सिंगो कम्युनिष्ट आन्दोलन र नक्सलवादी आन्दोलनमा एउटा धारको प्रतिनिधित्व भाकपा, माकपा र भाकपा (माले) - लिवरेशन आदिले गरिरहेका छन् । उनीहरुले मूलतः संसदीय राजनीति, जन-संगठन, सडक-संघर्षमार्फत् व्यापक जनआन्दोलन उठाएर क्रान्तिकारी परिवर्तनतिर अगाडि बढ्ने घोषणा गरिरहेका छन् । ती घोषणाहरु कति सफलीभूत भइरहेका छन्, त्यो अर्कै अध्ययन-अनुसन्धानको विषय हो ।*

*अर्को धारको प्रतिनिधित्व गरिरहेका भाकपा (माले)- पिपुल्स वार ग्रुपलगायत माओवादी कम्युनिष्ट केन्द्र (एम.सी.सी.), न्यू डेमोक्रेसी, जनशक्ति आदि नक्सलवादी पार्टीहरुले संसदीय राजनीतिलाई तिलाञ्जलि दिएर सशस्त्र संघर्ष गरिरहेका छन् । यहाँ मूलतः पिपुल्स वार ग्रुपको जनयुद्ध, त्यसका रणनीति र कार्यनीतिहरुबारे उठेका ठूल-ठूला प्रश्नचिन्हहरुमाथि छलफल केन्द्रित गर्ने जमर्को गरिरहेको छु ।*

यो ग्रुपको राजनीतिक चिन्तन र व्यवहारका बारे, यसको जनयुद्धका रणनीति र कार्यनीतिहरूबारे अहिले यो ग्रुप निकटका बुद्धिजीवी र मानवअधिकारवादी लगायत समाजशास्त्रीहरूलेसमेत महत्वपूर्ण प्रश्नहरू उठाउन थालेका छन्, जुन नेपालको सन्दर्भमा पनि विचारणीय छ ।

### *अन्ध नक्कल*

विश्वभरिकै कम्युनिष्ट आन्दोलनका भयानक रोगहरू हुन्- अन्ध नक्कल गर्ने र सिर्जनशीलताको नाममा जनमुक्तिका आधारभूत पक्षहरूबाटै पलायन हुने प्रवृत्ति । भारतको पिपुल्स वार ग्रुपमाथि पनि महान् नेता माओको नेतृत्वमा भएको चिनियाँ क्रान्तिको अन्ध नक्कल गरेको आरोप लागिरहेको छ ।

माओले चीनको विशिष्ट स्थितिमा जनवादी क्रान्तिको नेतृत्व गर्ने क्रममा भन्नुभएको थियो- 'सशस्त्र संघर्ष नै सर्वोपरी हुन्छ, अरू बाँकी गतिविधिहरू त्यसकै पूरक कार्यहरू हुन् ।'

चिनियाँ क्रान्तिको विशेष चरण तथा आफ्नै विशिष्ट समय र स्थितिमा व्यक्त विचारलाई नै यो ग्रुपले भारतमा मन्त्रको रूपमा जपिरहेको छ भन्ने





# जनयुद्धको नाममा 'दस्तायुद्ध'

- राजेन्द्र महर्जन -

भारतका वाम बौद्धिकहरूले उठाइरहेको प्रश्न के हो भने, दलमहरूको हिंसात्मक कारवाहीमार्फत् मात्रै भारतमा सामाजिक, राजनैतिक, आर्थिक परिवर्तन ल्याउन सकिन्छ त ? यदि यो संभावना छ भनेर स्वीकार्ने हो भने सशस्त्र संघर्ष गरिरहेको यो ग्रुप २०-३० वर्षभित्रमा त भारतको सबैभन्दा ठूलो क्रान्तिकारी कम्युनिष्ट पार्टी भइसक्नु पर्ने हो । अहिलेसम्ममा यसको सैन्य-आधार धेरै नै विस्तृत भइसक्नुपर्ने हो । त्यस्तो स्थितिमा क्रान्तिकारी र प्रतिक्रियावादीहरूबीच घमासान युद्ध चलिरहेको हुनुपर्ने हो । तर बिडम्बनाको कुरो, ती अपेक्षित कुराहरू कुनै पनि साकार भएको वास्तविकता देख्न पाइँदैन ।

कटु वास्तविकता के हो भने २०-३० वर्षको अन्तरालमा पनि यो ग्रुप आफ्ना खास-खास आधार क्षेत्रभन्दा बाहिर फैलिन सकेको छैन, पार्टी यूनिटीसँग एकीकरण नगरेको भए बिहारमा यसको उपस्थिति नगन्य नै थियो । आन्ध्र प्रदेशको सबैभन्दा

**पिपुल्स वार ग्रुप**को नामबाटै थाहा हुन्छ : यो समूह जनयुद्धमा मात्रै विश्वास गर्छ, संसदीय प्रणाली र त्यहाँभित्र हुने संघर्षप्रति यसको पटक्कै आस्था छैन । यो ग्रुप न त चुनाव लड्छ, न त चुनाव उपयोग गर्ने कम्युनिष्ट पार्टीहरूसँग कुनै पनि किसिमको एकताको पक्ष लिन्छ ।

यो ग्रुप सशस्त्र संघर्षलाई आफ्ना सम्पूर्ण राजनैतिक गतिविधिहरूमध्ये सर्वोपरी मान्छ । र, बिस्तारै-बिस्तारै सैन्य आधार बढाएर, गाउँबाट शहर घेर्दै क्रान्ति सम्पन्न गर्न यो ग्रुप क्रियाशील छ । अर्थात्, सशस्त्र क्रान्तिमार्फत् देश र जनताको मुक्ति गर्ने सपनासहित यो ग्रुप क्रियाशील छ । विगत ३ दशकदेखि क्रियाशील आरोप यसमाथि लागिरहेको छ । प्रश्न के उठिरहेको छ भने, भारतको वर्तमान समय र स्थिति चीनको तत्कालीन समय र परिस्थितिबीच कुनै भिन्नता छैन ? भारतमा पनि चीनमा माओले अवलम्बन गरेकै रणनीति र कार्यनीति हूबहू लागू गर्न सकिन्छ ?

निश्चित रूपमा फरक-फरक देशको परिस्थिति भिन्न-भिन्न नै हुन्छ । र, भिन्न-भिन्न परिस्थिति-अनुरूप प्रत्येक देशका जनआन्दोलनका आयामहरू पनि फरक-फरक नै हुन्छन् । संघर्षका सामान्य र सिर्जनात्मक रूपहरू अपनाउने कार्यमा ती देशका कम्युनिष्टहरू आफैं सिर्जनशील हुनुपर्छ र जनमुक्तिको दीर्घकालीन लक्ष्यअनुरूप आफ्नै खालका रणनीति, र कार्यनीतिहरूको विकास गर्नुपर्ने हुन्छ । - यो विश्वकै कम्युनिष्ट आन्दोलनले सिकाएको पाठ हो ।

तर भारतमा 'यो ग्रुपले माओकै क्रान्तिको 'फोटोकपी क्रान्ति' गर्न अनेकौं अन्ध नक्कलहरू गरिरहेका छन् । नक्कल गर्नसमेत अक्कल चाहिन्छ भने क्रान्तिको सिर्जना गर्न कति हदसम्म आलोचनात्मक विवेकले सुसज्जित हुनुपर्छ होला ? - यो पक्षमा ध्यान नगएकै कारणले यो ग्रुपले अहिले हतियारबन्द दस्ताहरू (दलमहरू)का कारवाहीहरूमार्फत् मात्रै भारतमा क्रान्तिको सपना देखिरहेको छ ।

## के पिपुल्स वार ग्रुप सैनिक पार्टीमा फेरिंदैछ ?

# भारतको माओवादी पार्टीको जनयुद्धको कथा

पिछडिएको दुर्गम क्षेत्र तेलंगानाका अलावा महाराष्ट्रको विदर्भ, मध्यप्रदेशको वस्तर, काँकेर, दाँतेवाडा अनि विहार र आन्ध्र प्रदेशसँग जोडिएको उडिसाका केही भू-भागभन्दा बाहिर यसको कुनै हैसियत छैन । र, जुन जुन इलाकाहरूमा यो सक्रिय छ, त्यहाँ त्यहाँ पनि यसको उपस्थिति हतियारबन्द दस्ताहरूका हिंसात्मक गतिविधिहरू भएमा मात्रै महसूस हुन्छ । अन्य जनआन्दोलनहरूमा यसको उपस्थितिको आभाष पाउन नै गाह्रो छ । न त यस ग्रुपका दलमहरूको हिंसात्मक संघर्षको कारणले भारतमा अति वाम आन्दोलनकै विकास भइरहेको छ भन्न नै सजिलो छ । वास्तवमा, अति वाम आन्दोलन देशभरि चर्किएको मात्रै भए यसका अन्ध नक्कल गर्नेजस्ता चिन्तनगत समस्याहरूबारे शायद कमैले मात्रै औंलो उठाउँथे होलान् !

## *दस्ता युद्धमा सीमित जनयुद्ध*

जेहोस्, पिपुल्स वार ग्रुप माओको नेतृत्वमा सम्पन्न चिनियाँ क्रान्तिको अन्ध नक्कल गर्दागर्दै अहिले गहिरो दुष्चक्रमा फस्न थालेको आभाष आउन थालेको छ, त्यो दुष्चक्र हो: 'दस्ता युद्ध' (स्क्वायड वार) । सशस्त्र दस्ताहरूको हिंसात्मक आक्रमणद्वारा भारतमा क्रान्ति सम्पन्न गर्न सकिन्छ भन्ने मान्यता बोकिरहेको यो ग्रुपको आधार भएका क्षेत्रहरूमा अहिले एक खालको 'दस्ता युद्ध' चलिरहेको छ ।


'दस्ता युद्ध'को क्रममा प्रहरी र सेनामाथि आक्रमण गर्ने, सत्तासीन पार्टीका नेता, मन्त्री र कार्यकर्ताहरूलाई मार्ने कार्यमा यसका दलमहरू अत्यधिक क्रियाशील देखिन्छन् । यसका साथै प्रहरी चौकीदेखि बैंक र सहकारी भवनहरू बमले उडाउने, बसहरू जलाउने, मूर्ति र शालिकहरूमाथि बम प्रहार गर्ने, सरकारी सम्पत्तिहरू नष्ट गर्ने काममा दलमहरूको विशेष रूचि र दक्षता देखिएको छ । र, अन्धाधुन्ध हत्या गर्ने हत्यालाई नै सबै रोगको सर्वोत्तम उपचार ठान्ने, रोगका किटाणुहरूलाई मार्नका लागि अभियान चलाउनुको सट्टा रोगीहरूलाई नै मार्नेजस्ता दुष्कर्महरू पनि यसका दलमहरूबाट भएका छन्, जस्तो, चोरी गर्ने, दलाली गर्ने, बलात्कार गर्नेहरूको निर्मम हत्या । दुईचार पैसाको लोभ र हातमुखको चारो जोड्ने बाध्यतावश पुलिस भएका, पुलिसका सूचनाबाहक बनेका व्यक्तिहरूलाई आँखा चिम्लेर मार्ने वा नाक, कान, हातखुट्टा काट्नेजस्ता मध्ययुगीन यातनालाई नै यसका दलमहरूले आफ्नो पहिचान बनाउन थालेका छन् ।

'जनअदालत' आयोजना गरेर अविवेकपूर्ण ढंगले सजायँ दिने, हरेक राजनीतिक विरोधीलाई पुलिसको दलाल ठानेर कारवाही गर्ने पक्षमा पनि यसका दलमहरूको सक्रियता डरलाग्दो ढंगले देखिएको छ । दलमहरूमा ब्याप्त आर्थिक अराजकता र जनताप्रतिको कठोर व्यवहार पनि दस्ता युद्धमै जोडिएपछि यो युद्ध बेसी नै आलोचित हुनथालेको देखिन्छ ।

फरक मत राख्नेहरूप्रति दलमहरूले गर्ने अमानवीय ब्यवहारले यो ग्रुपमा असहिष्णु चिन्तनको विकास भइरहेको संकेत दिइरहेको छ । फरक विचार राख्न पाउने मौलिक अधिकारलाई समेत चुनौती दिंदै दलमहरूले विपक्षी पार्टीका नेता-कार्यकर्ताहरूमाथि शारीरिक आक्रमण गर्ने र भौतिक रूपमा सफाया नै गर्ने क्रम अब अरू क्रान्तिकारी पार्टीका नेता र कार्यकर्ताहरूको हत्यासम्ममा विकसित भइसकेको छ ।

यो ग्रुपले गाउँ गाउँ, क्षेत्र-क्षेत्र कब्जा गर्दै शहर कब्जा गर्ने नीति लिइरहेको छ । तर यसका दलमहरूका सैनिक कारवाहीहरू मूलतः 'लाल आतंक'का पर्यायबाची भएका छन्, क्षेत्र कब्जातिर खासै केन्द्रित छैनन् । त्यसबाट केहीं गाउँ-क्षेत्रमा यस ग्रुपको वैकल्पिक सत्ता त कायम भएको देखिन्छ, तर ती सत्ताहरू जनसहभागिताविनाका आतंकहरूको जगमा ठड्याइएको कारणले सरकारी दमन र नृशंस आतंकका अगाडि दीर्घकालीन र दिगो हुन सकिरहेका छैनन् । प्रहरी र सेनाको विशाल आतंकका अगाडि 'लाल आतंक' असहाय भएका र ग्रुपको सत्ता शक्तिहीन भएका उदाहरणहरू थुप्रै छन् ।

निःसन्देह, शुरू-शुरूका लाल आतंकहरूको कारणले जनतामा यस ग्रुपप्रति आकर्षण बढेको, यसका दलमहरूका सैन्य कारवाहीप्रति जनसमर्थन बढेको र दमनकारी शासनयन्त्रलाई केही हदसम्म ठेगान लगाएकोमा खुशी छाएको अनुभव गरिएको थियो । र, त्यसै कारणले आ-आफ्नो गाउँ-ठाउँका शोषणका समस्याको सैन्य समाधान खोज्ने क्रममा युवाहरू क्रान्तिकारी रोमाञ्चसहित दलमका स्वयंसेवक, मिलिशिया र क्याडरका रूपमा भर्ती पनि भएका थिए । जब राज्यका दमनकारी यन्त्रहरूद्वारा डरलाग्दो ढंगले श्वेत आतंक कायम गरियो, तब दिगो राजनैतिक कर्म र संगठित जन-संगठनहरू तथा संरचनाहरूको अभाववश आतंकित जनताले दलमहरूप्रति चिसो व्यवहार गर्न थाले र उनीहरूको समर्थनभावमा कमी आउन थाल्यो ।



र, श्वेत आतंकवीच युवाहरूको हालत पनि साह्रै नै खराब देखियो । एकातिर भीषण प्रहरी दमन, अर्कोतिर राजनैतिक चेतनाको अभाव ! यी दुवैको चेपुवामा परेका युवाहरू पनि दलमहरूबाट बिस्तारै पछि हट्न थाले । उनीहरूले प्रहरी र दलमहरूबीच सन्तुलित व्यवहार गर्न थाले । त्यसपछि त दलमहरूले आफूभित्र र बाहिरका युवाहरूको अनुहारमा पुलिस-दलाल र आत्मसमर्पणवादीहरू देख्न थाले । आफ्ना कमी-कमजोरीहरू त कमै मात्र देखे । त्यसैको परिणामस्वरूप पुलिस-दलालहरूलाई सजिलै मार्न थालेपछि, तिनीहरूविरूद्ध अनेकौं 'एक्सनहरू' (जनकारवाहीहरू) गर्न थालेपछि दलमहरू जनताबाट एक्लिन थालेका थुप्रै कथाहरू पनि सार्वजनिक भइरहेका छन् ।

भारतका वामपन्थी बौद्धिकहरूले अहिले उठाइरहेको एउटा सवाल यसैसँग सम्बन्धित छ- जनसंगठन र जनसंघर्षविनाका सैन्य आक्रमणहरू तथा राजनैतिक चिन्तन र कर्मविनाका जनकारवाहीहरूले यस ग्रुपका दलमहरूलाई यस्तै गोलचक्कर (Vicious Circle) मा फसाइरहने पो हो कि ? यी सबै कमजोरी जनआन्दोलनबाट अलग-थलग रहने छापामार दस्ताहरूका कारवाहीहरूभित्रै अन्तरनिहित दुर्गुणहरू त होइनन् ?

## *जनआन्दोलनको अभाव*

विश्वभरिका छापामार आन्दोलनहरूको एउटा विशेषता हो : छापामार कारवाहीप्रति उत्पीडित जनतामा अदम्य आकर्षण ! जंगलको आगोझैं फैलिने यो जनाकर्षण जनताको आलोचनात्मक चेत जगाउने र उनीहरूको सक्रिय सहभागिता बढाउने अभियानसँग जोड्न सकिएन भने छापामार आन्दोलन जनताबाट अलग्गिन्छ । भारतमा पनि पिपुल्स वार ग्रुपका दलमहरूप्रतिको जनाकर्षणमा सन् १९९० को दशकसम्ममा निकै राम्ररी वृद्धि भएको थियो । त्यो दशकको आधाआधीसम्म दलमहरूको संख्यामा पनि वृद्धि भएको देखिन्छ, र त्यसको कार्यक्षेत्रमा पनि विस्तार भएको थियो । तर कस्तो विडम्बना भने यस ग्रुपले जनयुद्धको नाममा स्क्वायड वार (दस्ता युद्ध) लाई नै प्राथमिकता दिइरह्यो र जनताहरू चाहिँ चेतना,



*जनसंगठन र जनसंघर्षविनाका सैन्य आक्रमणहरू पिपुल्स वार ग्रुपका दलमहरूलाई गोलचक्कर (Vicious Circle) मा फसाइरहने पो हो कि ?*

*हालैमात्र भएको प्रहरीसँगको भीडन्तमा मारिएका पिपुल्स वार ग्रुपका महिला छापामारहरु*

संगठन र संघर्षको अभावमा फेरि एकपटक 'जनयुद्ध' बाट बिस्तारै-बिस्तारै अलगिए ।

दस्ता युद्धमा व्यस्त पिपुल्स वार ग्रुपका लागि दलमहरूका सशस्त्र कारवाहीहरू नै सर्वोपरी भइरहेका छन् । र, जनताको पहलकदमी र सक्रिय सहभागितालाई कहीं पुरकका रूपमा त कहीं नगन्य महत्वको पक्षका रूपमा लिइएको देखिन्छ । यस ग्रुपको क्रियाशीलता रहेका क्षेत्र र राज्यहरूमा कुनै ठोस जनआन्दोलन विकसित हुननसक्नु र स-साना जनआन्दोलन विकसित नै भए पनि जनताले नेतृत्व गर्न नपाउनु, दलमहरूले नै आन्दोलनको ठेक्का लिनु अनि आन्दोलनकै बीचमा दुई चारवटा बम र राइफलको भरमा आक्रामक कारवाहीद्वारा आन्दोलनको माग पूरा गराउन खोज्नु यस ग्रुपको चारित्रिक विशेषताजस्तै हुनथालेको छ ।

वामपन्थी पत्रकार कृष्ण सिंहकाअनुसार, 'तेलंगानामा कुनै 'जनयुद्ध'का शर्तहरू क्रियाशील छैनन्, त्यहाँ पिपुल्स वार ग्रुपको हैसियत एउटा 'दवाब समूह'को रूपमा मात्रै सीमित रहेको छ । कुनै व्यापक जन-गोलबन्दीमार्फत् कुनै ठूलो जनआन्दोलनको झिल्को पनि त्यहाँ देख्न पाइएको छैन ।'

भारतका वामबौद्धिकहरूको विश्लेषणअनुसार, पिपुल्स वार ग्रुप जनयुद्धभन्दा पनि जनयुद्धको नाममा दस्ता युद्धमा, जनक्रान्तिभन्दा पनि जनक्रान्तिको नाममा क्रान्तिको ठेकेदारी गर्ने मानसिकताबाट ग्रसित छ । क्रान्तिको सही नेतृत्व गर्नुको सट्टा ठेकेदारी गर्न थालेकै परिणामस्वरूप हुनुपर्छ, अचेल त्यहाँ जनताले सजिलै गर्नसक्ने र गर्नुपर्ने काममा पनि दलमहरूले हस्तक्षेप गर्छन् । जुन काम, जुन संघर्ष सचेत र संगठित जनता स्वयंले सजिलै गर्न सक्छन्, त्यसमा पनि हस्तक्षेप गरी दलमहरू आफैले गर्न थालेका छन् । जस्तो, स्थानीय वैकल्पिक जनसत्ता निर्माणको राम्रो उद्देश्यसहित विगतमा 'ग्राम राज्य समितिहरू' निर्माण गर्ने घोषणा गरिएको थियो । तर दलमहरूद्वारा जनताको पहलकदमी र सहभागितामाथि हस्तक्षेप गर्ने तथा आफैंले सबै समस्याको समाधान गरी उपलब्धिहरू मात्रै जनतालाई 'कोसेली'को रूपमा बाँड्ने ठेकेदारीको कामले थप जनपहलकदमी र जनसहभागिताको मुना टुसाउन नसकिरहेको विश्लेषण सार्वजनिक भइरहेको पाइन्छ । यस्तो स्थितिमा कथंकदाचित भारतमा पिपुल्स वार ग्रुपको नेतृत्वमा सशस्त्र संघर्षद्वारा क्रान्ति भइहालेता पनि त्यो क्रान्ति जनताका लागि त हुन सक्ला, तर जनताद्वारा जनताको क्रान्ति हुन गाह्रै होला । 'कोसेली क्रान्ति' जनतालाई उपहार दिने शैलीका यस ग्रुपको तथाकथित जनयुद्धले जनयुद्धकै प्रमुख शर्तका रूपमा रहने जनताको सचेत, संगठित र संघर्षशील सहभागितालाई अवैध ठहऱ्याइदिन्छ । त्यस्तो स्थितिमा भावी क्रान्ति कसरी जनक्रान्ति हुन सक्ला त ?

'बन्द' जस्तो राजनैतिक अभियानलाई त दुई चारवटा बम-विस्फोट र वक्तव्य-बमको भरमा हल गर्नु भनेको जनयुद्धको कार्यशैली हुनसक्छ र ? - वामपन्थी नेता श्रीनिवास प्रसाद The PWG at the crossroads नामक लेखमा प्रश्न उठाउँछन् । त्यसैले बन्दचाहिँ सफल हुने, तर धेरैजसो माग पूरा नहुने, माग पूरा भइहालेता पनि जनताको सहभागिताविनाको संघर्षको तात्विक महत्व नहुने काम भइरहेको विश्लेषण गर्दै श्रीनिवास प्रसाद लेख्छन्- यस ग्रुप कुनै जनआन्दोलनमा छैन, जनसंगठनहरू पनि यससँग छैन, केवल आफ्ना वर्गीय संगठनहरू मात्रै छन् । त्यसैले यसले जनसहभागिता जुटाउन सकिरहेको छैन । वर्गीय संगठनहरूसमेत छापामारी कारवाहीमा संलग्न रहेकाले ती सबै सरकारी प्रतिबन्धका शिकार भएका छन्, तिनीहरूबाट सरकारी दमनको जनस्तरीय प्रतिरोधको संभावना पनि कम छ ।'

पिपुल्स वार ग्रुपको जनयुद्धबारे विश्लेषण गर्दा जताबाट घुमेर आए पनि जनताको सचेत र संगठित सहभागिताको अभावमै गएर ठोक्किन पुग्छ । सशस्त्र संघर्षमा जनसमुदायको प्रत्यक्ष भूमिका नहुने, केवल सीमान्त र निष्क्रिय भूमिका मै उनीहरू सीमित हुनुपर्ने कटु वास्तविकता अहिले चौतर्फी रूपमा बिभिरहेको छ । यस्तो खालको सशस्त्र संघर्ष वा युद्ध वास्तवमा जनयुद्ध हुनसक्छ कि सक्दैन, माओको नेतृत्वमा भएको चिनियाँ क्रान्तिकै अन्ध नक्कलसमेत हुनसक्छ कि सक्दैन भन्ने सवाल पनि उठ्न थालेका छन् ।

## जनपहलकदमी र सहभागितामा कमी

जनयुद्धको विश्लेषण गर्दा देखिन्छ : वास्तवमा जनयुद्ध र दस्ता युद्धमा आकाश-जमीनको फरक हुन्छ । वास्तविक जनयुद्धले आमूल परिवर्तनका लागि आधार तयार गर्छ र त्यसमा जनताको आलोचनात्मक चेतसहितको सक्रिय सहभागी अनिवार्य शर्तको रूपमा रहेको हुन्छ । तर 'दस्ता युद्ध' मूलतः कार्यकर्तामा आधारित हुन्छ । आजको परिस्थितिमा 'दस्ता युद्ध'ले कुनै खास क्षेत्रका उत्पीडित जनताका दुःख, पीडा र शोषणतिर केवल ध्यानाकर्षण मात्रै गर्नसक्छ, तर त्यसले कुनै विशिष्ट खालको आमूल परिवर्तनकारी आन्दोलनका लागि आवश्यक जमीन तयार गर्न सक्दैन । कुनै जनआन्दोलनको अभिन्न अंगको रूपमा छापामारहरू क्रियाशील भएमा 'दस्ता युद्ध'को केही महत्व त हुनसक्ला र त्यसले प्रतिक्रियावादी दमनयन्त्रको प्रतिध्रुवीय सन्तुलनकारी शक्तिको रूपमा पनि काम गर्न सक्ला । तर 'दस्ता युद्ध' आफै चाहिँ जनआन्दोलन कहिले पनि हुनसक्दैन ।

निश्चित रूपमा 'दस्ता युद्ध'मा क्रियाशील छापामारहरूलाई जनताले आफ्नो लागि लडेका वीर योद्धाको रूपमा ठान्ने र उनीहरूलाई श्रद्धापूर्वक मान्ने काम पनि गर्न सक्छन् । आफ्नो मुक्तिका लागि लडेका वीर योद्धाहरूलाई तिनीहरूले आफ्नो समर्थन र सहयोग पनि दिन्छन् । तर उनीहरूमा आफ्नै पहलकदमी, आफ्नै सहभागिताका लागि आवश्यक राजनैतिक, वैचारिक र सांस्कृतिक चेतनाको विकास आफसेआफ हुँदैन, त्यसका लागि राजनैतिक रूपमा सचेत अगुवा दस्ताको भूमिका खेलिरहेका कम्युनिष्ट पार्टीहरूले अहं जिम्मेवारी बोक्नुपर्दछ । यो गहन जिम्मेवारी पिपुल्स वार ग्रुपबाट बहन नभइरहेकोमा भारतमा धेरै नै आलोचना भइरहेको छ ।

अर्को महत्वपूर्ण सवाल के हो भने, जनसहभागिता र जनपहलकदमीको अभावमा भइरहेको यस ग्रुपको 'दस्ता युद्ध' भारतको वर्तमान राज्यसत्तालाई गम्भीर चुनौती पनि हुन सकिरहेको छैन । राज्यसत्ताका लागि पिपुल्स वार ग्रुप, काश्मिरका मुसलमान विद्रोहीहरू वा आसामका उल्फा विद्रोहीहरू जत्ति पनि टाउको दुखाइको विषय बन्न सकिरहेको छैन; न त यो कुनै जनआन्दोलन नै हुन सकिरहेको छ । जनआन्दोलन भएको भए यसको संघर्षलाई ठेगाना लगाउन राज्यसत्तालाई धेरै गाह्रो हुन्थ्यो । तर भारतीय राज्यसत्ताले अहिले पनि यसको सशस्त्र संघर्षलाई संघर्ष प्रभावित राज्य-विशेषहरूको टाउको दुखाइभन्दा धेरैमाथि राखेर हल गर्नु जरूरी नै ठानेको छैन । दलमका हिंसात्मक कारवाहीहरूको निहुँ बनाएर भारतको राज्यसत्ताका अंगहरूका रूपमा क्रियाशील राज्यका दमनकारी यन्त्रहरूले ठूल-ठूला दमनचक्रहरूचाहिँ चलाइरहेका छन् र विभिन्न माध्यमहरू प्रयोग गरेर आफ्नो दमनचक्रलाई सही र जायज ठहऱ्याउन समेत ती दमनकारी यन्त्रहरू सफल पनि भइरहेका छन् । -यो त वास्तवमा राज्यसत्तामा अन्तरनिहित चरित्र नै हो । यही चरित्रलाई बुझेर व्यापक जनआन्दोलन



*वामपन्थी पत्रकार कृष्ण सिंहकाअनुसार, 'तेलंगानामा कुनै 'जनयुद्ध'का शर्तहरू क्रियाशील छैनन्, त्यहाँ पिपुल्स वार ग्रुपको हैसियत एउटा 'दवाब समूह'को रूपमा मात्रै सीमित रहेको छ*

अन्तर्गत छापामार कारवाही अगाडि बढाउन नसक्नु यस ग्रुपको कमजोरीको रूपमा देखापरिरहेको छ ।

अर्कोतिर भारतीय राज्यसत्ताले दमनचक्र, जनहितकारी कदम र मनोवैज्ञानिक युद्धद्वारा पिपुल्स वार ग्रुपलाई एक्ल्याउने रणनीति सफलतापूर्वक लागू गर्दै आइरहेको छ । यसैको प्रतिक्रियामा हिंसा गर्ने यस ग्रुप अहिले हिंसा-प्रतिहिंसाको दुश्चक्रमा फसिरहेको छ । यसैको सबैभन्दा खतरनाक पक्षको रूपमा व्यापक जनचेतना, जनसंगठन र जनसंघर्षमार्फत् राजनैतिक आन्दोलन तीव्र पार्ने कुरा एजेण्डाभन्दा बाहिर रहन पुग्छ र छापामार दस्ताहरूद्वारा गरिने हिंस्रक कारवाहीहरू नै मुख्य वा सर्वोपरी हुनपुग्छ, जुन यस ग्रुपका लागि सत्य सावित भइरहेको छ । यसैको सबैभन्दा खतराजनक दिशाको रूपमा कम्युनिष्ट पार्टी राजनैतिक, वैचारिक र सांस्कृतिक संगठन भइरहनुको सट्टा सैनिक पार्टीमा परिवर्तित हुन पुग्छ ।

पिपुल्स वार ग्रुपद्वारा संचालित यस्तो सशस्त्र संघर्षलाई दस्ता युद्ध भन्ने कि जनयुद्ध भन्ने ? जनताको पहलकदमीलाई निषेध गर्ने र आलोचनात्मक सहभागितालाई कुण्ठित गर्ने युद्ध कसरी जनयुद्ध हुनसक्छ ? कसरी यो युद्ध माओको नेतृत्वमा जनताको विशाल सहभागितामा सम्पन्न सशस्त्र किसान क्रान्तिको अनुशरण र माओका क्रान्तिकारी विचारहरूको अबलम्बन हुन सक्छन् ? यो कसरी दीर्घकालीन जनयुद्ध हुन सक्छ, जबकि यसमा दीर्घकालीन जनयुद्धका नियमहरूको कुनै पालना भएको छैन, केवल यो दस्ता युद्धमा मात्रै सीमित छ ? - यी सवालहरूबीच अहिले पिपुल्स वार ग्रुपको नेतृत्व घेरिएको छ ।

## मानवअधिकारवादीहरूको खुलापत्र

वास्तवमा अहिले यसको संघर्षद्वारा प्रभावित क्षेत्रभित्र र केही हदसम्म बाहिर पनि यस ग्रुपको सशस्त्र संघर्षबारे बहस र विवाद भइरहेको छ । यस्ता बहस र विवादहरूमा ग्रुपका बुद्धिजीवीहरूदेखि लिएर मानवअधिकारीहरू र केही समाजशास्त्रीहरूले पनि धेरै नै सवालहरू उठाउन थालेका छन् । धेरैजसोको सवाल के छ भने केवल केही सशस्त्र दस्ताहरूका आक्रामक कारवाहीबाट मात्रै जनक्रान्ति हुनेवाला छ कि छैन ?

केही समयअगाडि यस ग्रुपसँग सम्बन्धित बुद्धिजीवी तथा मानवअधिकारवादीहरूले पिपुल्स वार ग्रुपलाई सम्बोधन गरेर एउटा खुलापत्र



*दलमका छापामारहरु : जनयुद्ध कता जाँदैछ ?*

*के.जी. कन्नाबिरन, जी. हरगोपाल तथा अन्य बुद्धिजीवी र मानवअधिकारवादीहरूको खुलापत्रमा पिपुल्स वार ग्रुपद्वारा डेढ दशकदेखि गरिँदै आएका राजनीतिक व्यवहार र यसका नीतिहरूमाथि पुनरावलोकनको माग गरिएको छ*

प्रकाशित गरेका थिए । प्रख्यात व्यक्तित्वहरू के.जी. कन्नाबिरन, जी. हरगोपाल तथा अन्य बुद्धिजीवी र मानवअधिकारवादीहरूको खुलापत्र अहिलेसम्म पनि निकै चर्चित र बहसको विषय बनिरहेको छ । यस ग्रुपसँग घनिष्ठ रूपले जोडिएका व्यक्तित्वहरूको त्यस पत्रमा पिपुल्स वार ग्रुपद्वारा डेढ दशकदेखि गरिँदै आएका राजनीतिक व्यवहार र यसका नीतिहरूमाथि पुनरावलोकनको माग गरिएको छ । अत्यन्त विचारणीय अहं सवालहरू उठाउने क्रममा पत्रमा उनीहरूले यस ग्रुपका नीतिहरूमा सामाजिक रूपान्तरणका लागि जनगोलबन्दीको सट्टा सैनिक उद्देश्यहरूमाथि बढी जोड दिइन थालेकोमा गहिरो चिन्ता व्यक्त गरेका छन् । खुलापत्रमा स्पष्ट रूपमा भनिएको छ : "हामीलाई के डर लागिरहेको छ भने, यसरी जोड दिने कामबाट जनताका आकांक्षाहरूको सास निस्सासिन बेर छैन । कैयौं मामिलामा आन्दोलनलाई विस्तृत गर्ने प्रजातान्त्रिक पद्धतिहरूको ठाउँमा सम्पूर्णतः शारीरिक शक्तिको उपयोग गरिएको वास्तविकता हामीले देखेका छौं ।"

खुलापत्रमा भनिएको छ : "हामीलाई के महसूस हुन्छ भने निर्वाचित जनप्रतिनिधिहरूलाई निशाना बनाउने तपाईहरूको नीतिमाथि, त्यस्तो अप्रजातान्त्रिक दृष्टिकोणमाथि पुनर्विचार हुनु जरूरी छ । हाम्रो विचारमा निर्वाचित जनप्रतिनिधिहरूलाई मार्ने - आक्रमण गर्ने रवैया भनेको अत्यन्त गैर-जरूरी र सारतः शक्तिपरक छ ।"

सरकारी पुलिस, जासूस वा होमगार्डहरूको हत्याप्रति जनताको मौनतालाई आफूप्रतिको सामाजिक स्वीकृतिको रूपमा लिनु हुँदैन भन्दै पत्रमा भनिएको छ - "मुठभेड र आक्रमणको क्रममा पुलिस, जासूस वा होमगार्डहरूको नृशंस हत्या भइरहेका छन् । यस्ता नृशंस हत्याप्रति जनता मौन रहनुलाई नै हत्याहरूले सामाजिक स्वीकृति पाइरहेको वा ती हत्याहरू न्यायोचित छन् भन्ने ठानिएको तर्क दिने चलन छ । हाम्रो विचारमा यस्ता तर्कहरू लोभ्याउने

◄ वि.क.आ.

खालका मिथ्या तर्कहरू हुन् । यस्ता तर्कहरूकै व्यापक प्रसारले यो आन्दोलन यस मामिलामा जनताबाट एक्लिन थालेको हामीले महसूस गरेका छौं । हालै मात्र आफ्नो गाउँ गइरहेको एकजना होम गार्डको अपहरण र उसको हत्या यसैको ठोस उदाहरण हो ।"

## *जनर्जस्ती पैसा असुलीले पैदा गरेको विकृति*

पिपुल्स वार ग्रुपको सबैभन्दा आलोचित अर्को पक्ष हो : जबर्जस्ती पैसा असुल गर्ने तरिका । निश्चित रूपमा यस ग्रुपका दलमहरूले आफ्नो प्रभाव क्षेत्रका जनता, सहयोगी, समर्थक र शुभेच्छुकहरूबाट आर्थिक सहयोग लिइरहेको छ । तर त्यसबाट आउने रकमभन्दा सयौं गुना बेसी मोटो रकमचाहिं यसले जमिन्दार, दलाल, कालो धन्दा गर्नेहरू, ठेकेदार र विभिन्न व्यवसायीहरूबाट उठाउने गर्छ, त्यो पनि नीतिगत रूपमै । पैसा उठाउने क्रममा जबर्जस्ती गरिएका, हतियारको धम्की देखाइएका र बैंकहरूबाट लुटिएका उदाहरणहरू पनि सार्वजनिक भएका छन् । जबर्जस्ती पैसा असुल्ने र लुट्ने कार्यले गर्दा यो ग्रुप नक्सलवादी पार्टीहरूमध्ये सबैभन्दा धनी पार्टी भइसकेको बताइन्छ, यो ग्रुपसँग करोडौं-करोड रकम रहेको बताइन्छ । सशस्त्र संघर्षलाई सर्वोपरी मान्ने यो ग्रुप क्रान्तिका लागि सबै नैतिक-अनैतिक कार्यलाई जायज ठहऱ्याउन पटक्कै हिच्किचाउँदैन । र, ती सबै रकम शक्तिशाली हतियार किनेर छिटो भन्दा छिटो क्रान्ति गर्नुलाई हरेक हिसाव सही ठहऱ्याउन यो ग्रुप उद्यत छ ।

नीतिगत रूपमा जे-जस्तो भनिएता पनि अहिले व्यवहारिक समस्याहरूले टाउको उठाउन थालेको छ । पैसा असुल्ने र लुट्ने क्रमसँगै यसका दलमहरूमा धेरै समय अगाडिदेखि नै डरलाग्दा आर्थिक विकृतिहरू जन्मिरहेका छन् । पहिलो विकृति हो : पैसाप्रतिको मोह । कार्यकर्ताहरूदेखि केही नेताहरूमा समेत ठूलो धनराशि देखेपछि धनलिप्सा बढेको, कोष हिनामिना भएको र लुटिएको रकमको हिसाव-किताब राम्ररी नदेखाउने रोग बढ्दो छ । दलमहरू अनुशासित पार्टी संरचनाको रूपमा क्रियाशील नभएको कारणले र त्यहाँभित्र पारदर्शीपनाको अभावले गर्दा भ्रष्टाचारीहरूले अनुकूल वातावरण पाएका छन् ।

अर्को विकृति हो : पैसावालहरूसँग कम्युनिष्ट पार्टीको अवैध साँठगाँठको सम्भावना । जहाँ जुनसुकै पार्टीमा पनि राजनीतिक नेता-कार्यकर्ताहरू

र व्यापारी-उद्योगपतिहरूबीच सम्पर्क, साँठगाँठ भएमा राजनैतिक विकृति पैदा भएको छ । त्यसमाथि यस ग्रुपले ठेकेदार र व्यवसायीहरूदेखि लिएर दलाल, काला व्यापारी र जमिन्दारहरूसँगसमेत पैसा असुलेको पाइन्छ । जनताको पैसा र समर्थन-सहयोगबाट चल्नुपर्ने जनताको पार्टीले पैसावालहरूबाट विशाल धनराशि जम्मा गर्न थालेपछि यो ग्रुपको शत्रु र मित्र छुट्याउने प्रावधान र दृष्टिकोणमा समेत फेरबदल आउन सक्छ कि सक्दैन ? जसले पैसा दिन्छ, ऊप्रति नरम हुने, उसको स्वार्थप्रति सचेत हुने हुनाले यस ग्रुपको वर्गीय दृष्टिकोणमा समेत विचलन आउने र वर्ग विश्लेषणअनुसार शत्रु कित्तामा दरिएकाहरूप्रति नरम हुने सम्भावना बढ्छ कि बढ्दैन ? वर्गीय आधारमा शत्रु र मित्रको पहिचान गर्नुको सट्टा पैसा कसले दिन्छ, कसले दिँदैन भन्ने आधारमा शत्रु-मित्रको पहिचान गर्ने चलन शुरू भयो भने क्रान्तिकारिता खरानी भई भ्रष्टाचार र अराजकता मौलाउँछ कि मौलाउँदैन ? पैसाले दृष्टिकोण र आचरण निर्धारण गर्ने स्थितिमा कुनै कम्युनिष्ट पार्टी कम्युनिष्ट पार्टी नै भइरहन्छ कि रहँदैन ? - यी सवालहरू पनि भारतका वाम बौद्धिकहरूले उठाइरहेका छन् ।


त्यसमाथि यस ग्रुपलाई खुलापत्र लेख्ने के.जी. कन्नाबिरन, जी. हरगोपाल तथा अन्य बुद्धिजीवी र मानवाधिकारवादीहरूले जबर्जस्ती पैसा असुल्ने र लुट्ने कार्यको पनि विरोध गरेका छन् । उनीहरूले पत्रमा पार्टी र पार्टीको नाममा सबैखाले असामाजिक तत्वहरूद्वारा जबर्जस्ती पैसा असुल्ने र लुट्ने कार्य भइरहेका उदाहरणहरू राख्दै भनेका छन्- "आन्दोलनको जिम्मेवारी के हो भने उसले केवल अमानवीय ढंगले पैसा असुलीको क्रमबाट पछि हट्नुपर्छ र त्यस्ता अवाञ्छित घटनाहरूलाई पनि तुरुन्त रोक्नुपर्छ ।"

## चुनाव बहिष्कारको पाखण्ड

चुनाव बहिष्कारजस्तो राजनैतिक अभियानसमेत जनताको सचेत र संगठित पहलकदमीमा अगाडि बढाउनुको सट्टा दलमहरूको बन्दूकको भरमा गर्नु जनयुद्धको नियम विपरीत भएको विश्लेषण श्री निवासप्रसादको छ । उनी लेख्छन्- 'जनताको सचेत र सक्रिय सहभागिताविना, दलमहरूले बन्दूकको भरमा चुनाव बहिष्कार गर्ने भएकाले धेरैजसो बहिष्कार असफल भएका छन् । कहिलेकाहीं त यसको चुनाव बहिष्कार नै पाखण्डपूर्ण भएका उदाहरणहरू पनि छ । एकातिर चुनाव बहिष्कार भन्ने, अर्कोतिर जनतालाई कांग्रेस वा बहुजन समाजवादी पार्टी वा अरू कुनै विपक्षी पार्टीतिर भोट हाल्नका लागि दलमहरूले इशारा गर्ने । - यो पाखण्डले गर्दा पनि यसको चुनाव बहिष्कार असफल भएको हो ।'

चुनाव बहिष्कारकै सन्दर्भमा यस ग्रुपसँग नजिकका बुद्धिजीवी तथा मानवअधिकारवादीहरूले पनि जायज सवालहरू उठाएका छन् । खुला पत्रमा उनीहरूले लेखेका छन् - "गएको पटक कुराकानी हुँदा हामीले के कुरामा जोड दिएका थियौं भने चुनावको बहिष्कार हिंसाद्वारा जबर्जस्ती लागू गर्ने कार्य उचित छैन । अहिले हामी विगतको त्यही अडान फेरि एकपटक जोडदार रूपमा दोहोऱ्याउँदै भन्न चाहन्छौं - 'तपाईंहरू संयमित हुनुपर्छ र आगामी चुनावमा तपाईंहरूले कुनै पनि प्रकारको हिंसा वा शक्ति प्रयोग गर्नुहुँदैन । आफ्ना

...पिपुल्स वार ग्रुपले आखिर किन आफ्नो प्रभाव कायम गरिराख्न सकेन त ? यस विषयमा दुईवटा पक्ष स्पष्ट रूपमा देखिन्छ ।



प्रख्यात समाज वैज्ञानिक आशीष नन्दीको विश्लेषण

सबै किसिमका सीमाहरूका बावजूद पनि चुनावजस्ता बीचबीचमा भइरहने प्रजातान्त्रिक प्रक्रियाहरूले जनसमुदायलाई एक हदसम्म आफ्ना दावीहरू पेश गर्ने र आफ्ना आकांक्षाहरू अभिव्यक्त गर्ने मौका प्रदान गर्छन् । दीर्घकालीन रूपले हेर्ने हो भने सरकारी निरंकुश संस्कृतिको पृष्ठभूमिमा यस्ता प्रक्रियाहरूबाट प्रजातान्त्रिक आयाम नै बिस्तृत हुन्छ । हामीले विगत दशकदेखि देखिरहेका छौं : चुनाव बहिष्कारका लागि तपाईंहरूले गर्ने आह्वानका बावजूद पनि जनताले विभिन्न कारणवश त्यस आह्वानको पालना गरिरहेका छैनन् । कस्तो पनि देखिएको छ भने कुनै कुनै चुनाव क्षेत्रमा तपाईंहरू स्वयंले पनि चुनाव बहिष्कारको आह्वानलाई लुकाउनुभएको छ । यसबाट पाखण्डपन नै प्रकट हुन्छ, जुन संस्कृति कुनै वैकल्पिक जनवादी संस्कृतिको सृजनाका लागि कदापि सहयोगी हुन सक्दैन ।"

चुनाव बहिष्कारसम्बन्धी पाखण्डपन तब बेसी डरलाग्दो रूपमा देखिएको छ, जब कुनै क्षेत्रमा चुनाव बहिष्कारको आह्वानलाई साकार तुल्याउन जनता र विपक्षी पार्टीका कार्यकर्ता नेताहरूमाथि शक्ति र हिंसा प्रयोग गरिन्छ, तर अर्को कुनै क्षेत्रमा कहिलेकाहीं बहिष्कारको कुरै उठाइँदैन, विरोध गर्नै परेमा कुनै विशेष राजनैतिक पार्टीको मात्रै खोइरो खन्ने र अरू पार्टीहरूको बारेमा मौनव्रत बस्ने काम गरिन्छ । विगतको आन्ध्र प्रदेशको चुनावमा यस ग्रुपले तेलुगू देशम पार्टीको धुँवाधार विरोध गऱ्यो, तर कांग्रेसप्रति मौनता साधेर 'ठोस सन्देश' दिन खोज्यो ।

पहिले पहिलेका चुनावमा पनि यस ग्रुपले कांग्रेस पार्टीको जबर्जस्त विरोध गर्ने, तेलुगू देशम पार्टीको बारेमा चुँसम्म पनि नबोल्ने दोधोरेपन देखाएका उदाहरणहरू थुप्रै छन् । तेलुगू देशमका नेता एन.टी. रामारावले कहिले यस ग्रुपको प्रभावक्षेत्रमा २ हजार करोड भारू अनुदान दिएर त कहिले ग्रुपका नेता-कार्यकर्ताहरूलाई 'देशभक्त अन्ना' (भाइहरू) भनेर लोभ्याएर आफ्नो चुनावी स्वार्थको हतियारको रूपमा यस ग्रुपलाई अप्रत्यक्ष ढंगले प्रयोग गरेका थिए । र, अहिले कांग्रेस पार्टी र बहुजन समाजवादी पार्टीजस्ता पूँजीपति वर्गीय पार्टीहरू यो ग्रुपलाई आफ्नो हतियार बनाउनमा सफल भइरहेको बताइन्छ । यसमा भारतका वामबौद्धिकहरूको प्रश्न के छ भने आखिर यो कस्तो क्रान्तिकारिता हो, कस्तो अति वामआन्दोलन हो, जो बुर्जुआ दलहरूको साधन बन्नपुग्छ ?

भारतका वाम बुद्धिजीवी र मानवाधिकारवादीहरूका सवाल, तर्क र वास्तविक तथ्यहरूले के देखाइरहेका छन् भने वास्तवमा पिपुल्स वार ग्रुप क्रान्तिकारी कम्युनिष्ट पार्टीको सट्टा एउटा सैनिक पार्टीमा परिवर्तित हुँदै गइरहेको छ । यस ग्रुपको चिन्तन र कर्ममा आएको फेरबदलका बारेमा भारतका प्रसिद्ध समाज वैज्ञानिक आशीष नन्दीको विश्लेषण यहाँ अत्यन्त महत्वपूर्ण र विचारणीय देखिन्छ । उनी भन्छन् -

"पिपुल्स वार ग्रुपको भविष्य निकै धमिलो छ । यसको मुख्य कारण के हो भने पिपुल्स वार ग्रुपले हिंसाको पथबाट आफूलाई अलग्ग पार्न सकिरहेकै छैन । वस्तुतः पुलिस र दमनकारी भू-स्वामीहरूविरूद्ध प्रतिरोधका लागि हिंसाको सहारा लिनु ठीक छ । तर त्यसपछि भने त्यस्तो समय आउँछ, जब आन्दोलनको विस्तारको जरूरत हुन्छ । हो, त्यतिखेरको चरणमा हिंसाको मार्ग त्याग्नु पर्दछ । तर पिपुल्स वार ग्रुपले त्यसो गरेन । यो उसको हार हो । त्यसै कारणले यस संगठनको आन्दोलन शिथिल हुँदै गइरहेको छ ।"

"वास्तवमा, राज्य-व्यवस्थाविरूद्ध कुनै पनि हिंसक आन्दोलनले आफ्नो संघर्षलाई दीर्घकालसम्म जारी राख्न सक्दैन । एकातिर हिंसक आन्दोलनहरूमा शामेल हुने जनता बिस्तारै-बिस्तारै थाक्न थाल्छन्, तर अर्कोतिर भने राज्य-व्यवस्थाले पटक्कै नथाकीकन आफ्नो लडाइँ जारी राख्छ । ....पिपुल्स वार ग्रुपले व्यापक स्तरमा जनताको समर्थन हासिल गर्न सकेन । यो उसको दिवालियापन हो । ऊ देशका बहुसंख्यक जनतालाई प्रतिक्रियावादी सम्झन्छ । .....पिपुल्स वार ग्रुपले आखिर किन आफ्नो प्रभाव कायम गरिराख्न सकेन त ? यस विषयमा दुईवटा पक्ष स्पष्ट रूपमा देखिन्छ । एउटा पक्ष त हिंसाको मार्ग नछोड्नु नै हो, अर्को अति नै धेरै महत्वपूर्ण पक्ष हो : यस संगठनलाई भारतीय समाज र संस्कृतिको बारेमा धेरै नै कम ज्ञान र अनुभव हुनु । पिपुल्स वार ग्रुपलाई आफ्नो प्रभाव बढाउनु छ भने उसले भारतको संस्कृति र यहाँको स्वभावबारे गहन ज्ञान हासिल गर्नैपर्छ ।"


❑ *समाप्त*

सन्दर्भ सामाग्रीहरू

*१) लोकदस्ता, २) लिबरेशन, ३) समयान्तर, ४) लोकयुद्ध, ५) भेनगार्ड, ६) 30 Years of Naxalbari : an Epic of Heroic struggle and sacrifice/Vanguard Publication, ७) India in Revolution : History of the communist party of India (M. L.) and Maoism in India.*



# के वार्ता सफल होला ?



# सरकार माओवादी वार्ता

– श्याम श्रेष्ठ –

सरकार-माओवादी वार्ताप्रति अहिले सिंगो नेपाल राष्ट्रको ध्यान आकृष्ट भएको छ । नयाँ प्रधानमन्त्री शेरबहादुर देउवाको पहिलो प्राथमिकता नै माओवादीसित वार्ता गर्नु र समस्या हल गर्नु रहेको छ । वार्ताको लागि माओवादी पनि उत्तिकै लालायित देखिएको छ ।

प्र.म. देउवा गिरिजाप्रसाद कोइरालाको राजीनामापछि साउन ७ गते भर्खरै मात्रै प्र.म.पदमा नियुक्त हुनुभएको थियो । उहाँले पश्चिम नेपालको बाजुरामा १७ जना प्रहरी माओवादीको आक्रमणमा परेर एक चिहान भएको दर्दनाक समाचार सुन्नु पऱ्यो । एक विश्वस्त सूत्रले बताएअनुसार आत्तिएका देउवाले तुरुन्तै आफ्नो माओवादी सम्पर्क सूत्रमा सम्पर्क गर्नुभयो र यस्तो गतिविधि रोकी दिन अनुरोध गर्नुभयो । माओवादीले युद्धविरामका लागि सार्वजनिक अपील गरी युद्धविराम गर्न सकिने प्रस्ताव राख्यो । उहाँले तुरुन्तै रेडियो नेपालबाट माओवादीलाई युद्धविराम र वार्ताका निमित्त सार्वजनिक आह्वान गर्नुभयो । त्यो आह्वान भएको केही घण्टा पनि बितेको थिएन, माओवादीका अध्यक्ष क. प्रचण्डले देउवाको त्यो आह्वानलाई अविलम्ब स्वीकार गर्नुभयो । उहाँले तुरुन्तै लागु हुनेगरी देशभर केही समयको निम्ति तत्कालीन युद्धविरामको घोषणा गर्नुभयो र "पूर्व योजनाका सम्पूर्ण आक्रामक फौजी कारवाहीहरू स्थगित गरी 'सक्रिय रक्षा'मा रहन" "देशका तमाम छापामार योद्धाहरूसँग हार्दिक अनुरोध" गर्नुभयो । सरकारले पनि लगत्तै "माओवादीविरूद्ध कुनै कारवाही नगर्न सुरक्षाकर्मीहरूलाई आवश्यक निर्देशन भैसकेको" विज्ञप्ति जारी गऱ्यो ।

यी सब कुराहरू यति द्रुत गतिमा घटित भए कि नेपालका २०४६ सालको जन-आन्दोलनपछिको प्रतिनिधिसभाका प्रथम सभामुख दमननाथ ढुंगानाले यसलाई 'चमत्कार'को संज्ञा दिनुभयो । संभवतः माओवादी जनयुद्ध शुरू भएपछि पहिलो पटक क. प्रचण्डको वक्तव्य रेडियो नेपाल र नेपाल टेलिभिजनले ठूलो महत्वकासाथ प्रसारित गऱ्यो ।

अहिले नेपाल युद्धविरामपछिको शान्तिको अनुभूति गरिरहेछ । छिटफुट घटनाबाहेक देशभर यो पंक्ति लेख्दासम्म दुवैतर्फबाट कुनै हिंसात्मक घटना भएका छैनन् । परन्तु सबैको मन-मस्तिष्कमा यतिबेला प्रश्न उठिरहेछ– के यो शान्ति दिगो होला ? के सरकार-माओवादी वार्ता सफल होला ?

> वार्ता सफल बनाउन सबैभन्दा ठूलो आवश्यकता हो : **प्रधानमन्त्रीको दरो मुटु र बुद्धिमतापूर्ण दृष्टिको !**

## *विपरीत उद्देश्यहरू*

सरकार यतिबेला माओवादीसित वार्ता खोजिरहेछ किनकि, माओवादीमाथि राज्य-दमनका सारा प्रयत्नहरू विफल भएका छन् । राज्यको दमन-यन्त्रमध्ये प्रहरीयन्त्र माओवादी छापामार सैन्य-शक्तिद्वारा धेरै हदसम्म परास्त भइसकेको छ । माओवादीसँग लड्ने प्रहरीसँग मनोबल नै बाँकी रहेको छैन । प्रहरीयन्त्र अब हिजोको आक्रामक स्थितिबाट रक्षात्मक स्थितिमा पुगेको छ । भाग्नु र ज्यान जोगाउनु नै प्रहरीहरूको यतिबेलाको मुख्य प्रवृत्ति बनेको छ । योभन्दा उता माओवादी छापामारविरूद्ध प्रहरीलाई लड्न खटाइयो भने सरकारी आदेशको अवज्ञा हुने खतरा यत्रतत्र देखापरेको छ । सशस्त्र प्रहरी बल बनाउन सरकारले मरिहत्ते गरेको छ, तर त्यसको पनि तलदेखि माथिसम्म सुव्यवस्थित संरचना तैयार भइसकेको छैन ।

माओवादीमाथि नियन्त्रण कायम गर्न सरकारसित बाँकी बचेको अन्तिम हतियार सेना हो । परन्तु, सेना सिंहदरवारको नियन्त्रणमा देखिन्न । हालको असारको अन्तिम हप्तामा रोल्पाको होलेरी प्रहरी अपहरण काण्डपछि नुवागाउँमा पहिलो पटक भएको माओवादी र सेनाको आम्नेसाम्ने भएको बेला यो दौरानमा निकै प्रष्टसित छर्लंग भएको छ कि



*माओवादीलाई जंगलको छापामार युद्धबाट राष्ट्रिय राजनीतिको केन्द्रीय धारमा ल्याउनका लागि यो अत्यन्त उपयुक्त अवसर हो ।*

*ऊ अन्तरिम सरकारमा सामेल हुनसमेत सहमत भएको छ ।*

*भूमिगत हुनुभन्दा अगाडि खुला संघर्षमा क्रियाशील माओवादी नेताहरू वार्ता र संघर्षका लागि खुल्ला हुने सम्भावना*

शाहीसेना यतिबेलै माओवादीमाथि निर्णायक हमला गरेर कुनै पनि मूल्यमा माओवादी सैन्यशक्ति स्वाहा पारिहाल्ने पक्षमा छैन । शाहीसेना निकै हदसम्म शाही नै छ र शाही स्वार्थअनुकूल मात्र त्यो चल्छ । अहिलेको शाही स्वार्थ यो देखिएको छ कि नेपाली कांग्रेसको 'काउण्टर ब्यालेन्स' गर्ने शक्तिको रूपमा एउटा खास समयसम्म माओवादी रही राखोस्, जहाँ सेना परिचालित गरिने हो, त्यहाँको शासन-प्रशासन संकटकालको नाममा सेनाको नियन्त्रणमा आउने स्वार्थ र शर्तसँग मात्रै दरवार सरकारसित सेना परिचालन गर्ने कार्यवाहीको लेनदेन गर्न प्रयत्नशील देखिन्छ ।

त्यसमाथि थप, आठवटा जिल्लामा माओवादीले जिल्ला जनसरकारको घोषणा गरिसकेको छ । रूकुम, रोल्पा, सल्यान, जाजरकोट, कालीकोट, दैलेख र जुम्लापछि हालै मात्र दोलखामा समेत वैकल्पिक जिल्ला जन-सरकारको घोषणा गरिएको छ । देशमा वस्तुगत रूपमा द्वैत-सत्ताको स्थिति उत्पन्न भएको छ । अरू कैयन जिल्लामा सरकारको प्रशासन सदरमुकाम र त्यसको वरपरमात्र सीमित भएको छ ।



शाहीसेनाको जवान

यो स्थितिमा वार्ता सरकारको बाध्यता भएको छ । परन्तु, वार्ताको उद्देश्यमा सरकार त्यति स्पष्ट देखिन्न । सरकारमा यस्तो बचकना भ्रम देखिन्छ, मानौं माओवादी विद्रोह केवल वार्ताद्वारा नै समाधान हुनेछ । मनोबल स्वाहा भएको, परास्त र ध्वस्त हुँदैगएको प्रहरीयन्त्रलाई अरू ज्यादा ध्वस्त हुनबाट बचाउनु, माओवादीलाई राष्ट्रिय राजनीतिको मूल धारमा ल्याएर हतियारबन्द स्थिति र द्वैत-सत्ताको स्थिति अन्त्य गर्न खोज्नु र ठूला र मध्यम पूँजीपतिवर्गको लागि अति जरूरी हुनगएको शान्ति हासिल गर्नु- यी तीनवटा उद्देश्य सरकारले वर्तमान वार्ताबाट हासिल गर्न खोज्ने संभावना छ ।

माओवादी भने यतिबेला विजयको मूडमा र अत्यन्त अनुकूल परिस्थितिमा वार्ता गर्दैछ । तथापि वार्ता माओवादीको पनि मूर्त आवश्यकता हो । सबैभन्दा बेसी बनाइसकेका आधार इलाकाहरू र जन-सरकारहरू जोगाउन र सेना परिचालन हुनबाट रोक्न उसलाई वार्ताको जरूरत परेको छ । वार्तामार्फत् माओवादीले मुख्य रूपमा तीनवटा उद्देश्य हासिल गर्न खोजेको देखिन्छ : हासिल गरिसकेका उपलब्धिहरूलाई सुरक्षित र सुदृढ पार्नु, राष्ट्रिय राजनीति र केन्द्रीय सत्तामा राजनीतिक हस्तक्षेप गर्न सक्ने स्थिति निर्माण गर्नु र अन्तरिम सरकार जन-संविधानको एजेण्डामार्फत् देशलाई गणतन्त्रको संस्थागत विकासतर्फ मोड्न खोज्नु ।

दोस्रो राष्ट्रिय सम्मेलनपछि माओवादीले यतिबेला दीर्घकालीन जनयुद्ध र शहरिया जन-विद्रोहको रणनीतिलाई विलय गर्ने कार्यदिशा समातिरहेछ । यो कार्यदिशालाई व्यवहारमा कार्यान्वयन गर्न आफ्नो कार्य-शक्तिको निश्चित हिस्सा वैधानिक शहरिया जन-संघर्षका निम्ति छुट्याउनु आवश्यक हुनजान्छ । माओवादीले संभवतः यो वार्तामार्फत् यसका निम्ति पनि पूर्वाधार खडा गर्न प्रयत्न गर्नेछ ।

यतिबेला वार्ताको लागि सरकार र माओवादी दुवै आतुर देखिन्छन् । परन्तु दुईथरिको वार्ताको उद्देश्यमा कुनै साझा संगम भेटिंदैन । सरकारले वार्तामार्फत् माओवादीलाई हतियार सुम्पन लाउन, प्रहरीमाथिको आक्रमण बन्द गर्न लाउन र द्वैत-सत्ताको स्थिति अन्त्य गर्न लाउन भगीरथ प्रयत्न गर्ने देखिन्छ । तर अहिले विजयको मूडमा रहेको माओवादीको निम्ति यो राजनीतिक आत्महत्यासरह हुनेवाला छ । तसर्थ उसले यो किमार्थ स्वीकार्न सक्ने देखिन्न । ठीक त्यस्तै, अन्तरिम सरकार र गणतन्त्रउन्मुख जन-संविधानको निम्ति माओवादीले वार्तामा सर्वाधिक जोड दिनेवाला छ । परन्तु, अन्तरिम सरकार गठन गर्न तैयार हुनु भनेको नेपाली कांग्रेसले आफ्नो छँदाखाँदाको निर्वाचित सरकार विघटन गरेर विद्रोहीहरूसमेत सामेल रहेको सम्पूर्ण विपक्षीसहितको सरकार गठन गर्न तैयार हुनु हो । आफ्नै पार्टीको एउटा व्यक्तिको सरकारको सट्टामा त्यही पार्टीको अर्को व्यक्तिको सरकार ल्याउनसमेत चर्को महाभारत पर्ने नेपाली कांग्रेसले यो प्रस्ताव स्वीकार गर्नु धेरै गाह्रो छ । राजनीतिक रूपमा नेपाली कांग्रेस यथास्थितिवादी छ । बहुदलीय संसदीय व्यवस्था र संवैधानिक राजतन्त्रभन्दा उताको राज्य व्यवस्थाबारे प्रगतिशील ढंगले सोच्न कांग्रेसी नेतृत्व बिलकुलै तयार देखिन्न ।

तसर्थ, यिनै मागमा वार्ताकारहरूको हठ कायम रह्यो भने धेरै संभव छ- वार्ता विफलतामा टुंगिनेछ ।

आफूले जस लिन र फल प्राप्त गर्न संभव भएन भने अरूलाई पनि त्यो हासिल गर्न नदिनु नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नानीदेखि



जनसेनाको जवान

लागेको प्रवृत्ति हो । उहाँको यो प्रवृत्ति अहिलेको वार्ताको दौरानमा पनि उजागर हुनु बिलकुलै संभव छ । तसर्थ, देउवाको अगुवाइमा हुने वार्ता सफल हुन नदिनका निम्ति सभापति गिरिजाबाट ठूलै बखेडा र तगाराहरू सृजना हुने संभावना छ ।

अहिलेको कटु यथार्थ के हो भने नेपाली कांग्रेसको पार्टी संगठनको सर्वाधिक ठूलो हिस्सा सभापति गिरिजाको कब्जामा छ । सभापति गिरिजाले निहित स्वार्थको घेराभन्दा माथि उठेर बृहत् राष्ट्रिय हितका निम्ति सोचेर वार्ता प्रक्रियालाई सघाएमा मात्र अहिलेको वार्ताले कुनै निकास निकाल्ने संभावना छ । अन्यथा गिरिजाकै कारणले वार्ता विफल हुन बेर छैन ।

## *आवश्यकता र यथार्थ*

यो स्थितिमा वार्तालाई सफल बनाउनका निम्ति सबैभन्दा ठूलो आवश्यकता हो- प्रधानमन्त्रीको दरो मुटु र बुद्धिमतापूर्ण दृष्टिको ।

माओवादी नेतृत्व यतिबेला साँच्चै नै वार्ताको चाहनामा देखिन्छ । उसले राखेका ४२ सूत्रीय मागमध्ये मुख्य-मुख्य माग पूरा गर्न, अन्तरिम सरकार गठन गर्न र अहिलेको संविधान फेर्न सरकार तैयार भयो भने माओवादी यतिबेला राष्ट्रिय राजनीतिको मूलधारमा आउनसमेत तयार भएको छ । ऊ अन्तरिम सरकारमा सामेल हुनसमेत सहमत भएको छ । माओवादीलाई जंगलको छापामार युद्धबाट राष्ट्रिय राजनीतिको केन्द्रीय धारमा ल्याउनका लागि यो अत्यन्त उपयुक्त अवसर हो ।

तर के यसो गर्न सरकार तयार छ ?

यी सवालमा सरकार तयार हुनका लागि वर्तमान प्रधानमन्त्रीसित ठूलै हिम्मत र भिजनको जरूरत पर्छ । परन्तु प्र.म. देउवासित सबैभन्दा ज्यादा अनिकाल नै हिम्मत र भिजनको देखिन्छ ।

"माओवादी समस्या समाधान गर्न" यसपालि प्र.म. देउवा निकै कस्सिनुभएको देखिएको छ । यस निम्ति चरणबद्ध रूपमा राजबन्दीहरू छोड्दै जान, झूठा मुद्दाहरू खारेज गर्न र बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्न प्र.म. तैयार भइसकेको थाहा भएको छ । परन्तु माओवादी विद्रोह केवल केही राजबन्दी छोड्दैमा र वार्ताको टेबिलमा बस्दैमा साम्य हुनेवाला छैन । उल्लेखनीय कुरा के हो भने २०४६ सालमा नेपालमा निरंकुश सामन्ती राज्यको ढाँचा र चरित्रमात्र बदलियो, राजनीतिक क्रान्ति मात्रै भयो, परन्तु राजनीतिक क्रान्तिको साथसाथ आवश्यकता थियो- व्यापक आर्थिक र सामाजिक क्रान्तिको, जुन विगत १२ वर्षमा कांग्रेसको नेतृत्वबाट हुनैसकेन । माओवादी सशस्त्र विद्रोह त्यसैको परिणाम हो । राज्य-व्यवस्था बदलिएपछि पनि सर्वत्र बढ्दो गरीवी, चर्को सामाजिक विभेद र अन्याय नै माओवादी विद्रोहको जरा हो । पूँजीवादी बहुदलीय संसदीय व्यवस्थाले पंचायती सामन्ती निरंकुशतन्त्रलाई विस्थापित गरिसकेपछि पनि सिंहदरवार र सदरमुकाम वरपर बस्ने ज्यादै थोरै नेता, नोकरशाहहरू, तस्कर र माफियाहरूमात्र मोटाए, अत्यधिक जनसंख्याको भने उपेक्षा भएकोभयै भयो । परिवर्तन पर्खेर थाकेका र पर्खने धैर्य गुमाएका तिनै उपेक्षित बहुसंख्यकहरूको आक्रोश, असन्तोष र विद्रोहको अभिव्यक्ति हो- माओवादी विद्रोह ।

तसर्थ, केवल वार्ताको टेबिलबाट माओवादी विद्रोह सामसुम हुनेवाला छैन । जुन जरो कारणबाट माओवादी विद्रोह सृजना भयो, त्यो जरो कारण नै निमिट्यान्न पार्न सकेमा मात्र माओवादी विद्रोह साम्य हुने संभावना छ । व्यापक आर्थिक-सामाजिक क्रान्तिमा मात्र माओवादी विद्रोहको समाधान संभव छ । अहिलेसम्मका उपेक्षित-उत्पीडित वर्ग, जनसमुदाय र क्षेत्रहरूले व्यापक आर्थिक-सामाजिक परिवर्तनको अनुभूति गर्न सक्नुपर्‍यो । देशका उपेक्षित उत्पीडित बहुसंख्यकहरू अर्थात् श्रमिकहरू, किसानहरू, महिलाहरू, जन-जातिहरू, दलित जात-जातिहरू, धर्मावलम्बीहरू र गाउँलेहरूले आमूल परिवर्तन र अधिकार-सम्पन्नताको अनुभूति गर्न पाउनु पर्‍यो । अनि मात्र माओवादी विद्रोह साम्य हुनु संभव छ ।



डा. बाबुराम भट्टराई

अहिलेको अहं प्रश्न के हो भने, के देउवा सरकार व्यापक आर्थिक-सामाजिक क्रान्ति सम्पन्न गर्न तैयार छ ? देउवा सरकार यसो गर्न तैयार छ भने, यसो गर्ने हिम्मत र भिजन उहाँको सरकारसित छ भने, वार्ताअघि नै वार्ता आधा सफल भइसकेको भन्ठाने हुन्छ र देउवा सरकारले माओवादी विद्रोहलाई जरैमा समाधान गर्न सक्ने अपेक्षा गर्न सकिन्छ । अन्यथा वार्ताको विफलता निश्चित छ र माओवादी विद्रोह झन्-झन् चर्कंदै जाने पक्का छ ।

सबैले स्पष्ट हुनुपर्ने सवाल के देखिन्छ भने जनवादी गणतन्त्रको उद्देश्य राखेर भएको माओवादी सशस्त्र विद्रोह केवल वार्ताद्वारा मात्रै साम्य हुने विषय नै होइन । न त यो राज्य-दमनद्वारा नै हल हुनसक्ने सवाल हो । क्रान्तिकारी विद्रोह, विद्रोह नै आवश्यक नहुने परिस्थितिको सृजनाद्वारा मात्र साम्य हुन संभव हुन्छ । व्यापक आर्थिक-सामाजिक क्रान्तिद्वारा मात्र विद्रोह आवश्यक नहुने परिस्थिति सृजना गर्न संभव हुन्छ ।

हाम्रो देशको अहिलेको परिस्थितिमा व्यापक आर्थिक-सामाजिक क्रान्ति भनेको के हो त ? मेरो ठम्याइमा यतिबेला व्यापक आर्थिक-सामाजिक क्रान्ति भन्नाले सारमा र मुख्य रूपमा आमूल परिवर्तनकारी यी कदमहरू हुन् :

- किसान र कृषिक्षेत्रको आमूल परिवर्तनको लागि क्रान्तिकारी भूमिसुधार र कृषि क्रान्ति ।
- श्रमिक र ग्रमीण बेरोजगारहरूको जीवनमा आमूल परिवर्तनका लागि ग्रमीण औद्योगिक क्रान्ति र ग्रमीण विद्युतीकरण ।

**बाँकी २९ पृष्ठमा**

**केवल वार्ता र सैनिक परिचालनबाट माओवादी विद्रोह सामसुम हुनेवाला छैन । व्यापक आर्थिक-सामाजिक क्रान्तिमा मात्र माओवादी विद्रोहको समाधान संभव छ ।**



शाही सैनिकहरू सैन्य प्रशिक्षणमा




फोटो गुणराज लुइँटेल

# माओवादी विरुद्ध सेना

## शाहीसेनाले कस्तो तयारी गर्दैछ ?

◆ सुधीर शर्मा

माओवादी आन्दोलन शुरू भएको ६५ महिनापछि गत असारमा पहिलोपटक शाही नेपाली सेनाले विद्रोहीहरूको राजधानी मानिने रोल्पामा मोर्चाबन्दी कसेपछि धेरैले ठानेका थिए, अब चाहिँ शाहीसेना र 'जनसेना' माभ भिडन्त हुने नै भएछ । त्यसबेलाको अप्रत्याशित घटनामा सेनाका तीन वटा हेलिकप्टर र तीन जना सैनिक माओवादी गोलीको निशाना बने तापनि भिषण भिडन्तको सम्भावना कम्तीमा तत्काललाई चाहिँ टरेको छ । नयाँ सरकार र माओवादीमाभ एक किसिमको युद्धविराम कायम भएको छ । र, यसले वार्ताको ढोका खोलेको छ ।

तर खतराको बादल पूर्ण रूपमा हटिसकेको छैन । सरकार-माओवादी वार्ताको पछिल्लो प्रयास असफल भएको खण्डमा त्यसबेला निश्चय पनि माओवादीले प्रहरीसँग मात्र होइन, सेनासँगै भिड्नु पर्ने अवस्था आउनेछ र त्यो आजसम्म नभएको भिषण भिडन्तको शुरूवात बन्नसक्छ । त्यसैले होला, सरकार र माओवादी दुवैतर्फका सेनाले कुनै पनि बेला हुनसक्ने युद्धको तयारी छाडेका छैनन् ।

### सेनाको अवज्ञा र विरोधाभाषपूर्ण राज्य-सञ्चालन

माओवादी जनयुद्ध चलेको साँढे पाँच वर्षको अवधिमा सेना माओवादीमाथि प्रत्यक्ष प्रहारमा नउत्रे तापनि आन्तरिक सुरक्षासँग सम्बन्धित उसका सम्पूर्ण गतिविधि यसैतर्फ लक्षित छन् । 'माथि'बाट ग्रीन सिगनल आउनासाथ विद्रोहीसँग भिड्न जाने तयारी उसले गरेको छ । तर त्यो 'माथि' सिंहदरवार नभइकन राजदरवार भएकाले जनताबाट निर्वाचित सरकारले चाहेर पनि सेना सञ्चालन गर्नसक्ने अवस्था छैन । र, राज्यको शक्ति सन्तुलनमा रहेको यो विरोधाभाषबाट सबभन्दा ठूलो फाइदा माओवादीले नै पाउँदै आएका छन् ।



> "सेनाले मन्त्रिपरिषदको निर्णय नमानेकाले गिरिजाबाबुले राजीनाम्मा दिनुपरेको हो ।"
>
> *- शैलजा आचार्य*

रोल्पाको नुवागाउँ क्षेत्रमा असारको अन्त्यदेखि भएको सेनाको तैनाथीका क्रममा पनि त्यस्तै भयो । त्यहाँ गएको सैन्य टोलीले माओवादीद्वारा होलेरीबाट अपहरित ६९ जना प्रहरीलाई छुटाउने म्याण्डेट पाएको थियो । तर सरकारका तर्फबाट सो उद्धार कार्यलाई पूर्ण रूपको सैनिक अपरेशनका रूपमा प्रचार गर्दै सेनालाई अपरिपक्व स्थितिमा आक्रामक अभियान चलाउन दवाब दिइएको थियो, जुन कुरा सेनाले मानेन । सेनाको अवज्ञाका पछाडि

राजदरवारको थाप रहेको जाने बुझेका व्यक्तिहरू दावी गर्छन् । उनीहरूको भनाइमा सोही विषयमा राजासँग विवाद भएपछि पार्टीभित्र र बाहिर सबैतिर अलोकप्रिय भइसकेका गिरिजाप्रसाद कोइरालाले अन्ततः प्रधानमन्त्रीको पदबाट राजीनामा दिने निर्णय गर्नुभएको थियो । स्मरण रहोस्, कोइरालाले सरकार बनाउनासाथ बारम्बार राष्ट्रिय सुरक्षा परिषदलाई सक्रिय पार्ने र सेना परिचालन गर्ने घोषणा गर्नुभएको थियो । तर उहाँले यी कामहरू गर्न सक्नु भएन ।

कांग्रेस नेतृ शैलजा आचार्यले साउन ८ गते वीपी चिन्तन प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा बोल्दै भन्नुभयो, "सेनाले मन्त्रिपरिषदको निर्णय नमानेकाले गिरिजाबाबुले राजीनामा दिनुपरेको हो ।" यसअघि कांग्रेस केन्द्रीय कार्य समितिको बैठकमा निवर्तमान मन्त्री गोविन्दराज जोशीले पनि कोइरालाको राजीनामाले दरवार बलियो भएको टिप्पणी गर्नुभएको कुरा प्रकाशमा आएको थियो । कोइरालाको राजीनामा आउनुभन्दा केही दिनअघि मात्र उपप्रधानमन्त्री रामचन्द्र पौडेल सरकारबाट बाहिरिनुको एउटा कारण सेनासँगको मतभिन्नता नै थियो भन्नेहरू पनि कम छैनन् ।

## *सेनामाथिको नियन्त्रण : राजाको कि सरकारको ?*

दरवार र सरकारका बीच सेनामाथिको नियन्त्रणको विषयलाई लिएर निरन्तर द्वन्द्व चल्दै आएको छ । सरकारले चाहँदा पनि सेना परिचालन हुन नसकेको अवस्था त पहिलेदेखि नै छँदै थियो, २०५७ सालको दशैंको मुखमा माओवादीले डोल्पा जिल्लाको सदरमुकाम दुनैमा आक्रमण गर्दा त्यहीं नजिकैको सैनिक टुकडीले प्रतिकार नगरेको कुराले त सार्वजनिक विवादकै रूप लिएको थियो । सो घट्ना भएको लगत्तै सेनाले सरकारलाई असहयोग गरेको भन्दै सार्वजनिक टिप्पणी गर्ने तत्कालीन गृहमन्त्री गोविन्दराज जोशीले पदबाट राजीनामा दिनुपऱ्यो भने आईजीपी अच्युतकृष्ण खरेल पदमुक्त गरिनु भएको थियो ।

शाही नेपाली सेना परम्परागत र व्यवहारिक रूपमा राजसंस्थाप्रति बफादार रहँदै आएको छ भने संवैधानिक प्रावधानले पनि त्यसैलाई बल पुऱ्याएको छ । नेपाल अधिराज्यको संविधानको धारा ११८ अनुसार, प्रधानमन्त्री अध्यक्ष, रक्षामन्त्री र प्रधानसेनापति सदस्य रहेको राष्ट्रिय सुरक्षा परिषदको सिफारिसमा राजाबाट सेनाको सञ्चालन र प्रयोग हुन्छ । संविधानले सेनाको परमाधिपति राजालाई नै मानेको छ र सैनिक ऐनमा पनि शाही नेपाली सेनालाई "श्री ५ को सेना"कै रूपमा परिभाषित गरिएको छ ।

नेपालमा राज्यको शक्ति सन्तुलनमा सबभन्दा ठूलो विरोधाभाष यही रहेको छ कि, यहाँ राष्ट्र प्रमुख आफै शक्तिसम्पन्न सेना प्रमुख रहेकाले सरकार प्रमुखले चाहँदैमा सेनाको प्रयोग हुनसक्ने अवस्था छैन । यसमाथि जेठ १९ गतेको राजदरवार हत्याकाण्डअघि तत्कालीन राजा बीरेन्द्रसँग माओवादीको 'अघोषित कार्यगत एकता' रहँदा त अझ अप्ठ्यारो अवस्था रहेको जानकार व्यक्तिहरू बताउँछन् । त्यसबखत सरकारको नीतिप्रति सेनाले किन बेवास्ता गर्दोरहेछ भन्ने कुरा त अहिले आएर खुलेको छ । तर अहिले पनि खासगरी रोल्पाको घट्नापछि सेनाको भूमिकालाई केही नेताहरू असामान्य ठान्छन् । यसलाई उनीहरू माओवादीले नयाँ राजा ज्ञानेन्द्रसँग पनि सम्बन्ध सुधारेको हुनसक्ने संकेत पनि ठान्छन् ।

नेकपा (माओवादी)ले चलाएको 'जनयुद्ध'को प्रतिकार गर्न अहिलेसम्म नेपाल प्रहरीलाई मात्र अघि सारिएको थियो । तर प्रहरी सो कार्यमा पूर्णतः विफल भइसकेको छ । गृह मन्त्रालय सूत्रका अनुसार, प्रहरी प्रधान कार्यालयले रोल्पा, रूकुम, सल्यान र जाजरकोट जिल्लामा सेना परिचालन गरिनुपर्ने सुझाव २०५६ असारमै दिएको थियो । त्यसपछि सोही वर्ष चैतमा सम्पन्न वरिष्ठ प्रहरी अधिकृतहरूको सम्मेलनले पनि ती चार जिल्लासहित प्युठान र कालीकोटमा पनि सेना सञ्चालन हुनुपर्ने निष्कर्ष निकाल्यो । तर सेना मैदानमा गएन, बरू त्यसको विकल्पका रूपमा अर्धसैन्य प्रकृतिको सशस्त्र प्रहरी बल खडा गरियो ।

*सेनाबाट आधारभूत सशस्त्र प्रहरी तालिम लिएका प्रहरी जवानहरु शपथ खाँदै*
*(फोटो सौजन्य : डी.बी. शाही)*



नेपालमा राज्यको शक्ति सन्तुलनमा सबभन्दा ठूलो विरोधाभाष यही रहेको छ कि, यहाँ राष्ट्र प्रमुख आफै शक्तिसम्पन्न सेना प्रमुख रहेकाले सरकारप्रमुखले चाहँदैमा सेनाको प्रयोग हुनसक्ने अवस्था छैन



*प्रधान सेनापति : प्रज्ज्वल शमसेर जबरा*

## *सेनाको तयारी*

सेनाको आजसम्मको प्रकट भूमिका माओवादी गतिविधिको सूक्ष्म अध्ययन र विश्लेषण गर्नमा मात्र सीमित रहेको छ । तर सरकारले त्यससम्बन्धी जानकारी माग्दा समेत कम महत्वपूर्ण कुरा मात्र उपलब्ध गराउने गरेको रक्षा मन्त्रालयको सूत्र उल्लेख गर्छ । तर सेनाकै गुप्तचर संयन्त्रले तयार पारेको रिपोर्टका आधारमा राजदरवारले सरकारसँग बेलाबखत सोधीखोजी गर्नेगर्छ । फागुन २०५६ मा तत्कालीन राजा वीरेन्द्रद्वारा प्रधानमन्त्री, सभामुख र राष्ट्रिय पार्टीका प्रमुखहरू गरी झण्डै १० जनालाई माओवादी गतिविधिका बारेमा त्यस्तै जानकारीयुक्त तर प्रश्नवाचक पत्र पठाइएको थियो ।

खासगरी सुर्खेतमा मुख्यालय रहेको सेनाको नं. ४ बाहिनीले मध्यपश्चिम क्षेत्रको माओवादी जनयुद्धलाई नजिकबाट विश्लेषण गरिरहेको छ । जनयुद्ध शुरू भएपछि अमलेखगञ्जमा रहेको सेनाको 'प्रति-विद्रोह एवम् जंगल युद्धकला तालिम केन्द्र'मा पहिलेभन्दा धेरैलाई तालिम दिइन थालेको छ । त्यस्ता तालिम प्राप्त सैनिकहरू पाँच हजारको हाराहारीमा पुगिसकेको सैनिक सूत्र बताउँछ । यसबाहेक भारत, मिजोरमको भेरेङटीस्थित काउण्टर इन्सर्जेन्सी ट्रेनिङ स्कूल र अरू विदेशी मुलुकमा गुरिल्ला युद्धको प्रशिक्षण लिएको जनशक्ति पनि सेनासँग छ । शहरी एवम् ग्रामीण गुरिल्लाहरूको प्रतिकार गर्ने एलिट फोर्सका रूपमा तयार पारिएको भैरवनाथ गणको 'घ' र 'ङ' गुल्मलाई काठमाडौंको महाराजगञ्जमा तैनाथ राखिएको छ ।

जनयुद्ध शुरू भएको लगत्तै सेनाले छानिएका प्रहरीहरूलाई पनि विशेष तालिम दिएको थियो, जसबाट करीव चार सय जनाको 'विशेष कार्यदल' नामको कमाण्डो प्रहरी गठन गरिएको थियो । गत साल सेनाले अमलेखगञ्जस्थित आफ्नो जंगल युद्धकला तालिम केन्द्र र क्षेत्रीय प्रहरी तालिम केन्द्रहरूमा थप प्रहरी अधिकृतहरूलाई प्रति-विद्रोहको प्रशिक्षण दियो ।

गत साल दशैंको मुखमा माओवादीले डोल्पाको सदरमुकाम दुनैमा आक्रमण गर्दा सेनाको भूमिकालाई लिएर आलोचना भएपछि चाहिं माओवादीविरूद्धको सरकारी अभियानमा सेनाको संलग्नता अलि बढेर गयो । सो घटनापछि १६ जिल्लाका सदरमुकाममा





## माओवादीविरूद्ध सेनो परिचालनका निम्ति अरू शर्तहरूभन्दा पनि राजाको सहमति वा असहमति निर्णायक बन्ने गर्छ

सेना तैनाथ गर्ने कार्य सम्भव भयो । सेनाले आफूसँग भएका पुराना सेल्फ लोडिङ राइफल (एसएलआर)हरू सशस्त्र प्रहरी बललाई बेचेर जर्मनको हेक्लर एण्ड कोच कम्पनीबाट जी-३६ नामको नयाँ अत्याधुनिक हतियार किन्ने प्रक्रिया अघि बढायो । यससँगै राति पनि उडाउन मिल्ने 'नाइट भिजन'सहितका दुइटा रसियन हेलिकप्टर खरीद गर्ने सम्झौता भयो । सो घटनाक्रमले सेनाले माओवादीसँगको आसन्न युद्धको तयारी थालेको स्पष्ट संकेत दियो । यसमाथि 'एकीकृत आन्तरिक सुरक्षा एवम् विकास योजना' लागू गरिएपछि त माओवादीविरूद्ध सेनाको भूमिका झन बढेको आभाष भयो । सैनिक सूत्र बताउँछ, "वास्तवमा सेनाको योजना मान्छेले सोचेको जस्तो आक्रामक कार्वाहीबाट नभई मनोवैज्ञानिक अभियानबाट बढी निर्देशित रहिआएको छ ।"

अघिल्लो सरकारका पालामा गत साल चैतदेखि लागू गर्न खोजिएको 'एकीकृत आन्तरिक सुरक्षा एवम विकास योजना' सेनाले तयार पारेको यस्तै मनोवैज्ञानिक अभियानको एउटा अंश हो । सो योजनाका लागि गोरखालाई नमुना जिल्लाका रूपमा छानेर त्यहाँ जेठ ३ गतेदेखि नै सेना परिचालन गरिएको थियो भने असारको अन्त्यतिर आएर पहिले रूकुममा र अनि त्यसपछि रोल्पाका केही गाउँहरूमा पनि सेनालाई पुऱ्याइयो । यो योजना सल्यान, जाजरकोट, प्युठान र कालीकोटमा पनि लागू गर्ने बताइएको छ ।

शाही नेपाली सेनाद्वारा विकास र सुरक्षाको संयुक्त प्याकेजका रूपमा प्रस्तुत यो योजना अमेरिकाले भियतनाम युद्धमा हार खाएपछि कम्युनिष्ट गुरिल्लाहरूको मुकाबिला गर्न तयार पारेको 'इन्टरनल डिफेन्स एण्ड डिभलपमेन्ट (आईडयाड) प्रोग्राम'को नेपाली संस्करण मात्र हो । यो योजनाको उद्देश्य माओवादी प्रभावित क्षेत्रमा ठप्प रहेका विकास निर्माणका कामलाई पुनः सक्रिय पार्ने र त्यसका लागि सेना-प्रहरीले सुरक्षा प्रदान गर्ने भन्ने रहेको छ । प्रस्तुत योजनामा सेनाको भूमिका पछाडि बसेर नागरिक प्रशासनलाई सघाउने मात्र रहेको छ । तर यो योजना आफैमा पूर्ण नरहेको विशेषज्ञहरू बताउँछन् । आठ महिनाअघि सेनाबाट अवकाशप्राप्त कर्णेल ज्ञानजंग थापा भन्नुहुन्छ, "यो योजना आफैमा नराम्रो होइन । तर नेपालमा भने यसलाई सोझै 'कपि' गरिएको छ, यहाँको परिस्थिति सुहाउँदो छैन । यसको न रणनीति प्रष्ट छ, न त योजना पूर्ण छ । योजना तर्जुमा गर्ने 'रेडिमेड' विधि मात्र छ, त्यसलाई लागू गर्नका लागि चाहिने पर्याप्त संयन्त्र बनाइएको छैन । एउटा जावो क्षेत्रपाल राखेर कहीं त्यत्रो योजना सम्भव हुन्छ ।"

### *सेनाका शर्तहरू*

सेनाले आफू माओवादीविरूद्ध सोझै आक्रामक कार्वाहीमा उत्रनु पर्ने हो भने तीन वटा शर्तहरू पूरा गरिनु पर्ने माग राखेको छ । पहिलो, दुश्मन को हो भन्ने कुरा प्रष्टसँग परिभाषित हुनुपर्छ र माओवादीलाई आतंककारी घोषित गरिनुपर्छ । दोस्रो, सेना परिचालन हुने क्षेत्रमा संकटकालीन स्थितिको घोषणा हुनुपर्छ । तेस्रो, सैनिक कार्वाहीको स्थानीय कमाण्ड सेनालाई नै दिइनुपर्छ । तथापि बुझ्न सकिने कुरा के हो भने, सेना परिचालनका निम्ति यी शर्तभन्दा पनि राजाको सहमति वा असहमति निर्णायक बन्ने गर्छ । माओवादी विरूद्ध सेना परिचालनको चर्चा चल्दा प्रधान सेनापति प्रज्वलशमशेर जबराले कहिले 'सर्वदलीय सहमति' र कहिले 'राजनैतिक प्रतिवद्धता' को कुरा उठाउनुलाई जानकार व्यक्तिहरू दरबारकै बोली ठान्छन् ।

सेनाका पूर्व ब्रिगेडियर जनरल एवम् राष्ट्रिय सभाका मनोनित सांसद दीप्तप्रकाश शाह भन्नुहुन्छ, "अहिलेको अन्तर्राष्ट्रिय परिस्थितिमा आन्तरिक गडबडीमा सेनालाई सोझै दमनात्मक कार्वाहीमा उतार्नुभन्दा सुधारात्मक कार्यमा लगाउनु नै श्रेयस्कर हुन्छ । सेनाले त्यस्तो अभियानमा 'सिभिल पपुलेसन' (सामान्य जनता)को 'सपोर्ट' पाएपछि मात्र प्रभावकारी काम गर्नसक्छ । नेपालको सन्दर्भमा यो कुरा झन महत्वपूर्ण छ ।"

शाही सेना र माओवादी 'जनसेना' माझ हालसम्म प्रत्यक्ष भिडन्त नहुनुमा माओवादी पक्षको सेनालाई नछुने नीतिले पनि काम गरेको छ । रोल्पाको नुवागाउँ क्षेत्रमा शुरूको अन्यौलपूर्ण स्थितिमा गोली चलाए पनि पछि माओवादीले सेनासँग भिड्ने आफ्नो नीति नरहेको बताएका थिए । दुनै काण्डपछि विभिन्न १६ जिल्लाका सदरमुकाममा तैनाथ गरिएका सेनामाथि पनि कहीं कतै हमला भएको छैन । फागुन २०५५ देखि टेलिफोनका ५६ वटा र रेडियोका ८ वटा टावरहरूको सुरक्षार्थ सेना तैनाथ गरिएपछि त्यहाँ पनि माओवादी आक्रमण भएको छैन । यसअघि प्रहरीको सुरक्षामा रहेको दूरसञ्चार संस्थानका १४ वटा टावरलाई माओवादीले हमला गरी क्षतिग्रस्त तुल्याएका थिए । माओवादी गढ मानिने इलाकाहरूमा सेनाले निस्फिक्रीकासाथ सडक खन्दा (जस्तै, निर्माणाधीन सल्यान-रूकुम सडक) पनि कुनै किसिमको अवरोध खडा गरिएको छैन ।

बरू पछिल्लो कालमा आएर माओवादीले शाही सेनामा विग्रह र विद्रोह गराउन आफ्नो पहुँचबाट हुनसक्ने कोशिश गरेका थिए । बामपन्थी नेता राधाकृष्ण मैनाली भन्नुहुन्छ, "माओवादीहरूले अघि-पछिको घटनाक्रम जोडेर हेर्ने क्रमसा राजदरबार हत्याकाण्डको सूत्रधार राजा ज्ञानेन्द्र रहेको राजनीतिक निष्कर्षमा पुगेका थिए । त्यो कुरा सावित गर्न सकेमा सेनामा विद्रोह हुनेछ र आफूले घोषणा गरेको सरकारले समर्थन पाउनेछ भन्ने विश्लेषण उनीहरूले गरे । तर त्यो मनोगतवादी धारणा भएकाले उनीहरूको कुनै 'क्यालकुलेसन' मिलेन र अहिले उनीहरू आफैंले गल्ती महसुस गरे जस्तो देखिन्छ ।"

हुन पनि रोल्पामा एकाएक सेना परिचालन भएपछि माओवादीले आफूलाई लचिलो पार्दै एक कदम पछाडि सरेर वार्ताको कार्ड फ्याँकेका छन् । र, अनुदारवादी कोइराला सरकारको ठाउँमा उदारवादी देउवा सरकार आएपछि राजाप्रतिको आफ्नो दृष्टिकोण पनि फेरिएको भान पारेका छन् । यी सम्पूर्ण कदमबाट तत्काल सेना परिचालन नहुने वातावरण सिर्जना भएको छ, जसबाट अरूलाई भन्दा पनि बढी माओवादीलाई नै बढी रणनैतिक लाभ मिल्ने निश्चित छ । ❑

**नुवागाउँ होलेरी काण्डको वास्तविकता**

◀ **आवरण कथा**

# माओवादी 'जनसेना'को भूमिका कस्तो रह्यो ?

❑ दामोदर तिमल्सिना, *नुवागाउँबाट फर्केपछि*

### घटनाक्रम

असार २८ गते बिहानै होलेरी चौकी कब्जा गरेको सफलतामा २९ गते नुवागाउँको अरनिको माध्यमिक विद्यालयमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) जिल्ला कमिटी, रोल्पाको तर्फबाट आफ्ना 'जनसेना'लाई अभिनन्दन गर्ने तयारी भैरहेको थियो । स्वागत समारोहमा अपहरण गरिएका ६७ प्रहरी र ५ जना परिचरहरूमध्ये माओवादीको कालो सूचीमा नचढेका केही 'अनलिस्टेड'हरूलाई छाड्ने कार्यक्रम पनि थियो । ०५२ फागुन १ गते होलेरी चौकी 'रेड' गरेपछि औपचारिक रूपमा माओवादी जनयुद्ध शुरू भएको थियो । र, अहिले पनि सोही चौकी कुशलतापूर्वक 'रेड' गर्दा उनीहरू खुशीले फुरुङ्ग थिए । अपहरित प्रहरीहरूसहित नुवागाउँको माथ्लो टोल ह्याङ्मा तैनाथ हजार/बाह्रसय माओवादी 'जनसेना'ले बिहानको खाना खान हतारो गरिरहँदा आकाशमा चारवटा हेलिकोप्टरहरू फन्फनी घुम्नथाले र, ती साह्रै नजिकिए । हेलिकोप्टरहरूमा आधुनिक हात-हतियारले सज्जित मानिसहरू देखेपछि 'जनसेना'ले सोचे- 'एस.एल.आर., स्टेनगन, तोपसहितका दंगाहरू आएछन्, अब यिनीहरूलाई निशस्त्र बनाउनुपर्छ ।'

'हेलिकोप्टरहरूबाट फायरको धुवाँ आएपछि' 'जनसेना'ले पनि हेलिकोप्टरमा फायर गरे, जसबाट क्याप्टेनसहितका तीनजना सैनिकहरू घाइते भएको कुरा उनीहरूलाई पछिसम्म थाहा थिएन । ती सैनिकहरू नै हुन् भन्ने निश्चित भएपछि पनि उनीहरूले हेलिकोप्टर बस्न दिएनन् । साँझ ६:३० सम्म ह्याङ्मा हेलिकोप्टर राख्ने योजना सफल नभएपछि एउटा हेलिकोप्टरले ह्याङ्भन्दा धेरै टाढा मैनिकाट्ना डाँडामा ४२ जनाको सैनिक शक्ति उताऱ्यो । र, त्यो शक्ति सिधै नुवागाउँको तल्लो गाउँ त्रिवेणीको खाली टापुमा आएर बस्यो । त्यसपछि ह्याङ्का 'जनसेना'को शक्ति पनि त्रिवेणीमै तैनाथ गरियो ।

त्यसबीचमा जनताको प्रतिक्रिया कस्तो देखियो होला ?

'ओहो....कुनै पनि समयमा बम र बन्दूक थाप्लामा आउने चिन्ताले हामी बुईगलमा लुक्यौं । अब भिडन्त हुँदैन भन्ने निश्चित भएपछि मात्र छातीको ढुकढुक रोकियो ।' अरनिको माध्यमिक विद्यालयका शिक्षक हिरामणि बाठा भन्छन्- 'दिनभरि आकाशमा घुमेका हेलिकोप्टरहरूको आवाजबाट उत्पन्न आतंक र जनसेनाको बम-गोलाबारी नरोकिँदासम्म कोही पनि घरबाट निस्किएनन् ।'

रेडियो नेपाल र बि.बि.सि. नेपाली सेवाले घटनाको राति 'सयौं हताहत हुनसक्ने अनुमान' भन्दा त्रिवेणी गाउँकालाई लाग्यो- पक्कै ह्याङमा गडबडी भयो होला । र, ह्याङ्ग गाउँकालाई लाग्यो- पक्कै त्रिवेणीमा गडबडी भयो होला । तर गडबडी केही नभएको सुन्दा र जनजीवन अपेक्षित रूपमा शान्त हुँदै जाँदा पनि रेडियोले एउटै कुरो फुकिरहँदा उनीहरूलाई दिक्क लाग्यो । रेडियो काँधमा भुन्ड्याएर घोडामा सामान राख्ने नुवागाउँको बाटो ओहोरदोहोर गर्ने व्यापारी हारमान बुढाले आफ्नो रेडियोतिर संकेत गर्दै टिप्पणी गरिहाले- 'दुनियाँमा यो भन्दा फटाहा र चुतिया कुरा केही रहेनछ ।'

### घेराउ र वार्ता

माओवादीहरूको दावीअनुसार, त्रिवेणीमा ४२ जनाको सैन्य शक्तिलाई १२ सय जनाको 'जनसेना'ले वरिपरिबाट घेऱ्यो । र, त्यतिबेला पनि दुवैतिरबाट हवाई फायर भयो ।

'तिमीहरू को हौ, कहाँ जान आएका, भिड्न आएका हौ कि ?' - माओवादी 'जनसेना'को तर्फबाट माइकिङ्गपछि माइक नभएका शाही सेनाले माइकजत्रै ठूलो स्वरले हातको माइक बनाएर उत्तर दिएका थिए- 'होइन, हामी तालिम भन्नेर आएका हौं, लड्ने योजना छैन, हेलिकोप्टर बस्न दिनुहोस्, हामी गैहाल्छौं ।'

'जनसेना'ले हेलिकोप्टर बस्न नदिने तर होलेरी नाका (दाङ निस्कने नाका) हिंड्दै जान भने दिने कुरा बताएका थिए । यसरी माओवादी र सेनाबीच पहिलो वार्ता शुरू भएको थियो ।

माओवादी सैन्य विभागका नेता विकल्पका अनुसार, तुरुन्तै नुवागाउँ जनसमितिका सदस्य संकल्पमार्फत् सेनालाई एउटा पत्र पठाइयो ।

माओवादीहरूको दावी छ- तैपनि सेनाले हवाई फायरिङ्ग गर्न छाडेन । र, 'जनसेना' पनि बाध्य भएर 'एमिङ' गर्दै अगाडि बढे । विकल्प भन्छन्- "ठीक यही समयमा सेनाका कमाण्डर चिच्याए- 'कमाण्डर, तपाईंका सैनिकहरूलाई रोक्नुहोस् र हामी वार्ता गरौं ।' जनसेना रोकिए । तुरुन्तै निशस्त्र सैनिकमार्फत् शाही सेनाको कमाण्डरद्वारा लेखिएको पत्र आइपुग्यो ।

पत्र आदानप्रदानपछि माओवादी 'जनसेना' र सेनाबीच भेट गरेरै वार्ता गर्ने कार्यक्रम बन्यो । निशस्त्र सैनिकका रूपमा माओवादीका तर्फबाट 'जनसेना'का विश्वास र अभय खटिए भने शाही सेनाका तर्फबाट पनि दुईजना प्रतिनिधिहरू



*नुवागाउँमा माओवादी जन मिलिशियाहरू छलफल गर्दै*

**शुक्रवार साँझदेखि माओवादीको एक टिमले त्रिवेणीमा तैनाथ शाही सेनालाई घेरिरहँदा अर्को टिमले ह्याङ्गबाट राईवाङ्ग हुँदै अपहरित प्रहरीहरूलाई सिमाना कटाइसकेको थियो**

खटिए । माओवादीको दावीअनुसार, वार्तामा सेनाका प्रतिनिधिहरूले विवेक र विचारले लड्ने माओवादीसँग आदेशले लड्ने आफूहरूको हार निश्चित भएको बताएका थिए । बरू सिंगो राष्ट्रिय शक्ति मिलेर कालापानीमा तैनाथ भारतीय सेनाविरूद्ध लड्नुपर्ने कुरा उठाएका थिए । दुवै पक्षबाट पहिला आफ्नो पक्षले आक्रमण नगर्ने प्रतिबद्धता व्यक्त भएपछि असार ३० गते शनिवारदेखि वार्ता, घेराउ र गस्ती समाप्त भएको थियो । सबै आ-आफ्ना काममा लागेका थिए, कोलाहल, भयग्रस्त र अशान्त जनजीवन पूर्ववत शान्त हुन थालेको थियो ।

## *सेना डराए ?*

अपहरित प्रहरीहरूलाई सकुशल मुक्त गर्ने र कब्जा गरिएका हतियार फर्काउने दुईवटा सरकारी आदेश क्रियान्वयन गर्न नुवागाउँ गएका सैनिकहरूले आफू त्यहाँ जानुको उद्देश्यसमेत बताउन सकेनन्- माओवादीहरूलाई । उनीहरूले हामी तालिमको लागि आएको भन्नु र दुईपक्षीय वार्तामा अपहरित प्रहरीहरूबारे एक शब्द पनि नबोल्नुले त्यस्तो संकेत गर्दछ ।

माओवादी सूत्रहरू के भन्छन् भने शुक्रबार साँझदेखि उनीहरूको एक टिमले त्रिवेणीमा तैनाथ शाही सेनालाई घेरिरहँदा अर्को टिमले ह्याङबाट राईवाङ्ग हुँदै अपहरित प्रहरीहरूलाई सिमाना कटाइसकेको थियो । ने.क.पा. (माले) जिल्ला कमिटी, रोल्पाका सदस्य हरि बस्नेत ३० गते शनिबार नै आफूले भेटेका राईवाङका मानिसहरूलाई उद्धृत गर्दै भन्छन्- 'सो दिन रूमालले पछाडि हात बाँधेर प्रहरीहरूलाई रूकुमपट्टि लगिएको थियो ।'

सैनिकहरू ३१ गते त्रिवेणीबाट करिब एक किलोमीटर पश्चिमपट्टिको कब्जिङ डाँडामा सरेका थिए । र, त्यहाँ एक दिन बसेर उनीहरू साउन १ गते बुढा गाउँतिर उकालो लागेका थिए ।

त्यति सजिलै शाही सेना नुवागाउँबाट बुढागाउँ किन गयो त ?

यसलाई दुई ढंगले बुझ्नुपर्ने देखिन्छ । एक, सेनाको माओवादीहरूसँग बलजफ्ती गरेर कुनै पनि मूल्यमा आफ्नो काम सफल पार्ने उद्देश्य नै थिएन । दोस्रो, उपलब्ध थोरै शक्तिले बल प्रयोग गर्ने र अपहरित प्रहरी खोस्ने स्थिति नै भएन । जे होस्, सरकारले सोचे अनुसारको र सुम्पिएको काम भने सेनाबाट नभएकै देखियो । किनभने सरकारी संचार माध्यमबाट सरकारले 'सेनाले आतंककारीलाई तह लगाउने र अपहरित प्रहरी तथाहतियार सहित खोस्न भनेर प्रचार गरिहँदा उता नुवागाउँमा चाहिँ सेना र माओवादीबीच सहज रूपमा वार्ता र एकअर्का बीच नलड्ने सम्झौता भैरहेको थियो । र सेनाले पत्रै लेखेर माओवादी जनसेनालाई आफ्नो बाटो लाग्न भनिरहेको थियो ।



*नुवागाउँमा बन्दूक बोकेका महिला मिलिशियाहरू*

फोटो : गौरी प्रधान

**'हेलिकोप्टरहरुबाट फायरको धुवाँ आएपछि' 'जनसेना'ले पनि हेलिकोप्टरमा फायर गरे- जसबाट क्याप्टेनसहितका तीनजना सैनिकहरु घाइते भएको कुरा उनीहरुलाई पछिसम्म थाहा थिएन ।**

सरकारको कार्यक्रमअनुसार सेना रोल्पाका सम्पूर्ण गाउँहरूमा 'स्वास्थ्य सेवा'को कार्यक्रम लिएर जान सकेको छैन । माओवादीहरूले उक्त कार्यक्रममाथि कडा टिप्पणी गर्दै प्रतिक्रियावादीहरूको कार्यक्रम र सिटामोल जनताबाट बहिष्कृत हुने बताएका छ ।

सेना अहिले त्यहाँको भौगोलिक बनावट र जनजीवनको मनोवैज्ञानिक अध्ययन गर्दै निर्णायक युद्धको तयारी गरिरहेको बुझिन्छ ।

सरकारले सेनाको भूमिकाप्रति औपचारिक टिप्पणी गरेको छैन । तर मानवअधिकारवादी कल्याणदेव भट्टराईका अनुसार, तत्कालीन रक्षामन्त्री महेश आचार्यले भनेका थिए- 'सेनाको आफ्नै युद्ध रणनीति हुन्छ । हामीले अपहरित प्रहरी र कब्जा भएका हतियार ल्याउन आदेश दिएका हौं । आदेश पूरा गर्ने क्रममा उनीहरू यताउता जाने, पछि सर्ने, ठाउँ सर्ने इत्यादि गर्न सक्छन् । सामान्य वार्ता पनि गर्न सक्छन् ।'

तत्कालीन रक्षामन्त्रीको भनाइले सेनाले माओवादीसँग वार्ता गरेको कुराकै पुष्टि गर्दछ र सेना रणनीतिक रूपमा नुवागाउँमा उद्देश्य हासिल गर्न असफल भएपछि बुढागाउँमा केन्द्रित भएको संकेत गर्दछ ।

## *केही रहस्यहरू*

जेहोस्, दुवै पक्षको संयमताका कारण मुठभेडको स्थिति भएन । र, शुरू भैसकेको गृहयुद्धको सम्भावना तत्काललाई टऱ्यो । तर घटनामा कोही, कसैलाई, केही नभएपनि 'सयौं हताहत', 'स्थिति तनावग्रस्त', 'सेनाको घेरा अझै मजबूत' 'सुरक्षाका सबै अंङ्ग परिचालित', 'आतंककारीहरू कब्जामा पर्ने लागे' भनेर सरकारी संचारमाध्यम र विभिन्न संयन्त्रहरूमार्फत् किन प्रचार गराइयो होला ? कहाँसम्म भने होलेरीकाण्डमा माओवादीबाट मारिएका प्रहरी जवान राजबहादुर गिरीको लाश केही दिनपछिसम्म उठाउने हिम्मतसमेत स्थानीय प्रशासनले गरेको थिएन । ४ दिनपछि मृतकका बाबु आएपछि डुङडुङ गन्हाइसकेको लाशलाई स्थानीय जनताहरूको सहयोगमा 'पोष्टमार्टम'विना गाडिएको थियो ।

होलेरीकाण्डपछि आएका गलत सूचनाहरूको आधारमा सरकारी मानसिकतालाई दुई ढंगबाट बुझ्न सकिन्छ । एक, सरकार सेना परिचालनपछिको नुवागाँउका घटनाक्रमहरूबाट पूरै बेखवर थियो । दुई, घटनाक्रमहरू थाहा पाएर पनि सरकारले जनतालाई ढाँट्यो । राजनीतिक रूपमा हेर्दा पहिलो तर्कको आधार धेरै बलियो देखिँदैन । किनभने 'आन्तरिक सुरक्षा तथा विकास योजना' लागु भैसकेपछि सेना र माओवादीबीच मुठभेडको स्थिति सिर्जना भएको यो पहिलो पटक हो, जहाँ हेलिकोप्टरबाट नउत्रिँदै तीनजना सैनिकहरू माओवादीको गोलीबाट घाइते भए । सैनिकहरू चाहिँ घाइते भएको तर माओवादीहरूलाई चाहिँ केही नभएको प्रचारले सैनिकहरू मानसिक रूपमा हतोत्साहित हुन्छन् या माओवादीविरूद्ध सेना परिचालन गर्ने आफ्नो कार्यक्रम नाकाम हुन्छ भनेर त्यस्तो झूठो प्रचार गरिएको हुनसक्छ ।

सेना र माओवादीले पत्राचार गरेरै एकअर्काविरूद्ध नलड्ने बरू राष्ट्रहितको लागि लड्ने बताउनु र सेनाले आफू केन्द्रित भएको क्षेत्र नै छाड्नु तर, माओवादीहरूचाहिँ अपहरित सम्पूर्ण प्रहरीहरू र कब्जा गरिएका सम्पूर्ण हात-हतियारसहित आफ्नो सुरक्षित सेल्टरमा पुग्नु सरकारको लागि ठूलो असफलताको विषय थियो ।

## *सेनालाई चुनौती*

माओवादीहरू होलेरीकाण्डलाई सामान्य घटनाको रूपमा बुझ्छन्, सेना परिचालनलाई पनि सामान्य रूपमै बुझ्छन् । जिल्ला सेक्रेटरी सिजल भन्छन्- 'साढे पाँच वर्षअगाडि, जतिबेला हामी खुकुरी र घङ्गारूको लट्ठीले युद्ध लड्थ्यौं, त्यतिबेला पनि हामीले सोचेका थियौं : दुश्मनको अन्तिम हतियार सेना हो, अन्त्यमा हामीले सेनासँग लड्नैपर्छ । तर आज हामी जनसेनाविहीन अवस्थाबाट जनसेनासम्पन्न, सत्ताविहीन अवस्थाबाट सत्तासम्पन्न र शक्ति सन्तुलनको तहमा आइपुगेका छौं । सेना आउँछ, तर उसले आफ्नो मृत्यु पनि सँगै लिएर आउँछ भन्ने हाम्रो उद्घोष हो ।'

## सरकारविहीन रोल्पा

'अनवरत क्रान्तिकारी अभ्यासबाट' स्थानीय जनसत्ताहरू निर्माण भएको बताउँदै एकै ठाउँमा दुईवटा सत्ताहरू चल्न नसक्ने निष्कर्षसहित प्रतिक्रियावादी राज्यसत्ता ध्वस्त गर्ने योजनामा प्रस्तुत भैरहेका छन्- माओवादीहरू । यतिबेला होलेरीकाण्डपछि रोल्पामा जिल्ला प्रहरी कार्यालयमात्र औपचारिक रूपमा अस्तित्वमा छ । केही ठाउँका 'साइनबोर्ड' नटाँसिएका कार्यालयहरू र राति 'अल आउट' भएर गाउँमा सुत्ने प्रहरीहरूलाई पनि माओवादीहरूद्वारा क्रमशः अस्तित्वहीन बनाइने तयारी चलिरहेको बुझिन्छ ।

**'विकास-निर्माणका काम र खर्चहरू पारदर्शी ढंगले नराख्नु र आफ्ना जनसभा र सांस्कृतिक कार्यक्रमहरूमा जनतालाई आतंकित बनाउँदै बटुल्नु उनीहरूको मुख्य कमजोरी हो ।'**



*छापामारहरूको बीचमा मानवाधिकारवादी र पत्रकारहरू* फोटो : दामोदर तिमल्सिना


रोल्पामा श्री ५ को सरकारका स्वास्थ्य र शिक्षाका कार्यक्रमहरू माओवादीहरूले आफ्नै ढंगले उपयोग गरेका छन् । विद्यालयहरूमा 'जनवादी शिक्षा'को पाठ्यक्रम समाविष्ट गरिएको छ भने स्वास्थ्य चौकीहरूमा सरकारी लेटर प्याडहरू फ्याँकेर आफ्नै पार्टीका नामका लेटर प्याडहरू प्रयोगमा ल्याइएका छन् । गाउँ विकास समितिको बोर्ड फ्याँकेर तिनै भवनमा गाउँ जनसमितिका बोर्डहरू राखिएका छन् । गा.वि.स. अध्यक्षहरूको अस्तित्व छैन, उनीहरू सदरमुकामबाट गाउँसम्म बजेट लगिदिने हुलाकी बनेका छन्, माओवादीहरूका लागि ।

रोल्पा जिल्ला जनसरकारका सदस्य प्रदिप रोकाका अनुसार, पार्टी मुख्यतः ध्वंशको प्रक्रियामा भए पनि स्थानीय सत्ताको ध्यान विकास-निर्माणमा पनि गएकै छ । जनसत्तालाई व्यवस्थित र पूर्णता दिने अभियानसँगै बाटाघाटा, पुलपुलेसा, शहीद गेट र शहीद स्मारकहरू निर्माण भैरहेको बताउँछन् उनी । उनको दावी छ- "जनताको आर्थिक पुनर्निर्माणका लागि श्रम अभियान, श्रम शिविर र सहकारी संस्थाहरू संचालित छन् । जनताहरू घरजग्गा विवाद तथा सामान्य अन्तरविरोधजस्ता प्रशासनिक कामहरू जनसत्ताहरूबाटै सम्पन्न गराउँछन् । प्रतिक्रियावादीहरूका जिल्ला कार्यालय तथा अदालत रिक्त छन् ।"

केही गुनासो चाहिं माओवादीप्रति पनि छ, जनताहरूको । होलेरी बजारका सम्पूर्णजसो घरका भित्तामा गोलीका खोकाहरूले पारेका प्वाल स्पष्टै देख्न सकिन्छ । 'यदि त्यो गोली भ्यालबाट छिरेको भए ...?' आङ्ग जिरिङ्ग बनाउँदै स्थानीय धनराज ओली भन्छन्- 'हामी निर्दोषहरू मारिन्थ्यौं ।'

विकास-निर्माणका काम र खर्चहरू पारदर्शी ढंगले नराख्नु र आफ्ना जनसभा र सांस्कृतिक कार्यक्रमहरूमा जनतालाई आतंकित बनाउँदै बटुल्नु उनीहरूको मुख्य कमजोरी हो ।' – नेकपा (एमाले) नुवागाउँ कमिटीका सचिव कृष्णबहादुर डाँगी भन्छन् ।

*होलेरी घटनाक्रमबारे बुझाउँदै छापामार नेता प्रदीप रोका*



फोटो : दामोदर तिमल्सिना

माओवादी जनसेनाले आफै खान नपुग्नेहरूलाई पनि आफूहरूलाई खाना ख्वाउन वाध्य बनाउँछन् भन्ने अन्य पार्टीहरूको गुनासो छ । स्थानीय जनताहरू उक्त सवालमा मुख फोरेर बोल्नै चाहँदैनन् । यस्तो प्रतीत हुन्छ- उनीहरू यसो गर्न भयभीत पनि छन् । अनि माओवादीहरू चाहिं भन्छन्- 'सधैं जनताको सुख-दुखमा साथ दिने आफ्ना साथीहरूलाई जनताले बोलाएरै खुवाउँछन् ।' तर गरिवी र पीडाबीच बाँचेका आम जनताहरूको कमाइ खाँदा तिनीहरूलाई पर्ने संकटबारे माओवादी पार्टी अनभिज्ञ त छैन ?

वास्तवमा होलेरी काण्डमा भएको नुवागाउँको आतंक माओवादी पार्टीको कारणले पनि सिर्जना भएको हो भन्ने कुरामा अधिकाश जनता सहमत छन् । उनीहरू के भन्छन् भने त्यहाँ तैनाथ 'जनसेना'मध्ये कोही पनि स्थानीय होइनन् । एमाले सचिव डाँगीका अनुसार १, २, ३, ८ र ९ वडाका एकदुई जवान बाहेर कोही पनि माओवादीको गतिविधिमा संलग्न छैनन् ।

'न हामीले चौकी कब्जा गर्नु न हाम्रो सेनासँग दुश्मनी हुनु, न माओवादीसँग नै लिनादेना हुनु, हामी बीचमा पर्‍यौं, अकालमै मर्ने भयौं ।' नाम उल्लेख नगर्न अनुनय गर्ने एकजना स्थानीय शिक्षक भन्छन् , जनताको माझमा, जनताको बस्तीमा थेग्न नसक्ने हिंसात्मक 'घटनाको अन्तिम रूप' थाप्लामा बिसाइदिनेहरूप्रति स्थानीय जनता दिक्क छन् ।

## सरकारप्रति घृणा

प्रष्ट छ, अबोध महिला गंगा वि.क.लाई एकै रात ४२ जना प्रहरीहरूले बलात्कार गरेर निर्मम हत्या नगरेको भए, लीला, लली र कुमारी बुढाहरूलाई जिउँदै नजलाई दिएको भए, चक्रबहादुर डाँगी, चक्रलाल पुन, गेहेन्द्र गिरी, टोपबहादुर डाँगीसहितका दुईसय जनाभन्दा बढी होनहार नागरिकहरूको मुठभेडको नाममा वीभत्स र निकृष्ट हत्या नगरिएको भए, वैधानिक रूपमै आन्दोलन गर्दा पनि हजार जनाभन्दा बढीलाई जेलमा कोचेर निर्मम यातना नदिइएको भए र प्रहरी अप्रेसनमा ७० जनाभन्दा बढीको हत्या नगरिएको भए माओवादी 'जनयुद्ध'ले यो रूप लिइसक्ने थिएन । र, सेनालाई गाउँ-गाउँ सिटामोल पठाएर कथित स्वास्थ्य सेवाको नाममा सरकारले नरसंहारको योजना बुनेको विश्लेषण पनि उनीहरूले गर्ने थिएनन् ।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) जिल्ला कमिटी, रोल्पाकी अध्यक्ष जुनुकुमारी बुढाले होलेरीकाण्डको स्थलगत पर्यवेक्षणमा आएका मानवअधिकारवादीहरूलाई साँच्चै हृदयविदारक प्रश्न गरिन्- 'एउटै महिला ४२ जनाबाट बलात्कृत भएर मारिन्छे, ४८ जना महिलाहरू एकै दिन बलात्कृत हुन्छन् र बस्तीमा आगो लगाएर दर्जनौं मान्छेहरू घरभित्रै मारिन्छन् भने त्यो मावनअधिकारको उल्लंघन हो कि होइन ?'

कार्यकर्ताहरूको आन्दोलनप्रतिको प्रतिबद्धता, जनताको 'क्लियर' सहयोग र मजबूत सूचना संयन्त्र माओवादी पार्टीका अनुकरणीय पक्षहरू हुन् ।

होलेरीकाण्डको क्रममा सेनाले नुवागाउँ छाडे पनि सेना परिचालनको कार्यक्रम क्रियान्वयनमै भएकोले दुर्घटनाहरू टरेका छैनन् । गृहयुद्धको दुन्दुभी बजिरहेको यो अवस्थामा बनेको कांग्रेसको नयाँ सरकारले समस्यालाई कुन रूपमा बुझेर हल गर्न खोज्छ, स्थितिको उतारचढाव त्यसैमा भर पर्दछ । ❑




फोटो : दामोदर तिमल्सिना

# मानव-अधिकारवादीहरूले के देखे, के गरे ?

**नुवागाउँको स्थलगत भ्रमण**

❑ गौरी प्रधान, *नुवागाउँबाट फर्केपछि*

### *होलेरी प्रहरी चौकीमा आक्रमण*

गत आषाढ २८ गते नेकपा (माओवादी) ले श्री ५ को सरकारले सम्विधानको भावना विपरीत ल्याएको जनविरोधी सार्वजनिक सुरक्षा नियमावलीको विरोधमा जबरजस्त किसिमको नेपाल बन्द गऱ्यो । त्यही दिन बिहान ४:३० बजे उसले रोल्पाको होलेरीस्थित इलाका प्रहरी कार्यालयमा आक्रमण गरी हातहतियार सहित ७२ प्रहरीहरू (६७ प्रहरी र ५ प्रहरी भान्छे) लाई कब्जामा लियो । आक्रमण र प्रत्याक्रमणको क्रममा एक सहायक प्रहरीको मृत्यु भयो भने अर्को एक प्रहरी घाइते हुनपुग्यो ।

आक्रमणमा नेकपा (माओवादी)को तर्फबाट करिब १२०० जनसेना परिचालन गरिएको थियो । यो घटना शायद अहिलेसम्ममा नेकपा (माओवादी) ले गरेको सबभन्दा ठूलो र सफल फौजी कार्यवाही हो । स्थानीय जनताहरूको भनाइअनुसार होलेरीमा माओवादी सेना र प्रहरी बीच जम्मा आधा घण्टा मात्रै संघर्ष भएको र जनसेनाको फौजी आक्रमण असाध्य सशक्त र सफल देखिन्थ्यो । नेकपा (माओवादी)का जनसेनाले होलेरी डाँडालाई सम्पूर्ण रूपमा घेरावन्दीमा पारी माइकद्वारा प्रहरीहरूलाई आत्मसमर्पण गर्न उद्घोष गरेका थिए । साथसाथै स्थानीय जनताहरूलाई पनि प्रहरीलाई आफ्नो घरमा नलुकाउन र कोही लुकेको छ भने बाहिर निकाल्न आव्हान गरेका थिए । यस घटनाले एकातिर माओवादी जनसेनामा खुशी छायो भने अर्कोतिर प्रहरी जगतमा निराशा फैलायो । सरकारका लागि माओवादी सेनासँग निरन्तर हार खाइरहेका प्रहरीहरूको मनोबललाई कसरी उच्च राख्ने भन्ने समस्या यस घटना पछाडि झन् बढ्न थाल्यो ।

> **करिब १२०० जनसेना परिचालन गरिएको यो आक्रमण शायद अहिलेसम्ममा नेकपा (माओवादी) ले गरेको सबभन्दा ठूलो र सफल फौजी कार्यवाही हो**

### *जनसेनाद्वारा शाहीसेनाको हेलिकोप्टरमा प्रहार*

होलेरी प्रहरी इलाकामा जनसेनाले सफलतापूर्ण फौजी कार्यवाही गर्दै त्यहाँका ७२ प्रहरीहरू र तिनका हातहतियारहरू कब्जामा लिए पश्चात् जनसेनामा खुशी र गौरव छायो । कब्जामा परेका प्रहरीहरूको हात रूमालले बाँधी जनसेनाले उनीहरूलाई आफ्नो गन्तव्य स्थानमा पुऱ्याए । माओवादी जनसेनाले होलेरी इलाका प्रहरी चौकीमा गरेको आक्रमणको सनसनीपूर्ण समाचार देशभरि फैलियो । यसै विषयलाई लिएर मन्त्री परिषद्को आपत्कालीन बैठक बस्यो । सरकारले माओवादी जनसेनाको कब्जामा रहेका प्रहरी र हातहतियार फिर्ता ल्याउन शाहीसेनालाई परिचालन गर्ने निर्णय गऱ्यो । जनसेनाले उपरोक्त कार्यवाहीमा प्रहरीले बोकेका थुप्रै हातहतियारहरू (६१ थान ३०३ राइफल, २ थान म्यागनम राइफल, १० थान सटगन, ५ थान माउजर पिस्टोल, १ थान रिभल्भर इत्यादि) कब्जामा पारेको कुरा थाहा भयो ।

होलेरी आक्रमणको भोलिपल्ट बिहानदेखि नै रोल्पा जिल्लाको आकाशमा हेलिकोप्टरको आवाज



फोटो : गौरी प्रधान

*बम आक्रमणमा परी ध्वस्त भएको होलेरी प्रहरी चौकी*

गुन्जिन थाल्यो । स्थानीय जनताहरूले यसलाई एउटा खतराको संकेतको रूपमा लिए । एकातिर नेकपा (माओवादी)का जनसेना आफ्नो सफलताको कथा जनसमुदायलाई सुनाउन आतुर थियो भने अर्कोतिर शाहीसेनाका हेलिकोप्टरहरूले कब्जामा परेका प्रहरी र हतियारहरू फिर्ता लिन तिनीहरू कुन ठाउँमा छन् भन्ने खोजतलास जारी राखेका थिए । शाहीसेना बोकेका ३ वटा हेलिकोप्टरहरू रोल्पा जिल्लाको आकाशमा फन्फनी घुमिरहेका थिए । ती हेलिकोप्टरहरू रोल्पाको जुंगार गैरीगाउँ, नुवागाउँ, करेनी, गैरीगाउँको नागामा ओराली केही सैनिकहरूलाई उतारियो । उनीहरूले सबभन्दा पहिले शिखानी स्कूलमा हेलिकोप्टर ल्याण्ड गरी केही सेनालाई उतारे, तर केही समयपश्चात् फेरि उनीहरूलाई बोकी त्यो हेलिकोप्टर ह्याङगाउँमा उतार्न खोज्दा त्यसमा जनसेनाले आक्रमण गरी क्षति पुऱ्याए । उक्त आक्रमणमा शाहीसेनातर्फ केही मानिसहरू घाइते भएको र क्षतिग्रस्त हेलिकोप्टरलाई गर्न लगिएको कुरा थाहा भयो ।

## ह्याङगाउँको जमघट

होलेरी आक्रमणको भोलिपल्ट ह्याङगाउँमा थुप्रै मानिसहरू भेला भएका थिए । जनसेना र माओवादी समर्थकहरू खुशी र विजयको अनुभूत गरिरहेका थिए । कब्जामा परेका प्रहरीहरू हेर्न र माओवादीहरूले आफ्नो "मिशन" कसरी सफल गरे भन्ने कुरा सुन्न मानिसहरू आतुर थिए । गाउँलेहरू ह्याङगाउँतिर जाने क्रम बढिरहेको थियो । उक्त स्थानमा झण्डै पाँच क्वीन्टल चामलको भात पाकिरहेको थियो । माओवादीहरूसँग रहेको शक्तिशाली माइकको माध्यमद्वारा क्रान्तिकारी उद्घोषहरू भइराखेका थिए । त्यहाँ करीव २००० जति मानिसहरू भेला भइसकेका थिए । कोही कार्यक्रमको तैयारीमा थिए, कोही खाना बनाउँदै थिए, कोही खाना खाने क्रममा पनि अगाडि बढिसकेका थिए । त्यतिकैमा ह्याङगाउँको आकाशमा हेलिकोप्टरको शक्तिशाली आवाज डगडगाउन थाल्यो । गाउँलेहरूको मुहारमा केही भय र त्रासका रेखा देखिन थाल्यो । जनसेनाले तत्काल आफ्नो "पोजिशन" लिन थाले । हेलिकोप्टरहरू झन्झन् तल आउन थाले । एउटा हेलिकोप्टर त झण्डै भुइँछुने किसिमले आउन थाल्यो र अन्ततः त्यसलाई जनसेनाले आफ्नो निशाना पनि बनाए । त्यसपछि, जनसमुदायहरू त्यस ठाउँबाट तितरबितर भए । स्थिति तनावपूर्ण भयो । शाहीसेनाको तर्फबाट उपरोक्त आक्रमणको जवाफी कार्यवाही भयो या भएन, वास्तवमा त्यहाँ कसैले स्पष्टसाथ बताउन सकेन ।

## जनसेना तथा शाहीसेनाबीच साटासाट भएका पत्रहरुः

प्रिय कमाण्डर
अभिवादन

विशेष हामी हाम्रो कार्यकमको क्रममा यहाँ आउँदा तपाइँहरूसँग भेट भएकाले २००० जनसेनाले घेराबन्दी गरेका छौं । हामी केन्द्रीय नीति Gentleman Agreement मा अडिग रहदै खास वार्ता गर्न र निकास दिन तयार छौं । यदि हामीमाथि चार्ज भएमा प्रत्याक्रमण गर्न नैतिकरूपमा बाध्य हुनेछौं । सहयोग र समझदारीको अपेक्षा सहित

कमाण्डर,
जनसेना नेपाल

आदरणीय दाजुभाई"
तथा दिदीबहिनीहरु

तपाईहरुको पत्र प्राप्त भयो । पत्रमा उल्लेख भएअनुसारको वार्ता हाम्रो केन्द्रीय लेवलबाट नै भइरहेको छ । तपाईहरुप्रति हाम्रो केही वैमनस्यता छैन । तपाईहरु आफ्नो बाटो लाग्नु भएमा र चार्ज नगर्नु भएमा हामी पनि तपाईहरुउपर चार्ज गर्ने छैनौं । तपाईहरुले हेलिकोप्टर हाम्रो लागि बस्न दिनुस् । माथिबाट "केन्द्रीय लेवलबाट" भएको वार्ताको सार प्राप्त हुनासाथ हामी पनि अवगत गराउनेछौं । तपाईहरु आफ्नो बाटो लाग्नुहोला ।

कमाण्डर,
शाही नेपाली सेना

## शाही सेना र जनसेनाको जम्काभेट

शाहीसेनाले नुवागाउँको वरिपरि विभिन्न गौंडाहरूमा हेलिकोप्टरद्वारा थोरथोरै सैनिकहरू ओरालेर उनीहरूलाई "एलर्ट पोजिशन" मा राखेका थिए । ठूलो संख्यामा रहेका जनसेनाले शाहीसेना रहेका ठाउँहरूलाई घेरावन्दीमा पार्ने प्रयास गरिरहेका थिए । ह्याङगाउँको वरिपरि स्थानीय जनताहरू माओवादीको समर्थनमा र सैनिक परिचालनको विरूद्धमा नारा-जुलुस गरिरहेका थिए । यसैबीच नुवागाउँको नजिक वारकुण्टी भन्ने ठाउँमा अचानक हरियारबन्द शाहीसेना र जनसेना बीच जम्काभेट भयो । तर उनीहरूबीच कुनै अप्रिय घटना हुन पाएन ह। करीव ४२ जनाको डफ्फा रहेको शाहीसेना बाटोको मास्तिर लागे र जनसेना जंगलतिर । यदि त्यस ठाउँमा मुठभेड भएको भए दुवैतिर ठूलो नोक्सानी हुने सम्भावना थियो ।

नुवागाउँको वारकुन्टी नजिकको एउटा होचो डाँडोमा शाहीसेनाले आफ्नो पोजिशन बनाउन थाले । माओवादी जनसेनाले उनीहरूलाई चारैतिरबाट घेर्दै लगे । माओवादी कमाण्डरले शाहीसेना विरूद्ध कार्यवाही गर्ने योजना आफूहरूको नभएको तर शाही सेनाले "फायर" गरेमा त्यसको सशक्त जवाफी कार्यवाही गर्ने कुरा बताए । त्यस्तै शाही सेनाका तर्फबाट पनि आफूहरू माओवादीको विरूद्ध लड्न आएको होइन भन्ने कुरा जनसेनालाई सुनाइयो । स्थिति केही क्षण तनावपूर्ण देखियो । केही समयपश्चात् माओवादीकोतर्फबाट शाहीसेनाका कमाण्डरलाई सम्बोधन गरी स्थानीय प्रतिनिधिमार्फत् एक पत्र पठाइयो । शाहीसेनाले त्यो "पत्रबम" (Letter Bomb) हो कि भनी सानो सानो ढुंगाले हानी जाँचे । पत्र प्राप्त भइसकेपछि शाही सैनाकोतर्फबाट पनि त्यसको जवाफमा पत्र पठाएर आफू माओवादी जनसेनाको विरूद्ध कार्यवाही गर्न नआएको कुरा स्पष्टसँग उल्लेख गरियो । अन्तमा शाही सेना र जनसेनाका दुई दुई जना निशस्त्र व्यक्तिहरू भेटघाट गरी वार्तामा एक दोस्रोलाई आक्रमण नगर्ने निर्णय गरी आफूहरू सँगसँगै "कालापानीमा देशलाई जोगाउन" लड्न जानु पर्ने कुरा गरी विदावारी भए ।

## कब्जिङ डाँडामा शाहीसेनाको दुईदिन

यसरी आपसी समझदारी पछि शाहीसेनाको एक दलबल त्रिवेणी बजारको नजिकै कब्जिङ डाँडामा बस्न थाल्यो । उनीहरूले हतार हतार साना साना ढुंगाहरू मिलाई हेलिप्याडको निम्ति "H" संकेत बनाए । आफूहरू बस्ने ठाउँ बनाए र आफ्ना हातहतियारलाई ठाउँठाउँमा राखे । तर मौसमको खराबीले गर्दा त्यस ठाउँमा हेलिकोप्टर बिसाउन सकेन । स्थानीय जनताहरूको भनाइअनुसार करीव ९ जना शाहीसेनाका मानिसहरू नजिकको त्रिवेणी बजारमा झरे । बजारमा ब्यापारीहरूसँग केही खाने कुरा र सुकेको दाउरा किने । खाना पकाउने भाँडाकुँडा मागे । स्थानीय ब्यापारीहरूले आफूले बेचेको चाउचाउ, बिस्कुट इत्यादिको पैसा लिए, तर दाउरा र भाँडाकुँडा भाडामा दिएको पैसा लिन मानेनन् । स्थानीय जनतासँग कुराकानी गर्दा उनीहरूले शाहीसेनालाई सहज ढंगबाट सहयोग गरेको बताए । "यदि माओवादीहरूले हामीलाई सहयोग गरेवापत तपाईहरूलाई दुःख दिन्छन् भने

शाहीसेना र जनसेनाबीच भिडन्त हुने सम्भावना देखिएको कुरा पनि साँचो हो । तर ती सम्भावनाहरु केही घण्टापछि नै मत्थर भइसकेको थियो ।



नुवागाउँको अरनिको मा.वि.मा आमसभा सुन्न बसेका महिला तथा बाल-बालिकाहरु

फोटो : गौरी प्रधान

हामीलाई सहयोग गर्नु पर्दैन" भनी शाहीसेनाको मानिसले भनेको भनी स्थानीय जनताले सुनाए । यसरी कब्जिङ डाँडामा बसेको शाहीसेना दुईदिन पछि जनताबाट प्राप्त गरेको भाँडाकुँडा बुझाई त्यहाँबाट फिर्ता गए ।

## *सरकारी हल्ला र वास्तविकता*

करीव पाँच दिनसम्म सरकार नियन्त्रित रेडियो र टेलिभिजनले नुवागाउँमा माओवादीहरूको कब्जामा परेका प्रहरी र हातहतियार फिर्ता ल्याउन शाहीसेना क्रियाशील भएको, सयौं माओवादी जनसेना हताहत भएको, माओवादी जनसेनाले स्थानीय बालबालिका, महिला र जनतालाई मानव ढाल बनाएको र त्यहाँ कुनै पनि बेला ठूलो रक्तपात हुन सक्ने कुरा प्रचार प्रसारमा ल्याए । तिनै कुराहरूलाई केही अन्तर्राष्ट्रिय सञ्चार माध्यम र राष्ट्रिय दैनिकहरूले पनि पुष्टि गर्न खोजे । वास्तवमा नुवागाउँको स्थिति त्यस्तो थिएन ।

होलेरी इलाका प्रहरी कार्यालयमाथिको आक्रमणको भोलिपल्ट केही समय स्थिति तनावपूर्ण भएको कुरा साँचो हो । शाहीसेना र जनसेनाबीच भिडन्त हुने सम्भावना देखिएको कुरा पनि साँचो हो । तर ती सम्भावनाहरू केही घण्टापछि नै मत्थर भइसकेको थियो । शाहीसेना र जनसेनाबीच एक-अर्काका विरूद्ध आक्रमण नगर्ने समझदारी बनिसकेको थियो । तर त्यसपछाडि पनि ४ दिन सम्म उपरोक्त हल्लालाई सरकारी सञ्चार माध्यमद्वारा लगातार पुष्टि गर्ने प्रयत्न भयो । यो किन भयो ? हद दर्जाको यो गैर जिम्मेवारीपनको दायित्व कसले लिने ?

राजधानीबाट गएका मानव अधिकारवादी टोली र पत्रकारहरू त्यहाँ पुगेको भोलिपल्ट सम्म पनि सरकारी सञ्चार माध्यमहरूले तिनै गलत समाचार दोहोर्‍याइरहेका थिए । युद्ध र संकटको बेलामा समाचार सम्प्रेषित गर्नु गाह्रो काम हो, तर त्यसको अर्थ नियोजित झूठा समाचारहरू प्रसारित हुनुलाई कदापि जायज ठहर्‍याउन सकिँदैन । त्यस्ता कुप्रचारका पछाडि के निहित स्वार्थ थियो ? त्यो वास्तवमा छानविनको विषय बन्न पुगेको छ । त्यतिमात्रै नभएर काठमाडौंका केही स्वघोषित लेखक तथा पत्रकारहरूले कोठामा बसेर हाँकेका लेख र समाचारहरू सत्यमाभन्दा कल्पना र पूर्वाग्रहमा आधारित देखिए । वास्तवमा युद्धका समाचारहरूलाई वास्तविकताको ज्ञानबिना स्वविवेकको भरमा मात्रै



नुवागाउँको विरोधमा निर्मित शहीदद्वारमा मानवअधिकारवादीहरू

फोटो : गौरी प्रधान

लेख्नु नितान्त गलत र अनैतिक कुरा हो ।

जुनबेला नुवागाउँको 'विष्फोटक स्थिति'का बारेमा अनेकन थरिका कुप्रचार रेडियोबाट भइराखेको थियो, हामी नुवागाउँमै थियौं । त्यतिञ्जेल नुवागाउँका मानिसहरू सामान्य हिसावबाट खेतबारीमा काम गरिरहेका थिए । घोडावालाहरूले एक ठाउँबाट अर्को ठाउँमा मालसामानहरू ओहरदोहर गरिरहेका थिए । हिँड्ने बाटाहरूमा ठाउँठाउँमा मानिसहरू किनबेच गरिरहेका थिए । पसल र चियादोकानहरू सहजढंगले चलिरहेकै थिए । ठाउँठाउँमा माओवादी जनमिलिशिया समूह समूहमा आफ्ना कामहरूमा लागिरहेका थिए । संक्षिप्तमा भन्ने हो भने नुवागाउँको स्थिति एकदमै सामान्य थियो । त्यसैले, "किन रेडियोले हाम्रो गाउँको बारेमा नचाहिने कुरा बोलेको ?" भनी त्यहाँका मानिसहरू छक्क पर्थे ।

राजधानी छोड्नु अगाडि मानव अधिकारवादी टोलीका प्रतिनिधिहरूले तत्कालीन गृहमन्त्री र रक्षामन्त्रीसँग पनि भेटघाट गरेका थिए । उहाँहरूले पनि त्यहाँका स्थिति 'विस्फोटक' रहेको, तर कुनै हताहत नभएको कुरा बताउनु भएको थियो । दाङका प्रजिअले त कसैलाई पनि नुवागाउँ जाने आदेश नभएको बताउनुभएको थियो । उहाँले पनि हामीलाई त्यहाँ नजान सल्लाह दिनु भयो र माओवादीहरूले "तपाईहरूलाई पनि मानव ढाल बनाउन सक्छन्" भन्ने डर देखाउनु भएको थियो । नुवागाउँ जान चाहेका कैयन पत्रकार र त्यस क्षेत्रका मानव अधिकारवादीहरूलाई पनि प्र.जि.अ. ले रोक्नुभएको थियो । सरकारले यी सब हर्कत कुन स्वार्थको निम्ति गर्‍यो ? जनताको सही सूचना पाउने हकलाई किन बन्देज गरियो ? वास्तवमा यो खोज, अनुसन्धान र छानविनको विषय हो ।

## *मानव अधिकारवादीहरूको "मिशन"*

नुवागाउँको स्थिति अहिले थाहा पाउँदा जति सहज लागेको छ, होलेरी काण्डको लगत्तैको स्थिति त्यस्तो थिएन । कतै नुवागाउँबाट नै देशमा गृहयुद्ध शुरू हुन लागेको त होइन ? भन्ने शंका–उपशंका प्रत्येक मानिसमा छाएको थियो । माओवादी क्षेत्रमा हज्जारौंका संख्यामा सैनिकहरू परिचालन गरिएको हल्ला थियो । छापाहरूमा कहिले शाहीसेनाले माओवादीहरूलाई घेरिराखेको र कहिले जनसेनाले शाहीसेनालाई घेरिराखेको कुरा प्रकाशित हुन्थ्यो ।

देशको यस्तो किसिमको संगीन घडीमा मानव अधिकारवादीहरूको के भूमिका हुनसक्दछ ? भन्ने विषयमा असार ३० गते एक संयुक्त भेला बस्यो । उपरोक्त भेलाले रोल्पाको नुवागाउँमा वस्तुगत स्थिति बुझ्न एक "मिशन" पठाउने र आवश्यकता परेमा उपरोक्त मिशनले "सहयोगी एवं मध्यस्थकर्ता" को भूमिका पनि निर्वाह गर्ने निर्णय भयो । डा. मथुरा प्रसाद श्रेष्ठ, कल्याणदेव भट्टराई, गौरी प्रधान, डा. भोगेन्द्र शर्मा, मुक्ति प्रधान, सर्वराज खड्का र सुदीप पाठक रहेको उक्त मिशनले सरकार, सेना र माओवादीहरूसँग आफ्नो सम्पर्क स्थापना गरी आफ्नो उद्देश्य स्पष्ट गराउनुका साथै स्थलगत अध्ययनको क्रममा सहयोग गर्न सम्बन्धित पक्षहरूलाई आव्हान गर्‍यो । यस अघि नै मानव अधिकारवादीहरूको संयुक्त भेलाले एक वक्तव्य प्रकाशित गरी "भिडन्तोन्मुख शाही सेना र माओवादी जनसेना" लाई संयमित रहन र मानवअधिकारका अन्तर्राष्ट्रिय कानून, मूल्य र मान्यताअनुसार बन्दीहरूलाई व्यवहार गर्न आव्हान गरेको थियो । गत श्रावण ५ गते पत्रकार सम्मेलनमार्फत् यस मिशनले आफ्नो स्थलगत अध्ययन प्रतिवेदन सार्वजनिक गरिसकेको छ ।

## *माओवादीहरूसँग भेटघाट*

आफ्नो घोषित उद्देश्य र कार्यक्रमअनुसार मानव अधिकारवादी मिशनले होलेरी–नुवागाउँ इलाकाका विभिन्न ठाउँहरू भ्रमण गर्‍यो । यस क्रममा "मिशन" ले स्थानीय जनता, पत्रकार, पार्टी प्रतिनिधिहरू र नेकपा (माओवादी) का विभिन्न तहका नेता र कार्यकर्ताहरूसँग पनि भेटघाट गर्‍यो । भेटघाटको सिलसिलामा यस मिशनले स्थानीय जनसरकार प्रमुख, अनेमसंघ अध्यक्ष, राजनैतिक कमिसारसँग पनि अन्तर्क्रिया गर्‍यो । होलेरी–नुवागाउँको घटनालाई लिएर मिशनले नेकपा (माओवादी) का जिम्मेवार मानिसहरूसँग विभिन्न चरणमा औपचारिक-अनौपचारिक वार्ता गर्‍यो । वार्ताको क्रममा "मिशन"ले मानवअधिकारसँग सम्बन्धित आफ्ना सरोकारहरू, बन्दी प्रहरीहरूको मुक्तिको सवाल लगायत हत्या–हिंसासँग सम्बन्धित विषयहरू पनि माओवादी पार्टीसँग राखेको थियो ।

गत श्रावण ३ गते नेकपा (माओवादी) ले "मानव अधिकारवादी तथा पत्रकारहरूको सम्मान" मा आयोजना गरेको औपचारिक स्वागत समारोहमा पनि मिशनका सदस्यहरूले भाग लिंदै उपरोक्त सार्वजनिक समारोहमा मानवअधिकारसँग सम्बन्धित विषयवस्तु र बन्दी प्रहरीहरूको रिहाइको माग राखेका थिए । यसको जवाफमा

"मानवअधिकार पनि वर्गीय नै हुन्छ" भन्दै नेकपा (माओवादी) कमाण्डर तथा जिल्ला सेक्रेटरी क. सिजलले बताउनु भयो : "सरकारले जस्तै आफ्नो कानून र अदालतलाई उपेक्षा गर्दै हामीले जनताका मानवअधिकार हनन् गरेका छैनौं । बन्दी प्रहरीको हेरचाह र स्वास्थ्यमा प्रत्येक दिन रू. १५,०००।– भन्दा बेसी खर्च भइरहेको छ ।"

मानव अधिकारवादीहरूको यो मिशनलाई ऐतिहासिक र रोल्पाली इतिहासको निम्ति एक कोशेढुंगा भन्दै उहाँले मानव अधिकारवादीहरूको अनुरोधलाई सम्मान गर्दै बन्दी प्रहरीहरूलाई क्रमशः रिहा गर्ने वचन दिनु भयो ।

मानव अधिकारवादीहरूको मिशन काठमाडौं फर्केको २४ घण्टाभित्रै केही प्रहरीहरू रिहा भएको जानकारी पाउँदा माओवादीहरूको बचनमाथि भरोसा गर्न मन लाग्यो । मानव अधिकारवादीहरूले माओवादी पार्टीसँग बन्दी प्रहरीसँग भेटघाट गर्ने माग पनि राखेका थिए । शुरूमा यस विषयमा सकारात्मक कुरा गरे पनि पछि पार्टीले "सुरक्षाको कारण" जनाई भेटघाट गर्न अप्ठ्यारो भएको बतायो ।

## भविष्यको बाटो

होलेरी – नुवागाउँको सनसनीपूर्ण हल्लाको समाप्ति सँगसँगै देशमा सरकारको परिवर्तन भएको छ । गिरिजाप्रसाद कोइरालाको ठाउँमा शेरबहादुर देउवा सरकार प्रमुख भए पछाडि हाम्रो देशमा केही सकारात्मक परिवर्तनका संकेतहरू देखापर्न थालेका छन् । वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारी सुरक्षाकर्मीहरूलाई माओवादीका विरूद्ध आक्रमण नगर्ने आदेश दिनुभएको केही घण्टाभित्र नै अध्यक्ष प्रचण्डले सकारात्मक जवाफ दिनुभयो । माओवादी जनसेनालाई पूर्वनिर्धारित आक्रमणका कार्यक्रमहरूलाई स्थगन गर्ने निर्देशन दिँदै उहाँले "सक्रिय रक्षा"मा रहन आव्हान गर्नासाथ देशमा मानिसहरूले दुवै शक्तिहरूको कदमलाई हार्दिक स्वागत गर्न थालेका छन् । देशका मानव अधिकारवादीहरूले पनि ती कदमहरूलाई सकारात्मक भन्दै स्वागत गरेका छन् ।

देशमा होलेरी– नुवागाउँको घटना अब छाँयामा पर्न थालिसकेको छ । महत्वपूर्ण कुरा त अब सरकार र माओवादीहरू कसरी अगाडि बढ्छन् भनेर मानिसहरू चनाखो भएर हेरिरहेका छन् । अब सरकार र माओवादीबीच वार्ता हुन्छ कि हुदैन, भयो भने के कसरी हुन्छ होला भनी सोच्न थालेका छन् । अधिकांश मानिसहरू देशमा भइरहेको रक्तपातपूर्ण अभियान छिटोभन्दा छिटो समाप्त होस् भनी कामना गर्न थालेका छन् । सरकार र माओवादीबीच वार्ता गराउने भनेर दर्जनौं मानिसहरू तैयार हुन थालिसकेका छन् । कोही कोही वार्ताको माध्यमबाट समस्याको समाधान हुन सक्तैन भन्ने निर्क्यौलमा पुगेका छन् भने कोही कोही अब वार्ताकै माध्यमबाट सम्पूर्ण कुराहरू समाधान हुने सपना बुनिरहेका छन् । वर्तमान स्थितिलाई अझै भत्किन र बिग्रिनबाट रोक्न सरकार र नेकपा (माओवादी) बीच बन्न लागेको वार्ताको वातावरण कहिं कतैबाट धुमिल हुन नपाओस् । यसको निम्ति सबै सरकारवाला पक्षहरू भविष्यको निम्ति सकारात्मक हुन आवश्यक छ । ❑



फेरि सैनिक परिचालन भयो भने के होला ?

## १९ पृष्ठको बाँकी

- राष्ट्रिय स्वाधीनताको स्थितिमा आमूल परिवर्तनका लागि तमाम असमान सन्धिहरूको खारेजी र विदेशी ऋण र तिनका शर्तहरूबाट मुक्ति ।
- महिलाहरू, जन-जातिहरू, दलित जात-जातिहरू र धर्मावलम्बीहरूको जीवनमा आमूल परिवर्तनका लागि व्यवहारमै उनीहरूलाई पूर्ण समानताको हक प्रदान गर्ने सामाजिक क्रान्ति र विकेन्द्रित क्षेत्रीय स्वायत्त शासन ।
- शिक्षा र सांस्कृतिक क्षेत्रमा आमूल परिवर्तनका लागि शिक्षा र संस्कृतिमा क्रान्ति र राष्ट्रिय आवश्यकतामूलक वैज्ञानिक र जनवादी शिक्षा ।

यी कदमहरू चालिएमा माओवादीले जनयुद्धअघि अगाडि सारेका ४२ सूत्रीय मागमध्ये धेरैजसो मुख्य मागहरू स्वतः पूरा हुन्छन् ।

तर नेपाली कांग्रेस के यस्तो आर्थिक-सामाजिक क्रान्ति सम्पन्न गर्न तैयार छ ? के नेपाली कांग्रेस एक्लैले यस्तो क्रान्ति सम्पन्न गर्न सम्भव छ ?

वार्ताको सफलता असफलता यसैमा निहित छ । नेपाली कांग्रेसको नेतृत्वमा देउवा सरकारले माओवादी विद्रोह साम्य पारेर खान संभव छ कि छैन, त्यो पनि यसैमा निहित छ ।

प्र.म. देउवाले माओवादीसितको वार्तालाई सफल र सार्थक बनाउने हो भने जनयुद्ध शुरू हुनुअघि माओवादीले राखेका ४० सूत्रीय मागहरूमध्ये अधिकांश मागहरू पूरा गर्ने घोषणासहित वार्तामा जानु आवश्यक छ । जन-गणतन्त्रात्मक व्यवस्था र अन्तरिम सरकारको सवाललाई सरकारले सर्वदलीय छलफलको विषय बनाउनु आवश्यक छ । जेठ १९ गतेको नारायणहिटी हत्याकाण्डपछि देशमा अहिले गणतन्त्रबारे छलफल गर्ने उपयुक्त बेला भएको छ । संस्थागत रूपमा नेपालमा जन-गणतन्त्रको स्थापना गरी हाल्न समय लेला, परन्तु अहिलेको विन्दुबाट त्यस दिशामा उन्मुख हुने उपयुक्त बाटो के हो, त्यसबारे बहस-छलफल गर्ने उपयुक्त समय अहिले नै हो । सरकार-माओवादी वार्ता त्यसको थालनी विन्दु हुनसक्छ ।

### प्रयासहरू

प्र.म. देउवाले माओवादीसित वार्ताको लागि संसदभित्र र बाहिरका बेग्लाबेग्दै राजनीति दलहरूसित छुट्टाछुट्टै वार्ता गरी साउन १७ गते सर्वदलीय वार्ता गर्नुभएको छ । प्र.म. को प्रयास यो उपायबाट सर्वदलीय सहमति विकास गर्ने देखिन्छ । यो पक्ति लेख्दासम्म सर्वदलीय सहमतिको स्वरूप र विषयवस्तु स्पष्ट भइसकेको छैन । परन्तु प्रयास सराहनीय छ ।

उता माओवादीले पनि यस्तै प्रयास थालेको थाहा भएको छ । माओवादीले आफू र सरकारबीचको वार्तालाई "सम्पूर्ण जनपक्षीय शक्तिहरू" र सरकारबीचको वार्ताको रूप दिने प्रयास गरिरहेछ । साउन १३ गते प्रकाशित क. प्रचण्डको एउटा प्रेस विज्ञप्तिका अनुसार 'माओवादीले जनपक्षीय शक्तिहरूको व्यापक संयुक्त मोर्चा कायम गरी वार्ताको प्रक्रियालाई देशको अग्रगमनको माध्यमका रूपमा परिणत गर्न' सार्वजनिक अपील गरेको छ । यो प्रयास सही छ र प्रशंसनीय छ । वार्तालाई माओवादीले आमूल परिवर्तनको र जनतालाई अधिकार सम्पन्न तुल्याउने दिशामा देशलाई डोर्याउने माध्यमको रूपमा बुझेको बताएको छ ।

सम्पूर्ण जनपक्षीय शक्तिहरूको प्रतिनिधित्व गर्ने गरी माओवादीले सरकारसित वार्ता गर्न खोज्नु राम्रो कुरा हो । परन्तु, यसो गर्नका लागि माओवादी नेतृत्वले आफ्ना केही बेठीक व्यवहारहरू परित्याग गर्नु जरूरी हुन्छ । पहिलो कुरो, उसले मसाल समूहसित पूर्वाग्रहपूर्ण सम्बन्ध अन्त्य गर्नु जरूरी छ । दोस्रो, संयुक्त मोर्चामा संयुक्त मोर्चाको नैतिक मर्यादालाई दृढतापूर्वक पालना गर्नुपर्छ । संयुक्त मोर्चा गर्ने परन्तु त्यहाँ आफ्नो नारा जबर्जस्ती लाद्ने र संयुक्त मोर्चालाई आफ्नो स्वार्थमा उपयोग मात्रै गर्न खोज्ने प्रवृत्तिलाई चट्टै छोड्नु जरूरी छ ।

वार्तालाई 'जनपक्षीय शक्तिहरू' र सरकारबीचको वार्तामा परिणत गर्न जनपक्षीय शक्तिहरूबीच बृहत् छलफल र गृहकार्यको जरूरत हुन्छ । त्यो दिशामा प्रयास खै त ? आखिर माओवादीले भनेको त्यो जनपक्षीय शक्ति को हुन् त ? त्यो पनि मूर्त र स्पष्ट हुनु जरूरी हुन्छ ।

### अन्त्यमा,

यो वार्ता वार्ता-प्रक्रियाको शुरूवात मात्र हुनसक्ने संभावना ज्यादा छ, यो सफल भएर यसैबाट ठोस निष्कर्ष निक्लेर माओवादी विद्रोह साम्य हुने दिशातिर जाने ज्यादै कम संभावना छ । ❑

◆ माओवादीहरुले बैंक लुटे !
❑ माओवादीले जनताको घरमा आगो लगाए !
◆ माओवादीले बाल-बालिकाको हत्या गरे !
❑ माओवादीले जनता लुटे !
◆ माओवादीद्वारा कागत उद्योग, कार्पेट उद्योगमा बम बिस्फोट गराए !
❑ माओवादीद्वारा प्राध्यापक-शिक्षकको अपहरण र हत्या !
◆ माओवादीले प्रहरीलाई जिउँदै आगो लगाए !
❑ माओवादीले जन-बस्तीमा बम पड्काएर बस्ती ध्वस्त पारे !

# के साँच्चै माओवादी देशद्रोही र आतंककारी हुन् ?

- रमेश विकल -

यी आरोपहरू सरकारी संचार माध्यम र सरकारका अन्ध समर्थक पत्र-पत्रिकाद्वारा एकोहोरो र एकाङ्गी रूपमा लगाइने र लगाइएका आरोपहरू हुन् । तिनमध्ये एकाध अपहरणका र प्रहरी चौकीहरूमा बम बिस्फोटनका घटनाहरूको जिम्मा स्वयं माओवादीले लिएका छन् र अधिकांश एकाङ्गी रूपमा सरकार र अरू विरोधी पक्षले लगाएका अपुष्ट आरोपमात्र हुन् ।

तर विडम्बना के छ भने, माओवादीले प्रहरी मारेको विषयलाई सरकारी पक्षका संचार माध्यमले अन्धाधुन्दसँग 'हत्या' 'आतंक'का रूपमा प्रचार गरिएको छ । यतिसम्म कि एम्बुसमा परेर वा मुठभेडमा परेर मारिएका प्रहरीका परिवारका वक्तव्य, अन्तर्वार्ताहरू अत्यन्त कारूणिक रूपमा प्रकाशित गराइएर माओवादीलाई 'राक्षस'का रूपमा जन-मानसमा संप्रेषित गर्ने घनघोर प्रयत्न गरिएको छ । अर्कोतिर प्रहरीद्वारा मुठभेडमा होस् वा मुठभेडका नाउँमा एकान्त जंगलमा लगी गोली हानिएको होस्, त्यस्ता कुरालाई बिलकुलै ओझेलमा पारिएको छ । तिनका पीडित परिवारको करूण पुकार भनेर कुनै पत्रिकाले पनि प्रकाशमा ल्याएको छैन ।



दैलेखको नौमूलेमा माओवादी आक्रमणमा मारिएका प्रहरीहरुको लाश




साभार : कान्तिपुर

यसबाट के देखिन्छ भने, राज्य र त्यसका अन्ध-समर्थक संचार माध्यमहरू न्यायको पक्षमा छैनन्, पक्षपाती र पूर्वाग्रही छन् । यहाँ मेरो प्रश्न छ- के चाहे जुनसुकै रूपबाट मारिएका प्रहरीमात्र देशका छोरा हुन् ? के तिनका मात्र पीडित परिवार छन् ? श्रीमती, छोराछोरी, आमा-बाबु छन् ? र तिनले मात्र शोकविह्वल भएर आँसु बगाउन जानेका छन् ? के चाहे जुनसुकै रूपमा मारिएका माओवादीहरूको चाहिँ 'हत्या' भएको होइन ? के ती नेपाल आमाकै सन्तान होइनन् ? ...के तिनका पनि रूने र विह्वल भएर शोक मनाउने परिवार छैनन्, स्वास्नी, छोरा-छोरी, आमा-बाबु छैनन् ? तिनको हत्यामा शोकसन्तप्त हुने इष्टमित्र, नाता-कुटुम्ब छैनन् ? ...के तिनीहरूका कोही पनि नातेदारहरू बेसहारा तुल्याइएका छैनन् ?

मलाई थाहा छ, मेरा यी प्रश्नहरूको उत्तर दिने नैतिक साहस र निष्पक्ष न्यायदृष्टि अहिलेको सत्ता र तिनका भक्तजनसँग छैन । भए पनि उनीहरूको भनाइ यत्ति नै हुनेछ, "ती त आफ्नै खुशीले मारिन आएका हुन्, आफैं भीर लड्ने गोरूका लागि शोक गर्नु र सहानुभूति गर्नुमा कुनै तर्क छैन, कुनै अर्थ छैन, तर प्रहरी त आफूखुशीले जहान बच्चा, परिवार छोडेर मर्न गएका होइनन् नि...!"

हो, प्रहरी जवानहरू आफूखुशी मर्न र मार्न गएका होइनन्, उनीहरू त सत्ताका भोक्ता, नेताको स्वार्थ रक्षाका लागि अनि उनीहरूको सुरक्षाका लागि मर्न पठाइएका हुन्, मार्न गएका हुन् ।



लेखक

जनताका सुरक्षाका लागि, जनस्वार्थको रक्षाका लगि खटाइएकै होइनन् । त्यसैले उनीहरूको र माओवादीको स्तर जनताको आँखामा नभए पनि सत्ता र तिनका भोक्ताहरूको आँखामा अवस्यै समान छैन । एकथरि (प्रहरी) को 'स्तर' केवल मार्नुमात्र हो र, उनीहरूसँग मार्ने 'लाइसेन्स' छ, उनीहरूले मारेको आतंक हुँदैन, हत्या हुँदैन, सुरक्षा हुन्छ, (कसको सुरक्षा ? नेता र सत्ताको, तस्कर र भ्रष्ट अधिकारीको ?) शान्ति प्रयत्न हुन्छ । त्यसैले यिनको मृत्युमा बगेको आँसुको मनग्गे प्रचार हुनुपर्छ, शोक सन्तापको अर्थ हुनुपर्छ ।

तर अर्काथरिसँग 'मर्ने'मात्र अधिकार हुन्छ, 'मार्ने' लाइसेन्स हुँदैन । त्यसैले उनीहरूले कुनै पनि अवस्थामा, त्यो आत्मरक्षा वा समाजको रक्षा मै पनि, मार्नुहुन्न । त्यो आतंक हुन्छ, हत्या हुन्छ । त्यसैले त्यस्ता माओवादीलाई, भूतपूर्व सेनापति सच्चित् शमशेरजस्ताका विचारअनुसार, देशद्रोही घोषित गर्नुपर्छ, आतंकवादी, लुटाहा, डाँका घोषित गर्नुपर्छ । र तिनको जरो मूलो नै राख्नु हुँदैन, सखाप पार्नुपर्छ तिनलाई ।

यदि यी आरोपहरू सही हुन् र माओवादीहरूले निर्दोष जनताको हत्या गर्दै हिंडेका, बालबालिकाको हत्या गर्दै स्कूल र विद्यार्थीहरूलाई बम हान्दै हिंडेका हुन् भने, विद्यालय र उद्योगधन्दामा जथाभावी आगो लगाउँदै हिंडेका हुन् भने त त्यस्ता खालका नृशंस हत्या र आतंकलाई कुनै पनि विवेकशील मानिसले समर्थन गर्दैन र गर्नु पनि हुन्न । त्यस्ता खालका अराजनीतिक नीति र मानवताविरोधी कार्यको सरकारले मात्र होइन, जनस्तरबाटै प्रतिकार हुनुपर्छ । तर...

कुनै पनि मुलुकको अलोकप्रिय जन-अहितकारी राज्यसत्ता परिवर्तनको राजनीतिक संघर्ष वा विद्रोहको समयमा राजनीतिककर्मी वा दलहरूले आफ्नो रणनीतिअनुरूप सबै किसिमका युद्ध कौशलको प्रयोग गर्ने गरेका छन्- सशस्त्र वा निशस्त्र ! यस्ता संघर्षहरूमा कहिलेकाहीं सशस्त्र संघर्ष पनि अनिवार्य हुन्छ । यस्तो बेला राज्य पक्ष र विद्रोही, दुवै पक्षका हताहत हुन्छन्, उसले सके उसलाई र उसले सके उसलाई मार्ने त युद्धको धर्म हो । यो कुरा हाम्रा सात साले र सत्र साले राजनीतिक दल तथा नेताहरूले अनुभव गरेरै, भोगेरै र आफैंले अभ्यास गरेरै आएका हुन् । अझ अठार सालको सशस्त्र संघर्षमा हवाई जहाजको

अपहरण, लाखौंको लूटको नेतृत्व गर्ने त हिजोका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नै थिए र जनकपुरमा राजा महेन्द्रलाई बम हान्ने अगुवा दल पनि उनैको थियो । यसलाई उनीहरूले सशस्त्र विद्रोह र क्रान्तियुद्ध मानेका थिए ।

अनि, माओवादीहरूले पनि आफूलाई कुनै खास राजनीतिक दर्शन बोकेको सिद्धान्तवादी दल भनेका छन् र आफ्नो सशस्त्र विद्रोहलाई जनयुद्ध घोषित गरेका छन् । अनि उनीहरूको यो घोषणालाई राज्यले पनि प्रत्यक्ष-परोक्षमा स्वीकारेको नै प्रतीत हुन्छ । किनभने, यदि उनीहरूलाई राज्यले वास्तवमा आतंककारी र अराजनीतिक हत्या तथा लूटपाट गर्नेकै रूपमा लिएको भए बारम्बार वार्ताको टेबिलमा बोलाइनु नपर्ने हो । किनभने कुनै पनि अराजक, लूटमार गर्ने, हत्या गर्ने व्यक्ति वा समूहलाई समकक्षी मानेर वार्ता टेबिलमा आउन आह्वान गर्नुको अर्थ हुँदैन । हत्या, लूट र मारकाट गरेर हिंड्ने त डाँकु, लुटेरा वा हत्यारा नै हुन्छ र त्यो अपराधी हुन्छ, अराजक हुन्छ । त्यसलाई आफ्नो समकक्ष टेबिलमा बोलाइँदैन, कठोरभन्दा कठोर दण्ड दिइन्छ र दिनु पनि पर्छ ।

तर विगतका गृहमन्त्री र प्रधानमन्त्रीसमेतको मुखले माओवादीहरूलाई 'आतंककारी' भने पनि बारंबार वार्ताको टेबिलमा बोलाउने पहल गर्नुले के प्रमाणित गर्छ भने राज्यले पनि माओवादीलाई हत्या-लूट गर्ने अराजक, आतंककारी, असामाजिक गूट वा समूहमात्र भनेर लालमोहर लाउन सकेको छैन ।


त्यसैले माओवादीलाई 'देशद्रोही' र 'आतंककारी' घोषित गर्न राज्यलाई सुझाव दिनेहरूले 'देशद्रोही' र 'आतंकवाद'को अर्थ पनि बुझ्नुपर्छ । आतंकवाद भनेको विनाकुनै सामाजिक उद्देश्य, राजनीतिक दर्शन र सिद्धान्तविहीन ढंगले आतंक मच्चाउने, केवल लूटपाट र हत्याकै लागि केही व्यक्ति वा व्यक्तिहरूको संगठित समूहद्वारा मच्चाइने लूटपाट र हत्यालाई भनिन्छ । त के माओवादीको समूह त्यस्तै हत्याका लागि हत्या, लूटका लागि लूट, बिलासका लागि हिंसा मचाएर हिंड्ने उद्देश्यहीन समूह वा व्यक्तिको हैकममात्र हो त ? के यिनको पछाडि कुनै राजनीतिक र सामाजिक उद्देश्य छैन ? के यिनी कुनै राजनीतिक दर्शन नबोकेका कुनै सामाजिक आदर्श र दार्शनिक सिद्धान्त नभएका हत्याराहरूकै गूट हो त ?

अब रह्यो, 'देशद्रोही' घोषित गर्ने कुरा ! 'देशद्रोही' को हो ? त्यो पनि उनीहरूले जान्नुपर्ने, बुझ्नुपर्ने कुरा हो । 'देशद्रोही' त्यसलाई भनिन्छ, जसले देशभित्र वा बाहिर बसेर देशलाई डुबाउने प्रयत्न गर्छ; आर्थिक-सामाजिक, राजनीतिक सबैतिरबाट देशलाई अर्काको दास तुल्याउन मद्दत गरिरहेको हुन्छ; देशलाई दुश्मनको अधीनमा तुल्याउने षडयन्त्र प्रत्यक्ष-परोक्ष रूपमा गरिरहेको हुन्छ । अब यस दृष्टिले देशद्रोही को हो ? माओवादी कि वर्तमान सत्तालोलुप, तस्करको संरक्षक, ब्रम्हलूटका प्रवर्तक, राजनीतिक दलहरू, राज्य र व्यवस्था संचालक नेताहरू हुन् ? ...निर्णय गर्न सजिलै छ ।

आज सत्तामा बसेर राज्य संचालन गर्नेहरूले कसरी देशलाई कंगाल तुल्याएर आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक सबै दृष्टिले पराधीन तुल्याउने र टुक्रा-टुक्रामा बेचेर धन कुम्ल्याउने कसरत गरिरहेका छन्; विकास र निर्माणको ट्वाक थाप्दै चारैतिरबाट भीख र ऋण बटुलेर देशको सट्टा आफ्नै उन्नति र विकास गरेका छन्, व्यक्तिगत महल ठड्याएका छन् । यस्तै यस्ता अरू पनि कति गर्हित काम यिनले गरेका छन्- भ्रष्टाचार लूटलाई चरम संरक्षण दिएका छन्, देश लुटेर विदेशका बैंकहरूमा निजी सम्पत्तिको भण्डार बढाएका छन् ! हो, यो मुलुक डुबेर उनीहरूलाई के फरक पर्छ र ? ...उनीहरू आफू विदेशी बैंकमा जम्मा गरेका अकूत सम्पत्ति भोग गर्दै अर्कै देशको नागरिक बनेर मोज गरौंला भनेर ढुक्क छँदैछन् । अतः सबैभन्दा ठूला 'देशद्रोही' त यिनै सत्तालोलुपहरू र राज्य-संचालकहरू नै हुन् ।

त्यसैले फलानो वा ढिस्कानोलाई देशद्रोही घोषणा गर्नुपर्छ भनेर प्रवृत्त हुने र उनीहरूलाई यस्तो 'लाखौं रूपियाँको पुनीत' परामर्श दिने स्वनामधन्यहरूले पहिले आफ्नो मुख ऐनामा हेरेर आफू कति 'देशभक्त' छु भन्ने निक्यौंल गर्नुपर्छ । नत्रभने उनीहरूको स्थिति पनि २००७ सालका राणाहरूको जस्तो हुनेछ, जसले त्यतिखेरका विद्रोहीहरूलाई 'देशद्रोही' घोषणा गरेका थिए । नत्र सत्र सालका तिनै पंचहरूको जस्तो हुनेछ, जसले तत्कालीन पंचायतसँग विमति राखेर संघर्षमा उत्रनेहरूलाई 'अराष्ट्रिय तत्व' घोषित गरेका थिए । सात सालपछिका तिनै कांग्रेसजनजस्तो हुनुपर्ने छ, जसले आफूसँग विमति राख्ने विद्रोही के.आइ. सिंहलाई 'देशद्रोही' र 'डाँका' घोषित गरेर पछि उनैलाई सलाम ठोक्नुपरेको थियो ।

> *विगतका गृहमन्त्री र प्रधानमन्त्रीसमेतले माओवादीहरूलाई 'आतंककारी' भने पनि बारंबार वार्ताको टेबिलमा बोलाउने पहल गर्नुले के प्रमाणित गर्छ भने....*




*प्रहरीद्वारा मारिएका माओवादी नेता सुरेश वाग्ले*



गिरिजा सरकारको पालामा माओवादी दमनका नाउँमा राज्यले सैन्य परिचालन गर्न खोजेको थियो, माओवादीहरूलाई आतंककारी, देशद्रोही वा अनेकौं आरोप लगाएर । तर एउटा अन्तर्राष्ट्रिय राजनीतिक मान्यताअनुसार पनि देशमा संकटकालीन परिस्थिति आएमा, बाह्य आक्रमण भएर देशको सार्वभौमिकता, अखण्डता, राष्ट्रियताजस्ता अति विशेष कुरामा खलल आएमा, अराष्ट्रिय गतिविधि बढेमा, आन्तरिक शान्ति-सुरक्षा खलल पुगेमा सैन्य परिचालन औचित्यपूर्ण हुन्छ । सीमाबाहिरका शक्तिहरूबाट देश नै पराधीन हुने, सूर्यचन्द्राकित राष्ट्रिय झण्डानै धराशायी हुने खालका अराष्ट्रिय कार्यहरू भएको खण्डमा खास-खास प्रक्रियाहरू पारदर्शी तुल्याएर मात्र सैन्य परिचालन गरिन्छ, त्यो पनि आपतकाल घोषणा गरेर मात्रै !

तर यहाँ त आफ्नैबीचको एक अंग अर्थात् वर्तमान दलीय बहुमतको निरंकुश शासन-व्यवस्थाद्वारा सिर्जित आर्थिक-सामाजिक, राजनीतिक विकृति र अराजकताको स्थितिसँग विमति राख्ने अर्को राजनीतिक अंगले विद्रोह गरेको छ । एउटा राजनीतिक व्यवस्थाको सट्टा अर्को राजनीतिक व्यवस्थाको परिकल्पना गरेर संघर्षका विविध रणनीतिमध्ये एउटा रणनीतिको रूपमा सशस्त्र संघर्षको बाटो अपनाइएको छ । यस्तो कुरामा सैन्य परिचालन गरेर विद्रोह दबाउने नियत राख्नु भनेको आफैमा अमानवीय कर्म हो र आफ्नै जनतालाई आफ्नै सेनाद्वारा हत्या गर्ने घोर आपत्तिजनक कदम चाल्नु हो । त्यसैले शुरूमा सुरक्षा सहयोगीको रूपमा परिचालन गर्न खोजिएको सैन्य टुकडीहरूले माओवादीहरूविरूद्ध हमला गर्ने, गोली चलाउने प्रवृत्ति नलिएर जुन संयम देखाएको छ, त्यो ज्यादै प्रशंसनीय भएको छ ।

अब त गिरिजाको हठधर्मी अधिनायकवादी सरकार पनि ढलेर कांग्रेसकै नयाँ पुस्ताको उदारवादी नेतृत्वको अर्को सरकार समेत स्थापना भैसकेको छ । यो अनुकूल स्थितिमा स्पष्टसँग एउटा सशक्त राजनीतिक शक्तिका रूपमा स्थापित भैसकेको माओवादी पार्टीलाई अब पूर्णरूपमा वार्ताको टेबिलमा ल्याएर हिंसा, असुरक्षा र अशान्तिको राजनीति रोक्ने वातावरण सिर्जना गर्नका लागि दुवै तर्फबाट इमान्दार प्रयास गरिनु देश, राज्य र जनताका लागि कल्याणकारी हुनेछ । अन्यथा, यस्तै आतंक र राज्य आतंकको स्थिति रहिरहने हो भने देशकै अखण्डता र सार्वभौमिकतामाथि नै संकट आइलाग्ने कुरामा सन्देह छैन । ❑



जयगोविन्द शाहः

> साँच्चै नै कमरेड जयगोविन्द शाहको व्यक्तित्व, कर्मठता, त्याग, तपस्या, सरल जीवन र वर्गसंघर्ष संचालनको राम्रो अनुभवको जगमा हामीले पूर्वी तराईमा राम्रो संगठन निर्माण गर्‍यौं ।

# हामीले लडाकू दल बनाएर कुटपीट आन्दोलन चलाएका थियौं

- निर्मल लामा -

नेपाल कम्युनिष्ट पार्टी (चौंथो महाधिवेशन)मा सांगठनिक रूपमा प्रतिबद्ध भएर हामीले काम थाल्यौं र साँच्चै नै कमरेड जयगोविन्द शाहको व्यक्तित्व, कर्मठता, त्याग, तपस्या, सरल जीवन र वर्गसंघर्ष संचालनको राम्रो अनुभवको जगमा हामीले पूर्वी तराईमा राम्रो संगठन निर्माण गर्‍यौं । त्यसमा केशरजङ्ग रायमाझी महासचिव हुँदाको पुरानो पार्टी संगठनका केही कमरेडहरू पनि संलग्न हुँदा संगठनले अझ थप आकार लियो । तर रायमाझीको पालाका धेरै मानिसहरू भने रायमाझीकै पार्टीमा गए । त्यस समयमा रायमाझी, कृष्णराज वर्मा र कमर शाहहरूले ठूलो संख्यामा पुराना कार्यकर्ताहरूलाई भ्रममा पारेर आफूतर्फ तानेका थिए । तर आजसम्म पनि त्यो समूह अन्यौलमा छ । उनीहरू कता जाऔं, कता बसौंको स्थितिमा छन् । धेरै त अहिले हामीकहाँ आइसके ।

हामीले त्यस पूर्वी तराई क्षेत्रमा सानातिना वर्गसंघर्षहरू, जस्तो कि, बोनी अर्थात् 'दैनिक कामको ज्याला बढाऊ' आन्दोलनदेखि लिएर सामन्त फटाहाहरूबाट हुने अन्याय अत्याचार विरूद्धका विभिन्न संघर्षहरू पनि संचालन गर्‍यौं । यहाँ ज्यालाको कुरा गर्दा खास गरिकन, खेत मजदुरहरूको ज्याला भनेर बुझ्नुपर्दछ । ती संघर्षहरूबाट स्थानीय नेतृत्वले राम्रो विकास गर्न थाल्यो । सर्लाहीमा चित्रबहादुर आले, महोत्तरीमा तुल्सी दुङ्गाना, धनुषामा असर्फी यादव, सिराहामा के.एल.वाइवा, बि.एल.वाइवा, (बिष्णुलाल वाइवा) आदि कमरेडहरूले नेतृत्व विकास गरे ।

यसरी पूर्वी तराई क्षेत्रमा पार्टीको एउटा राम्रो प्रारूप बन्यो । र, बीचमा सायद ३५/३६ सालतिर होला, त्यहाँ एकचोटि ठूलो अनिकाल पर्‍यो । किसानहरू, खेत मजदूरहरू र गरीब किसानहरू खान नपाउने स्थितिमा रहन आए । उनीहरूले कहीं कतै पनि ऋण नपाउने र उधारो नपाउने स्थिति पैदा भयो ।

त्यस्तो स्थितिमा के गर्ने ? केही त उपाय निकाल्नै पर्‍यो । पार्टीले उपाय पत्ता लगायो । त्यस समयका प्रधान न्यायालयका न्यायाधीश प्रकाशबहादुर भन्ने मान्छे त्यो समयमा सर्लाहीका ठूला जमिन्दार थिए । उनको सयौं बिगाहा क्षेत्रफलको जग्गा थियो । उनको धान-भकारी लुट्ने योजना पार्टीले बनायो । त्यो योजना पार्टीको त्यस क्षेत्रको क्षेत्रीय ब्यूरोले बनाएको थियो । र, त्यो योजना स्वीकृतिको लागि केन्द्रमा आउँदा केन्द्रले त्यसलाई स्वीकृति प्रदान गर्‍यो ।

पार्टी केन्द्रले धान-भकारी लुट्ने योजनालाई स्वीकृति प्रदान गर्दा स्वीकृति पत्रको साथमा तीन-चारवटा निर्देशनहरू पनि दियो । पहिलो निर्देशन थियो- पार्टीको नाम तथा झण्डा र त्यस्तै, किसान संघको नाम तथा झण्डा लिएर जान पाइँदैन । दोस्रो निर्देशन थियो- जुलुस अत्यन्त शान्तिपूर्ण र अनुशासित हुनुपर्छ ।


त्यस्तै गरी, पार्टी सदस्यहरू र समर्थकहरू सबैले स्वयंसेवक भएर जुलुसको सुरक्षा गर्नुपर्छ । र, खानेकुराबाहेक अरू केही कब्जा गर्नु हुन्न । हल्ला पटक्कै गरिनु हुन्न । संगठनलाई गोप्य नै राखिनुपर्छ । जुलूसको तयारी अत्यन्तै गोप्य ढंगले गरिनुपर्छ । जुलुसमा ज-जसलाई लिएर जाने हो, उनीहरूलाई मात्र खबर गर्ने र हात-हतियारहरू भाला, लठ्ठी, मुंग्रो केही नबोक्ने । कहीं कसैको केही नलुट्नू । -आदि कुराहरू केन्द्रले स्थानीय पार्टीलाई निर्देशनको रूपमा दियो ।

मिति त मलाई अहिले याद छैन । स्थानीय पार्टीको अगुवाइमा त्यस दिन किसानहरूले न्यायाधीश प्रकाशबहादुरको घर घेर्न गए । पार्टी केन्द्रको निर्देशनमुताबिक नै त्यहाँ शान्तिपूर्ण जुलूस गएको थियो । त्यस समयमा त्यहाँ सायद आँप पाकेको थियो । 'खानेकुराबाहेक अरू केही नलुट्नू' भन्ने केन्द्रको निर्देशन थियो । आँप त खानेकुरोमा परिहाल्यो । घर घेर्न गएका सबैले भकाभक बोटबाट आँप झारेर खान थाले । धान लुट्या थिएन, तिनीहरूले आँपचाहिं सबै सकाए । आँपको ठूलो बगैंचा थियो । हजारौं रूपियाँको आँप फलिराखेको थियो । सबै सखाप पारे ।

बल्ल त्यसपछि मात्र धान लुटियो । र, प्रत्येक परिवारलाई नाम लेखी तौलेर बाँडियो । धान बाँडिदै जाँदा एउटी महिलाको थाप्ने पालो आयो । तर थाप्नको निम्ति उनीसँग केही थिएन । तराईमा महिलाहरूले प्रायशः जम्माजम्मी एउटा सारी लगाउने गर्छन् । सारीभित्र पेटीकोट पनि प्रायः हुँदैन । ती महिलाले थाप्ने चीज केही नभएपछि सारी फुकालेर धान थापिन् । उनी पूर्णतः निर्वस्त्र भइन् । पछाडि साथीहरूले खोजखाज गरी कुनै चीजमा धान राखी घरमा पुऱ्याएर उनलाई सारी लाउन दिए । ओहो ! त्यो दृश्य कस्तो थियो होला ? ! त्यो विभत्स दृश्य मैले देखेको होइन । प्रत्यक्ष देख्ने कमरेड चित्रबहादुर आलेले त्यो दृश्यबारे पार्टीभित्र बर्णन सुनाउनुभएको थियो । अन्य थुप्रै साथीहरूले पनि पछाडि त्यस दृश्यबारे वर्णन गरे । त्यसरी प्रकाशबहादुर न्यायाधीशको धान लुट्ने काम सम्पन्न भयो ।

तर खानेकुरामा त घीउ पनि पर्छ, तेल पनि पर्छ । पार्टीको निर्देशन खानेकुरो लुट्ने थियो । प्रकाशबहादुरको घरबाट घीउ र तेल पनि लुटिन थाल्यो । सक्नेले टीनका टीन घीउ-तेल लुटेर घर लगे । खानेकुरा लुट्नू भन्ने पार्टीको निर्देशन भएकोले घीउ-तेलको लूटबाट पार्टीको अनुशासन भङ्ग भएको ठहरिंदैन भन्ने ठानियो ।

त्यसो लुट्ने काम हुँदा पनि न्यायाधीश प्रकाशबहादुरको घर कुरेर



केशरजङ्ग रायमाझी



कृष्णराज वर्मा

बसेकाहरूले केही चाल पाएनन् । प्रकाशबहादुर त त्यहाँ थिएनन्, उनी शायद काठमाण्डौमै थिए होलान् । जुलूस त त्यतातिर पटक-पटक आइनै रहन्थ्यो । घर कुरेर बसेकाहरूले अरू बेलाझैं त्यस्तै जुलूस आयो होला भन्ठाने । उनीहरूले सुरक्षाको केही पनि उपाय अपनाउन पाएनन् । एकैचोटी ठूलो हूलले घर घेरेपछि उनीहरू अवाक् भई चूप लागेर बसे ।

भोलिपल्ट गाउँमा पुलिस र सि.आई.डि.हरू छ्याप्छ्याप्ती आए । धान कसले लुट्यो ? कसैले भन्न सकेन । पार्टीहरूले लुटेको भए झण्डा हुन्थ्यो । त्यस्तो पनि देखिएन । यसरी प्रशासनलगायत गाउँका अन्य मानिसहरूले त्यो लूट पार्टीले गराएको भनेर सोच्न सकेन । ५/६ महिनासम्म कसैले सुइँकोसम्म पनि पाउन सकेनन् । हाम्रा साथीहरू थाहा नपाएको झैं बाहिर भन्दै हिँड्थे- "बाफ रे बाफ ! खान नपाएपछि जनताले केसम्म गर्न सक्दोरहेछ !" तर साथीहरूले त्यो काम पार्टीले गराएको भनेर कहींकतै अलिकति पनि कुरा चुहाएनन् ।

पछि कहाँ-कहाँबाट सरकारले हाम्रा साथीहरूलाई सुराकी लगाएर गिरफ्तार गऱ्यो । पुलिसले बयान लिंदा साथीहरू कोहीले पनि त्यो काम हामीले गराएको हो भनेनन् । "हजारौं मान्छेहरू गएर लुटेको भनेर हामीले पनि सुनेका हौं । तर त्यो हाम्रो पार्टीले गराएको होइन । हामीले गराएको भए त त्यत्रो ठूलो कामलाई हामीले महत्वका साथ नै अखबारमा छपाएर हल्ली-खल्ली नै गर्थ्यौं नि ! हामी त्यतिकै कहाँ चूप लागेर बस्थ्यौं र ?" भनेर साथीहरूले पुलिसलाई झुक्याउन खाजे । तर पुलिसले केही साथीहरूलाई छोडी ५०/६० जना जति साथीहरूलाई थुनामा नै राखी अदालतमा मुद्दा चलायो ।

अदालतले पछि थुनामा रहेका ५०/६० जना साथीहरूलगायत हज्जारौं जनाको संलग्नतामा धान लुटिएको भनी फैसला सुनायो । फैसलामा लाखौं रूपियाँको बिगो पनि तोकिएको थियो । तर बिगोमा तोकिएको लाखौं रूपियाँलाई हज्जारौं जनाको संख्याले भाग गर्दा प्रतिव्यक्तिमा १०/२० रूपियाँ मात्र भाग पर्न आयो । र, १०/२० रूपियाँ रकम तिरी थुनामा परेका सबै साथीहरू छुटे । मुद्दा त्यतिकै समाप्त भयो ।

अब भन्नुस् त, त्यसबेला हाम्रो पार्टी घमण्डी भएको भए, अहंकारी भएको भए, प्रचारवादी भएको भए के हुन्थ्यो होला ? अवश्य पनि त्यो कामलाई 'हामीले गरेका हौं' भनेर प्रचार-प्रसार गरिन्थ्यो होला । तर त्यही कारणबाट त्यहाँ ठूलो मात्रामा दमन पनि हुन्थ्यो ।

पछि हाम्रो पार्टीले सशस्त्र संघर्षको थालनीको लागि भनेर लडाकू दल बनाउने सोचाइ बनायो । पार्टीले के सोच्यो भने- शुरूमा लडाकू दल बनाउने, पछि त्यही लडाकू दललाई विकास गरेर गुरिल्ला बनाउने र त्यसपछि तिनीहरूलाई पनि विकास गरेर नियमित जनसेना बनाउने । त्यसकारण पार्टीले प्रत्येक जिल्लामा लडाकू दल गठन गर्ने योजना बनायो । तर त्यो काम हल्ला नगरी अत्यन्त गोप्य ढंगले गर्ने निर्णय गरियो ।

पार्टीले लडाकू दल बनाएको बारे जिल्ला कमिटीलाई पनि थाहा नदिने भन्ने टुङ्गो लाग्यो । पार्टीले के सोच्यो भने, जिल्ला कमिटीको सेक्रेटारियटका साथीहरू सबैलाई विचार गरी हेर्दा यदि कसैबाट पनि कुरो बाहिर चुहिंदैन भन्ने पक्का हुन्छ भने त्यस्तो जिल्ला सेक्रेटारियटसम्मलाई कुरा खोल्दा हुन्छ । तर यदि कसैबाट केही गरी कुरा बाहिर चुहिनसक्ने सम्भावना बाँकी रहन्छ भने सेक्रेटारियट



**त्यो लडाकू दलमा के छलफल भयो भने, तिनीहरूले त्यस गाउँको सबभन्दा फटाहा, शोषक, सामन्त छानेर पिट्ने । तर पिटिने मान्छे कसरी छान्ने ?**

सदस्य भए पनि त्यस्तो साथीलाई कुरा नखोल्ने भन्ने निर्णय गरियो । यसो गरिनुको कारण कसैको इमान्दारीतामाथि शंका गर्नु थिएन । तर महत्वपूर्ण कुरो कसैले मनमा राखिराख्न सक्दैन र उसले कहीं न कहीं त्यो कुरो चुहाउने सम्भावना रहन्छ भने त्यस्तो साथीबाट बेहोसी र अन्जानमा हुनसक्ने गल्तीबाट पार्टीलाई जोगाउन त्यस्तो निर्णय गरिएको थियो ।

लडाकू दल बनाउन जिल्ला-जिल्लामा जाने र त्यहाँ रहेका कमरेडहरूबाट लडाकू दलमा बस्न योग्यहरूलाई छानेर ३ जना, ५ जना वा ७ जनाका समूहहरू बनाउने योजना बन्यो । तर त्यस योजनाबारे जिल्ला कमिटीलाई थाहा नदिने भन्ने भयो । ती समूहहरूलाई गोप्य ढंगले लाठी चलाउने, भाला हान्ने र अन्य हतियार चलाउने तालिम दिने भन्ने भयो । ती समूहहरूका सदस्यहरूले एउटा जिल्लाबाट अर्को जिल्लामा जाँदा सँगै तालिम लिएका चिन्ने साथीहरू सार्वजनिक थलोमा भेटेमा पनि नचिनेझैं गर्नुपर्ने भन्ने नियम बन्यो ।

अनुशासनको यस्ता कडा नियमहरू पालना गर्ने गरी ठाउँ ठाउँमा, जिल्ला-जिल्लामा गोप्य लडाकू दलहरू व्यापक रूपमा बनाउने काम भयो । उनीहरूबाट छिटपुट रूपमा कुटपिट आन्दोलनहरू पनि चले । त्यसले एक बेलामा चौथो महाधिवेशनलाई *डण्ठे पार्टी*को रूपमा पनि चिनायो ।

तर कहीं पनि त्यस्तो कुटपिट आन्दोलन चलाउँदा गोप्य रूपमा नै गर्ने गरिन्थ्यो । र, बाहिर कसैले सोध्दा 'होइन ! हामीले गराएको कहाँ हो र ? हामीले गराएको भए त हामीले प्रचार-प्रसार गरेर हल्लीखल्ली गरी नै हाल्थ्यौं नि । त्यसरी हामी गोप्य ढंगले कहाँ गर्न लगाउँथ्यौं र ?' भनेर हामी मान्छेहरूको मुख टाल्ने कोशिस गर्थ्यौं ।

एउटा लडाकू दलको व्यवहारिक अनुभवको एउटा रिपोर्ट मसँग छ । एउटा लडाकू टोलीमा पार्टीले निर्देशन पठायो । पार्टीको आदेश क्षेत्रीय कमाण्डरकहाँ गयो । उनले त्यो निर्देशन जिल्लालाई पठाए । जिल्लाले पनि त्यो निर्देशनलाई ठीक ढंगले लडाकू दलमा पुऱ्यायो । त्यो कुरो जिल्लाभरिका अन्य कमरेडहरू कसैलाई पनि थाहा थिएन । निर्णय जहाँबाट भयो, त्यहाँकालाई थाहा थियो, जुन स्रोतबाट निर्देशन गयो, त्यहाँकालाई थाहा थियो र जसले काम गर्नुपर्ने थियो, त्यसलाई थाहा थियो । तर तिनीहरू बाहेकका अरू कसैलाई पनि थाहा थिएन ।

त्यो लडाकू दलमा के छलफल भयो भने, तिनीहरूले त्यस गाउँको सबभन्दा फटाहा, शोषक, सामन्त छानेर पिट्ने । तर पिटिने मान्छे कसरी छान्ने ? फटाहाहरूको सूची तयार गर्ने कुरो भयो । ५/७ जना सामन्तहरूको सूची पनि तयार भयो । त्यसपछि १/१ जनाका बारे छलफल शुरू भयो । फलानालाई किन पिट्ने ? किन कुट्ने ? उसका यी यी अत्याचार र अन्यायहरू छन् भन्नेजस्ता कुराहरू भए । सबैका बारे कुरा भइसकेपछि तिनीहरूमध्ये सबैभन्दा बढी अन्यायी र अत्याचारीलाई सबभन्दा पहिले कुट्ने कुरो भयो । सबै के कुरामा चनाखो बने भने, कुट्दा पिट्दा गलत रूपले निर्दोष मानिस नपरोस् ।

सबै कुराको छिनोफानो भएपछि फलानोलाई कुट्ने भन्ने कुरो भयो । तर कहाँ कुट्ने ? कुन ठाउँमा कुट्ने ? कसरी पिट्ने ? आदिबारे छलफलमा थुप्रै विचारहरू आए । 'हामी पाँचजना छँदैछौं । जहाँ भेटिन्छ, त्यहीं ठोकठाक गरिहाल्ने !' भन्ने एउटा विचार आयो । कसैले 'फटाहाको घरमै गएर पिट्ने' भन्ने कुरो पनि ल्यायो । 'होइन एकान्त पारेर ठोक्नुपर्छ' भन्ने विचार पनि आयो ।

थुप्रै छलफलपछि कमाण्डरले 'फटाहालाई एकान्त पारी नकाब लगाएर आ-आफ्नो अनुभवसहित ठोक्ने' भन्ने निर्णय दिए । उनले भने- 'ठोक्दाखेरि उसले नचिनोस् । उसले चिन्यो भने त पछि हामीलाई सखाप पार्छ । त्यसैले, हल्ला नगरी काम सिध्याऔं । हल्ला काम सकिएपछि गरौं । 'बिचरा कुटिए छ है । कसले कुट्यो होला ? नकाब लगाउने मान्छे अवश्यै चिन्ने मानिस हुनुपर्छ ।' भनेर हल्ला गरौं । पछि केही गरी सुइँको पाउन थालेमा त्यहाँबाट हामी अन्यत्र भूमिगत बस्न जानुपर्छ । भ्याएमा पार्टीले व्यवस्था गरेको ठाउँमा, नभ्याएमा हामी हाम्रा

आफ्नै इष्टमित्र नातेदारहरूकहाँ भूमिगत बस्न जाने । त्यहाँ के गरी बस्ने त ? त्यहाँ त्यहीँकै घरको काम, खेतबारीको काम गरी बस्ने ।'

पार्टीको निर्देशनलाई मानेर यी सबै काम ती कमरेडहरूले गरे । तर पाँच जनामध्ये तीन जनाले मात्र काम पूरा गरे ।

ती बाँकी दुईजना कामरेडहरूले के गरे त ?

कुट्न जाने बेलामा फलाना ठाउँमा यति बजे भेला भई कुट्न जाने भन्ने निर्णय भयो । तर भनेको ठाउँमा भनेको समयमा तीनजना चाहिँ भेला भए, दुईजना आएनन् । केही बेरसम्म पर्खदा पनि तिनीहरू आएनन् । निर्देशन थियो- पर्खदा आएनन् भने जतिजना भेला हुन्छ त्यतिबाट काम शुरू गर्ने । केही गरी एक्लै भयो भने एक्लैले पनि पछाडिबाट ठोकेर भाग्ने । त्यसैले भेला भएका तीन जनाले नै काम भ्याए ।

काममा नजाने दुई जनासँग पार्टीले स्पष्टीकरण लियो । एक जनाका आमा बिरामी भएकी रहिछन्, अर्कोको पेट दुखेको रहेछ । उनीहरूले दिएको स्पष्टीकरणलाई पनि चेक गर्ने काम गरियो । त्यही दलको दोस्रो एक्सनमा पनि तिनीहरू दुईजना आएनन् । तर त्यसबेला पार्टीले उनीहरूलाई स्पष्टीकरण पनि लिएन ।

पार्टीले क्रियाशील तीनजनालाई अन्य निस्क्रिय दुई जनाको साथ छोड भन्ने निर्देशन दियो । तर साथ छोड्ने कसरी ? साथ छोडेको जस्तो गरेर त मिल्दैन । साथ छोडेको जस्तो व्यवहार गरियो भने त उनीहरूले एक्स्पोज (गोप्यता भंग) गरिदिने भय हुन्थ्यो ।

पार्टीले सिकाएअनुसार उनीहरूले के भयो आज भोलि ? हाम्रो पाँच जनाको दललाई पार्टीले बोलाउन पनि बोलाउँदैन । मलाई त बोलाएको छैन । तिमीलाई बोलाएको छ ? भनेर ती दुईजनालाई प्रश्न सोध्ने गरे । तिनीहरूले "खोइ ? हामीलाई पनि बोलाएको छैन ।" भन्ने जवाफ दिए । बारम्बार यस्तो कुरो गर्दै बिस्तार बिस्तारै ती दुई जनालाई त्यो लडाकू दल नै खत्तम भइसकेको भन्ने भ्रम पार्ने काम गरियो ।

लडाकू दलबाट पलायन भएका ती कमरेडहरू पार्टीमा चाहिँ रही नै रहे । उनीहरू किसान संघमा पनि थिए । त्यहाँ तिनीहरू सक्रिय थिए । तर थाहा नै नदिई तिनीहरूलाई लडाकू दलबाट छुटकारा दिइयो ।

यो अनुभवबाट पछि हामीले धेरै लडाकू दलहरू गठन गर्‍यौं । धेरै कुटपिटका कार्वाहीहरू गर्‍यौं । ❑

*क्रमशः*

*- प्रस्तुतिः तुल्सीदास महर्जन*

## ◀ कविता

# रगत


के.एल.पीडित



**साँ**च्चै तिमी
उमार्न चाहन्छौ भने धर्तीमा
गुराँस र सुनगाभाहरू
साँच्चै तिमी
उधार्न चाहन्छौ भने आकासमा
जून र ताराहरू
या, रोप्न चाहन्छौ भने
गरा-गराहरूमा आस्थाका बालीहरू
या डाक्न चाहन्छौ भने
पहरा पहरामा उषाका लालीहरू
खाँदेर असंख्य रहरहरू छातीभरि भरि
साँचेर सुनौला सपनाहरू आँखाभरि भरि
औडाहा र छटपटीसँगै
सुस्केरा काढ्दै र पुर्पुरो ठोक्दै
कुनै विषालु काँढाझैं
हरपल बिझाउने
यो अलच्छिन रात
के साँच्चै तिमी ढाल्न चाहन्छौ ?!
न आँशु छ तिमीसँग
अब रूनलाई
न संसार छ तिमीसँग
अब गुमाउनलाई
जहाँ जसरी बाँचेका छौ
त्यहाँ जीवनको कुनै निशान छैन
जहाँ जसरी हाँसेका छौ
त्यहाँ विश्वासको कुनै मुस्कान छैन
भत्किएका छन् सयपत्री फुल्ने आँगनहरू
लुटिएका छन् मसिर झुल्ने खलिहानहरू
कुनै दाजुकी प्यारी बहिनीले
निमन्त्रणाको दियो बालेर
सजाएको दीपावलीको रंगीन साँझझैं
औंसीको रातझैं उदास आफ्नो जीवनमा
खुशीको दीप बाल्न चाहन्छौ ?
ए मेरो प्रिय मान्छे !
ज्यूँदो भए बोल
तिमीसँग पर्याप्त रगत छ ?
देखिरहेकै त छौ
कालीमा पानी हैन रगत बगिरहेको छ
थुमीका गुराँस फुल्ने लेकहरू हेर
तितेका ऐसेंलु झुल्ने लेकहरू हेर
सल्लाका घारी र खेतबारीहरू हेर
जहाँ जहाँ सुनगाभाझैं
उन्मुक्त फुलेका छन् जीवनहरू
जहाँ-जहाँ अग्नीज्वालाझैं
प्रचण्ड बलेका छन् जीवनहरू
हेर, ती जम्मै पहाडी भेगहरू हेर
धर्ती कसरी रंगिएको छ रगतले
क्षितिज कसरी उध्रिएको छ रगतले
मेरो प्रिय मान्छे !
यो बेला एउटै शर्त छ फगत
रगत ! रगत ! ! रगत !!!
तिमीसँग पर्याप्त रगत छ ?
❑ ❑

◀ किताब ▶

# नेपाली जन आन्दोलन : जापानी लेखिकाको कलम




जन-आन्दोलनमा सक्रिय रूपमा भाग लिएका एकहजार पचास जनासँगको सांक्षात्कारसहित काठमाण्डौमा संचालन भएको जन-आन्दोलनका प्रत्यक्षदर्शी कियोको ओगुराले एउटा पुस्तक नेपाली जन-आन्दोलनकारी लोकलाई उपलब्ध गराई दिनुभएको छ, संझनाका लागि ।

पुस्ताहरू बित्दै जान्छन् । स्मृतिहरू पनि धूमिल हुँदै जाँदा रहेछन् । आजकाल आफ्नो साहस र बलिदानको कथा सुनाउन र अरूको सुन्न पनि अघिल्लो वा पछिल्लो पुस्तालाई फुर्सद छैन । त्यसैले ठूला ठूला आन्दोलनका कथाहरू पनि स्मृतिबाट हराउन पुग्छन् । भण्डै १२ वर्षअघि १० वर्ष पुगेको बालक आज अर्थात् सन् २००१ मा युवा भैसकेको छ । त्यतिखेर आन्दोलनमा होमिएका युवा-युवतीहरू वयस्क भएका छन् । यो समयको अन्तरालमा थुप्रै थुप्रै स्मृतिहरूलाई बिर्सन थालिएको छ । कतिले त्यो जन-आन्दोलनको बेला त्यतिखेरका युवा-युवतीका संघर्षहरूलाई सजिलै आँकेका होलान् । प्राप्त भएको प्रजातन्त्र राजाले सजिलै हस्तान्तरण गरेका होलान्, पञ्चहरूले मुठी फुकाएर बाँडेका होलान् भन्ने पनि लागेको होला । किनभने प्रजातन्त्रको पुनर्वहालीपछि सत्ता र व्यवस्था हत्याएकाहरूले सित्तैमा राज्यसत्ता प्राप्त गरेको भैं ठानेर व्यवहार गरिदिएकाले पनि तुलना गर्नेहरूले योभन्दा त्यो ठीक भनिरहेको बेला हो यो ।

काठमाण्डौ, पाटन, भक्तपुर जन-आन्दोलनका थलाहरू थिए । जनकपुर, भापा, चितवन, विराटनगर, बुटवल जन-आन्दोलनलाई अभ्र बिस्तृत र जनमानसलाई भक्भक्याउने थलाहरू थिए । इखालखुका सागर सिंहको हत्या, जनकपुर यदुकुवाका शिवधारी यादवको घर अगाडि मारिएकी जानकीदेवी, मुनेश्वरीदेवी, सोनावती र किशोर रामनारायण यादवको हत्या, भक्तपुरमा भएको आठ-आठजनाको हत्या, जन-आन्दोलनको शुरूमा देखिएको पंचायतकालीन नृशंसता थियो । भद्रपुर क्याम्पस हातामा मारिएका राम थापा जन-आन्दोलनको मध्यकालका उत्कर्षकर्ता बन्न पुगे । चैत्र २४, २०४६ अघि अर्थात् पंचायतको अन्तिम समयसम्म पनि हरेस खाएका थिएनन् पंचहरूले । तत्कालीन महापंच मरिचमान सिंहलाई हटाएर तत्कालीन राष्ट्रिय पंचायतका अध्यक्ष आफू प्रधानमन्त्री हुन सांसदहरूलाई आफ्नो क्याबिनेटमा बस्नेसम्मको आग्रह गरिरहेका थिए ।

*द इकोनोमिक्स* साप्ताहिक म्यागाजीन, र *माइमित्री* जापानी दैनिक अखवारकी संवाददाता रहेकी ओगुरा जन-आन्दोलन २०४६ मा नेपालमा समाचार संकलन गर्न आउनुभएको थियो । त्यसैबेला र आन्दोलनको सफलतापछि आन्दोलनकारीहरूसँग साक्षात्कार लिएर औपन्यासिक ढंगले पस्कनु भएको यो पुस्तक भावी आन्दोलनका लागि पनि ठूलो शिक्षा दिने ग्रन्थ बनेको छ । झन् यतिखेर, हिजोको जनसंघर्षबाट प्राप्त भएका मौलिक नागरिक अधिकारहरू बहाली भएको १२ वर्ष नबित्दै अधिकार प्राप्तिका लागि लडाइँ लडेकाहरूकै हातबाट 'हत्या' हुन थालेपछि यो पुस्तकको महत्व अभ्रै बढेको छ ।

मूल रूपमा जापानी भाषामा लिखित *'काठमाण्डौ स्प्रिङ - द पिपुल्स मुभमेन्ट अफ १९९०'* सरल अंग्रेजी भाषामा अनूदित पुस्तक हो । हिमाल बुक्सले यो पुस्तक छापेर तत्कालीन जन-आन्दोलनकारीहरूमाथि ठूलो गुण लगाएको छ । कियोको ओगुराको पुस्तक 'काठमाण्डौ स्प्रिङ' हिमाल बुक्सले अभ्र नेपालीमा रूपान्तर गरिदिई आम नेपालीलाई पस्किइदिए सारा नेपाली आभारी हुने थिए । त्यसो भएमा अंग्रेजी नजान्ने ठूलो संख्याको पाठक समुदायसमेत लाभान्वित हुने र नयाँ पुस्ताका लागि ठूलो गुण लाग्ने थियो ।

*- हरि रोका*

Kathmandu Spring

| | | |
|---|---|---|
| विधा | : | रिपोर्ताज |
| कृतिकार | : | कियोको ओगुरा |
| प्रकाशक | : | हिमाल बुक्स |
| मूल्य | : | रु. ३००/- |

◀ उल्लेख्य


**आमा पुतली**
विधा : बाल कथा संग्रह
लेखक : पोष चापागाईं
प्रकाशक : सिर्जनशील प्रकाशन, काठमाण्डौ
पृष्ठ : २४
मूल्य : रू. १०/-







**शून्यभित्र**
विधा : कविता संग्रह
लेखक : रमेशचन्द्र राई
प्रकाशक : बाबा नरबहादुर राई र आमा गंगाश्वरी राई
पृष्ठ : ६६

**हातहरू**
विधा : कविता संग्रह
लेखक : अनिल पौडेल
प्रकाशक : जनमत प्रकाशन, बनेपा
पृष्ठ : ८६
मूल्य : रू. ५०/-



**गणेशलाल सुब्बाका साहित्यिक समालोचना र अन्य लेखहरू**
विधा : लेखहरूको संगालो
संपादक : डा. मोहन पी. दाहाल
प्रकाशक : मुक्ति प्रकाशन, जलपाइगढी, भारत
पृष्ठ : १५६
मूल्य : रू. ४०/-

**त्यहाँदेखि यहाँसम्म**
विधा : कविता संग्रह
लेखक : ज्योतिप्रसाद देवकोटा
प्रकाशक : क्या. सौमित्र सरकार, विशालनगर
पृष्ठ : ९०
मूल्य : रू. ३०/-






**नेपालका बन्यजन्तु,**
(भाग-१)
लेखक : डा. मुकेशकुमार चालिसे
प्रकाशक : नेपाल नेचुरल हिस्ट्री सोसाइटी
पृष्ठ : ७०

# अर्थ-राजनीतिक आँकलनमा
# यस वर्षको बजेट

- हरि रोका -

### बजेटको लक्ष्य

जुनबेला डा. रामशरण महत संसदको संयुक्त बैठकमा बजेट भाषण गरिरहनुभएको थियो, त्यसबेला उहाँको अनुहारमा कुनै चमक र भरपूर आत्मविश्वास देखिन्नथ्यो । कर्मचारीतन्त्रमा सुधार, शान्ति सुरक्षाको सुदृढीकरण, औद्योगिक लगानी र प्रबर्द्धन तथा गरीबी निवारणको मूल लक्ष्य तय गरिएको यो बजेटले वास्तविकतामा कार्यान्वयन हुने कुरामा सबै शंकालु देखिन्छन् । स्वयं अर्थमन्त्री पनि ।



बजेट भाषण गर्दै अर्थमन्त्री : रामशरण महत

गएको आर्थिक वर्षमा झण्डै १८ प्रतिशतले घाटा बेहोर्नु परेको बजेट यस आर्थिक बर्षका लागि २५.४७ प्रतिशतले न्यून छ । अर्को अर्थमा, यसपालिको झण्डै १ खर्बको बजेटमा २५ अर्ब ४२ करोड रूपैयाँले न्यून छ, यो घाटा पूर्ति गर्ने उपाय जुन ढंगले अर्थमन्त्रीले खोज्नुभएको छ, त्यस्तो नहुनुपर्ने थियो । तर उहाँको दावी छ : १६ अर्ब ४२ करोड विदेशी ऋणबाट बेहोरिने छ र, ९ अर्ब रूपैयाँ आन्तरिक ऋणबाट । तर, गएको आर्थिक वर्षको विदेशी ऋण अनुमान गरिएभन्दा आधाभन्दा पनि कममात्र प्राप्त भएकोले थुप्रै विकास कार्यक्रमहरू कटौती भएको तीतो अनुभव सरकारसँग थियो । यसपटकको बजेटमा ८० वटा पुराना योजनाहरू ल्याइएका छन् । गतः आर्थिक वर्षमा ८ अर्ब ३७ करोड बराबरको विकास बजेटको रकम खर्च हुनसकेन । त्यस्तै राजस्व संकलनमा पनि रू. ५३ अर्बको अनुमान गरिएकोमा रू. ४९.६० अर्ब सिवाय संकलन भएन । गत आर्थिक वर्षमा लक्ष्यको ९४ प्रतिशतमात्र संकलित भएको राजस्व आगामी बर्षमा २५ प्रतिशतले कसरी बृद्धि होला ? स्वयं अर्थमन्त्रीलाई पनि जवाफ दिन गाह्रो छ ।


विगत वर्षको तुलनामा यसपालिको बजेटले रूग्ण उद्योगहरू प्रबर्द्धनमा नयाँ व्यवस्थापन गर्ने भनिएको छ । १२ वर्षको अवधिमा सरकारका तर्फबाट गरिएको यो पहिलो सकारात्मक पाइलो हो । जहाँसम्म गरीवी निवारणको कुरालाई मुख्य जोड गरिएको छ, त्यसका लागि पुरानै अप्रभावकारी कदमहरू अपनाइएका छन् । यस अर्थमा गरीवी निवारण होइन, गरीवीको खेती नै हुने कुरा पक्का भएको छ ।

### बजेट र प्राथमिकताको पक्ष

बार्षिक बजेटले कस्तो लक्ष्य साँधेको छ ? मूलतः यो प्रश्न महत्वपूर्ण प्रश्न हो र यसले नै बजेटप्रति आम मानिसको धारणा सकारात्मक हुने या नकारात्मक हुने भन्ने कुरा निर्धारण गर्दछ । बजेटमा एउटा मीठो शब्दको जहिले पनि प्रयोग गरिन्छ, त्यसको नाम हो- गरीवी निवारण ।

देशमा गरीवहरू गाउँमा बस्छन् र झण्डै कुल जनसंख्याको ८० मानिसहरू प्रतिशत कृषिक्षेत्रमा आश्रित छन् । कुल क्रियाशील जनशक्तिको ८१ प्रतिशत मानिसहरू पनि त्यहीं रहन्छन् । तर कृषिक्षेत्र सँधै उपेक्षित रहन पुगेको छ । यसपालिको बजेटमा बिनियोजन गरिएको रकमले पनि त्यो उपेक्षालाई उजागर गरेको छ । कर्मचारीहरूको खर्चसमेतको हिसावमा ३ अर्ब ९२ करोड रूपैयाँ कृषि क्षेत्रलाई छुट्याइएको छ । खुला उदार अर्थतन्त्र र संरचनागत समायोजन कार्यक्रम (Structural Adjustment Programme) को कारण रासायनिक मल, बीऊ-बीजन र औजारमा दिइँदै आएको अनुदान कटौती हुँदै जानु, त्यसले गर्दा कृषिको लागि अत्यन्त आवश्यक रासायनिक मलको मूल्यमा ३०० प्रतिशतभन्दा ज्यादा बृद्धि हुनु, उत्पादित कृषि उपजको समर्थन मूल्य नतोकिनु खुला बोर्डर र बाहिरबाट आएको कृषि उपजको प्रतिस्पर्धामा नेपालमा उत्पादित कृषि उपजको लागत मूल्यसमेत उठ्न नसक्नुको कारणले गत वर्ष किसानका लागि सबैभन्दा अप्ठ्यारो वर्ष हुनपुग्यो । पूर्ण बेरोजगार र अर्ध बेरोजगारको ठूलो संख्या कृषि क्षेत्रमै छ । तर, कृषि क्षेत्रको सुधारको लागि २० वर्षे कार्ययोजनाका कार्यान्वयन कहिल्यै नुहुनु, कृषि सडक, कृषि-बजार

**अहिले छुट्याएको विकास खर्चबाट नै कटौती गरेर सेना वा प्रहरी परिचालन गरिने भएकोले बजेटको स्वरुपमा परिवर्तन हुनेछ**



## यो बर्षको बजेट

- कुल बजेट — रू.९९.७९/- अर्बको
- विकास खर्च — रू. ५०.४७/- अर्बको
- साधारण खर्च — रू. ४९.३२/- अर्बको

## आम्दानीको स्रोत

- कुल बजेटको ३१ प्रतिशत विदेशी सहायतामा आधारित
- कुल विकास बजेटको ६१ प्रतिशत विदेशी सहायतामा आधारित
- कुल बजेटको ६० प्रतिशत राजस्वमा आधारित
- कुल बजेटको ९ प्रतिशत आन्तरिक ऋणमा आधारित

## कुल बजेटमध्ये अनुमानित आय

| | | |
|---|---|---|
| राजस्वबाट | रू. ६०.२५ | अर्ब |
| विदेशी अनुदानबाट | रू. १४.१२ | अर्ब |
| विदेशी ऋणबाट | रू. १६.४२ | अर्ब |
| आन्तरिक ऋणबाट | रू. ९.० | अर्ब |

ब्यवस्थापन, कृषिजन्य उद्योगहरूको स्थापनामा कहिल्यै सरकारी क्षेत्रबाट पहल नुहुनु, सिँचाइ ब्यवस्थापनलाई ध्यान नदिइनु, वातावरण र हावापानीअनुसार कृषि उत्पादनका बालीनाली र त्यसको लागि अनुसन्धान तथा विकासको कुनै परियोजना तयार नगरिनुले पनि बहुसंख्यक जनताप्रति उपेक्षा भएको छ । यसपालिको बजेटले पनि कर्मचारीको तलब भत्तासहित कृषि क्षेत्रमा जम्मा ३ अर्ब ८७ करोड रूपैयां विनियोजन गरिनाले पनि उक्त कुरा प्रष्टिन्छ ।

सिँचाइ, स्वास्थ्य, शिक्षा, सडक र ऊर्जा विकास प्रत्येक गाउँले किसानहरूसँग जोडिएका प्रश्न हुन् । तर, विगत १२ वर्षदेखि यता ती सबै क्षेत्रले खासगरी गाउँ क्षेत्र अत्यन्त उपेक्षित छन् । सिँचाइमा गरिने लगानी, सडकमा गरिने लगानीको स्वरूप हेरेर ती कहिल्यै कार्यान्वयन हुनै सक्तैनन् । उदाहरणका लागि, ११० कि.मी. सडक निर्माणका लागि २ करोड रकम विनियोजन गर्नुको के अर्थ हुन्छ, जबकि १ कि.मी. बाटो तयार हुन अहिलेको मूल्यमा ३ करोड रूपैयां लाग्छ ? देशभरिको लगभग ५६ भन्दा बढ्ता पहाडी र हिमाली जिल्ला भएको देशमा साना सिँचाइको विकास कार्यक्रममा जम्मा ७ करोड विनियोजन गर्नुको के अर्थ रहन्छ ? तराईका अधिकांश जिल्लामा सिँचाइको अत्यन्त आवश्यकता छ, जबकि त्यसको लागि स्यालो एवं दीप ट्यूबवेल जडान कार्यका लागि जम्मा १७ करोड छुट्याउनुले कति सिँचाइ हुनसक्छ ? वर्षौंदेखि यसरी कृषि क्षेत्रका लागि ज्यादै थोरै बजेट छुट्याउने र कार्यान्वयन फितलो हुने प्रक्रिया जारी छ । यो देशमा कहिल्यै कुनै पनि कुरालाई योजनाबद्ध अभियानको रूपमा कार्यान्वयन गरिएन । यसपटक पनि त्यसैलाई दोहोर्‍याइएको छ ।

गरीवी निवारणका अन्य त्यस्ता धेरै पक्षहरू छन् । धेरै योजनाहरू छन्, जस्तो : गरीवका लागि विश्वेश्वर, शान्तिका लागि गणेशमान, गरीवी निवारण कोष, कुखुरा-बाखा पालन, अहिले केही जिल्लामा रेशम खेती ! गएको वर्ष ती सबै कार्यक्रमहरू फेल भए । न त अनुगमन छ, न त प्रतिफल कसले प्राप्त गर्‍यो भन्ने नै छ । भएर के भयो र, नभएर के हुँदैछ ? - कहिल्यै आँकलन गरिएन । तर कार्यक्रम संचालनलाई दोहोर्‍याई रहेको छ । धनी र गरीवहरूबीचको आर्थिक असमानताको खाडल प्रत्येक वर्ष ठूलो र गहिरो हुँदैछ । गाउँमा गरीवी बढिरहेको छ । आर्थिक सर्वेक्षणले ४२ प्रतिशतमात्र गरीवीको रेखामुनि रहेको बताए पनि प्रत्येक वर्ष गाउँमा गरीवी थपिँदैछ । जनसंख्याको बृद्धिदर २.४ प्रतिशत हुनु र कृषि उत्पादनको बृद्धिदर त्योभन्दा न्यून हुँदै जानुले पनि गरीवीसम्बन्धी सरकारी हिसाव मिलान हुनसक्दैन । त्यसैले, संयुक्त राष्ट्रसंघबाट प्रकाशित हुने Human Development Report-2000 ले नेपालमा ५१ प्रतिशतभन्दा बढी जनता गरीवीको रेखामुनि रहेको आँकडा प्रकाशित गरेको छ । त्यसैले प्राथमिकता तोक्नुपर्ने, अभियान चलाउने कुरालाई यसपालि पनि बजेटले छोडिदियो र उही पुरानै परम्परालाई दोहोर्‍यायो ।

## *बजेटको कार्यान्वयन र जनयुद्धको टुङ्गो*

६ वर्षदेखि देशमा नेकपा माओवादीको जनयुद्ध चालु छ । विगत दुई बर्षदेखि यसको विकास र प्रभाव बढेको छ । देशको ७५ वटै जिल्लामा यसले आफ्नो उपस्थिति जनाएको छ भने लगभग ३५ वटा जिल्लामा जनयुद्धका असरहरू देखिएका छन् । खुला अर्थतन्त्र, उदारवादी अर्थतन्त्र र संसदीय प्रजातन्त्रका बिरूद्ध समानता र सामाजिक न्यायको नारा लगाएर हिंडेको जनयुद्धले विस्तारै आर्थिक उपार्जनका क्रियाकलापमा लागेका उद्यमी ब्यापारीहरूलाई प्रभावित पारिरहेका छन् । उद्योग-धन्दा र ब्यापारिक केन्द्रहरूमा बम पड्काउने घटना केही दिनयता आम बन्न पुगेका छन् । यस्ता घटनाहरूको रोकथाम गर्ने र सुरक्षा प्रदान गर्ने कुरामा सरकार पूर्णतया असक्षम सावित भएको छ । पूंजीको केन्द्रिकृत संकलन भैरहेको अवस्था र लगानी सुरक्षाको अभावमा बाहिर पूंजीको पलायन हुने संभावनालाई नकार्नै सकिन्न । यो अहिलेको एउटा अप्ठ्यारो पक्ष हो । त्यस्तो भएमा अहिले हामीसँग भएका वित्तीय संस्थाहरू र खासगरी संयुक्त लगानीमा खोलिएका बैंकहरू पहिला प्रभावित हुनेछन्, त्यसपछि अन्य विदेशी दातृ समूहहरूबाट संचालित योजना तथा कार्यक्रमहरू प्रभावित हुनेछन् । यस्तै, राजस्व संकलनमा पनि त्यसको प्रत्यक्ष असर पर्नेछ । आर्थिक कारोबारका क्षेत्रहरू प्रभावित भएपछि राजस्व संकलनमा बाधा आइपर्नेछ, राजस्व संकलन नभएपछि स्वाभाविक रूपमा विकासका कार्यक्रमहरू प्रभावित हुनेछन् । त्यस हिसावले यसपालिको बजेटले लक्षअनुरूप कार्यान्वयन हुने कुरामा शंका गर्ने पर्याप्त आधारहरू छोडेको छ । बजेट आंशिक रूपमै भए पनि लागु हुनसकेन भने देशको अर्थतन्त्र धराशायी हुनसक्ने खतराबाट मुक्त हुनेछैन ।

यसपालिको बजेटमा विकास खर्च साधारण खर्चभन्दा लगभग एक अर्बले मात्र बढी छ । गत आर्थिक वर्षमा यो ५ अर्बले बढी थियो । देशमा विद्यमान जनयुद्धका कारण पोहोर साल प्रहरी खर्चमा एकैचोटि ठूलो रकम विनियोजन गरियो । प्रहरीको शक्ति असफल भएपछि एकीकृत सुरक्षा तथा विकास कार्यक्रमका नाममा सेनाका लागि थप कार्यक्रम गत आर्थिक वर्षमा थप गर्न पुग्यो । यसपटक सेना र प्रहरीका नाममा १० अर्ब २८ करोड रूपैयां विनियोजन गरिएको छ । गत आर्थिक वर्षको तुलनामा १ अर्ब ११ करोड रूपैयांले मात्र बढी छ उक्त रकम । माओवादी जनयुद्धको बढोत्तरी, प्रहरीको कत्लेआम, तुल बम र अन्य बमहरूको कारणले सिर्जित शहरी आतंकका कारण गत वर्षहरूसा भन्दा बढ्ता दमनकारी शक्ति निर्माण र बिस्तार गर्नुपर्ने कारण देखाएर संभवतः यो छुट्याइएको रकम अपर्याप्त हुनेछ । त्यसकारण अहिले छुट्याएको विकास खर्चबाट नै कटौती गरेर सेना वा प्रहरी परिचालन गरिने भएकोले बजेटको स्वरूपमा परिवर्तन हुनेछ र अहिले भनेजस्तो रूपमा कार्यान्वयन हुनेछैन । सरकारले सोचेजस्तो र गरेजस्तो बजेटको कार्यान्वयन माओवादी जनयुद्ध शान्तिपूर्ण ढंगले अवतरण भएमा मात्र संभव हुनसक्छ । ❑

## नेपालको बजेटको डरलाग्दो पक्ष

- यो आर्थिक वर्षमा नेपालको कुल राजस्व रू. ६०.२५ अर्ब हुने अनुमान गरिएको छ ।
- कुल राजस्वमध्ये २०.६० अर्ब रूपैयाँ त कर्मचारी खर्चमै सिद्धिने हिसाव गरिएको छ । अर्थात् कुल राजस्वको एक तिहाइ अंश कर्मचारी खर्चमै जान्छ ।
- बाह्य ऋण भुक्तानीमा यो वर्ष रू. ८.७२ अर्ब छुट्याइएको छ र आन्तरिक ऋण भुक्तानीमा ५.३९ अर्ब रूपैयाँ । यी दुवै जोड्दा ऋणको सावाँ ब्याज तिर्न मात्रै कुल राजस्वको झण्डै एक चौथाइ अंश खर्च हुने हुन्छ ।
- यसप्रकार, यो वर्षको बजेटमा कुल राजस्वको ५७ प्रतिशत अंश अर्थात् झण्डै ५ मा ३ हिस्सा, केवल कर्मचारी खर्च र ऋणको सावाँ ब्याजमै चट् हुने भएको छ । यस्तो हुने भएपछि नेपालले विकासमा खर्च गर्ने कुन पैसाले ?

नेपाल, यसप्रकार आफ्नो देशको विकास खर्चकै लागि विदेशी सहायताको निम्ति झोली फिँजाउनु पर्ने पराधीन मगन्ते देशमा बदलिँदैछ ।

- स्मरणीय छ, २०५७ साल चैत्र मसान्तसम्ममा नेपालको खूद तिर्न बाँकी विदेशी नेपालको खूद तिर्न बाँकी विदेशी ऋण रू. १९६.३८ अर्ब पुगेको छ । यो भनेको नेपालको तीन वर्षको सम्पूर्ण राजस्वभन्दा पनि ज्यादा हो, नेपालको दुई वर्षको पूरापूर बजेट हो । ❑

यस अर्थमा गरीवी निवारण होइन, गरीवीको खेती नै हुने कुरा पक्का भएको छ

लामो समयको प्रतिक्षापछि




मनोज गजुरेलका हास्य व्यंग्यहरुको संगालो

लुखास्त

यही साउन २१ गते हास्यव्यंग्य पर्व गाईजात्राको दिन प्रकाशित हुँदैछ !

अन्तर्क्रिया प्रकाशन प्रा.लि.
पुतलीसडक, काठमाण्डौ
फोनः ४२२७६९ फ्याक्सः ४२३५४९

◀ अन्तर्क्रिया

# पूँजीवादको बदलिंदो स्वरूप

◆ माधव कुमार नेपाल
❑ झलनाथ खनाल
◆ सि.पी मैनाली
❑ टंक कार्की
◆ हरि रोका
❑ परी थापा
◆ गंगाप्रसाद चौधरी
❑ डा. डिल्लीराज खनाल
◆ सीताराम तामाङ्ग
❑ विमल फुयाँल
◆ गोविन्द न्यौपाने
❑ महेश्वरमान श्रेष्ठका
टिप्पणीहरूबारे
डा. चैतन्य मिश्रको प्रत्युत्तर



क. माधव नेपाल

***मूल्यांकनको अंक ७९,८०,८१ मा प्रकाशित डा. चैतन्य मिश्रको लेखमाथि भएको विचार अन्तर्क्रियाको तेस्रो अंश***



डा. चैतन्य मिश्र

सबैभन्दा पहिला त म यो मन्थनको थलो संयोजन गर्ने 'मूल्यांकन'प्रति र आफ्नो समालोचनात्मक धारणा र प्रतिक्रिया प्रस्तुत गर्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छु । यो मन्थनबाट हामी सबै लाभान्वित भएका छौं भन्ने मलाई लागेको छ ।

यहाँ उठाइएको सबै धारणा र प्रतिक्रियाउपर टिप्पणी गर्नु आवश्यक र सम्भव दुवै छैन । त्यसैले, यहाँ व्यक्त गरिएका केही विचार र प्रतिक्रियाउपर आफ्नो टिप्पणी सीमित राख्न चाहन्छु । यसरी टिप्पणी अघि सार्दा केही समान-समान किसिमका प्रतिक्रियामाथि एकमुष्ठ टिप्पणी गर्नेछु भने केही खासखास धारणा र प्रश्न प्रस्तुत गर्नुहुने सहभागीहरूको विचारमाथि छुट्टाछुट्टै टिप्पणी गर्नेछु ।

## नाशवान पूँजीवादका विशेषताहरु के हुन् ?

धेरै ठाउँमा धेरै सहभागीहरूले आग्रह गर्नुभयो, लेखमा फलानो फलानो विषय छुट्यो, फलानो फलानो विषयमा जोड पुगेन, विस्तृत भएन आदि । यीमध्ये केहीको बारेमा तल म छुट्टै चर्चा गर्नेछु । तर पनि यहाँ मैले प्रतिआग्रह गर्नैपर्ने कुरा लेखको प्रकृति र सीमासँग सम्बन्धित छ । प्रस्तुत लेखको प्रकृति मूलतः संश्लेषणात्मक छ, विश्लेषणात्मकभन्दा बढी । यो विश्लेषण-प्रधान किन रहेन, यसको सरल उत्तर छ: यसमा चार-पाँच शताब्दीको विश्व पूँजीवादी इतिहासको सार-संक्षेप उतार्ने प्रयास गरिएको छ र यसमा विश्व पूँजीवादका केन्द्रीय अल्प-विकसित क्षेत्र र नेपालको बेग्लाबेग्लै तर अन्योन्याश्रित स्थितिको विवेचना गर्न खोजिएको छ । प्रयासको सार्थकता कति रह्यो, सहभागी र पाठकहरूले छुट्याउने कुरा हो । मलाई लाग्छ, सहभागी र पाठकहरूले स्वीकार गर्नुहुन्छ कि यस्तो प्रयासको छुट्टै उपयोगिता छ, मिहिन र अत्यन्त मिहिन घटना र परिघटना विशेषको वर्णन, विश्लेषण र व्याख्याभन्दा ।

लेखमा मैले चर्चा गरेको छु, विश्वपूँजीवादका स्थान विशेषता र आवधिक मूल चरणहरूबारे । तर झलनाथ खनालजीको आग्रह छ, पूँजीवादीकालका अलि छुट्टै पाँच चरणहरूको विश्लेषण गर्नुपर्थ्यो भन्ने । डिल्लीराज खनालजी अझ मिहित हुन चाहनुहुन्छ र गएको ७० वर्षभित्रकै पूँजीवादी प्रक्रियालाई पनि उहाँ थप चार-पाँच चरणमा बाँड्न चाहनुहुन्छ । यस्तो चरणीकरणको विशिष्ट महत्व छ नै, तर अति-चरणीकरणले रूख देखाउँछ, जङ्गल लुकाउँछ । जुम्रा देखाउँछ, भैंसी लुकाउँछ । विश्लेषणात्मक बन्न खोज्छ, मूल ऐतिहासिक परिप्रेक्ष्यबाट झण्डै पृथक तुल्याएर । यसको अर्थ के होइन भने रूख वा जुम्रा लुक्नुपर्छ, जङ्गल र भैंसीमात्र देखिनुपर्छ । साँच्चै हुनुपर्ने हो भने सबै देखिनुपर्छ, र तिनको अन्योन्याश्रितपना उजागर हुनुपर्छ । तर कुनै पनि लेख विशेषले एकातिर फैलावट र अर्कोतिर चरणभन्दा पनि पर गएर उपचरणको बेलीबिस्तारलाई बराबरी स्थान दिन सक्दैन । तसर्थ लेखको प्रकृति र सीमाभित्र रहेर नै प्रतिक्रिया गरिनुपर्छ भन्ने मलाई लाग्छ ।

केही प्रतिक्रिया आएको छ, नेपालको विश्व पूँजीवादभित्रको प्रवेश र त्यसपछिका चरण, उपचरण र प्रक्रियाहरूको सविस्तार वर्णन लेखमा आएन भन्ने । कतिपय हिसावले यो आलोचना स्वाभाविक र अपेक्षित पनि हो । माधव नेपालजी, सी.पी. मैनालीजी र अरूले पनि यस्तो स्थितिलाई भविष्यमा कसरी परिपूर्ति गर्न सकिन्छ भन्नेबारे आफ्ना धारणा अघि सार्नुभएको छ । म यसबारे सहमत छु । साथै म सहभागी मित्रहरूलाई प्रतिप्रश्न गर्न चाहन्छु कि- "नाशवान पूँजीवादका विशेषता" शीर्षकको लेखमा नेपालको इतिहासको यो पाटोको सबिस्तार वर्णन, विश्लेषण र व्याख्या गर्नु कत्तिको युक्तिसंगत हुन्थ्यो ?



डिल्लीराज खनाल




क. झलनाथ खनाल

अब लागौं, वस्तुगत र बढी मूर्त प्रतिक्रियातर्फ । झलनाथजी र सी.पी. मैनालीजीका मुख्य आलोचनाहरूमध्ये दुईवटालाई म सहर्ष ग्रहण गर्दछु र आफ्नो लेखमा रहेको कमजोरीलाई सच्याउँनेछु ।

पहिलो हो, वर्तमान युग मूलतः पूँजीवादी युग हो भन्ने मेरो शुरूको कथन । सी.पी. मैनाली र अरू केही सहभागी मित्रहरूले पनि यो कथनमाथि टिप्पणी गर्नुभएको छ । पक्कै पनि यो युग पूँजीवादीमात्र होइन, पूँजीवादविरोधी युग पनि हो, यद्यपि यहाँ यो पनि भन्नु आवश्यक छ कि यो विरोध समाजवादी प्रकृतिको मात्र नभएर अन्य विभिन्न प्रकृतिको पनि छ । सो कुरा लेखको पहिलो वाक्य लगत्तै पछाडिका वाक्य र अनुच्छेदहरूमा अंकित नै छ । तर पनि म आफ्नो शुरूको वाक्यको अतिशयोक्ति स्वीकार्छु । यो भूललाई व्याख्या गर्नुपर्दा म यतिमात्र भन्न चाहन्छु कि विरोध र अन्तर्विरोधको बाबजूद हुँदैआएको पूँजीवादको लामो र लागातारको विजय अभियानको वास्तविकता तथ्यगत रूपमा समाजवादीहरूले पनि स्वीकार्नु पर्ने हुन्छ । यस कुरालाई जोड दिन मैले यो अतिशयोक्ति उच्चारण गरेको हुँ ।

दोस्रो, झलनाथजीले भन्नुभएझैं साम्राज्यवादी शक्तिहरूबीचको द्वन्द्व र संभावित विश्वयुद्धपछि पनि पूँजीवाद जीवितै रहनसक्छ । तर, साथै म यो पनि भन्न



क. सि.पी. मैनाली

चाहन्छु कि, पूँजीवादको ध्वंशको लागि अन्य उपक्रमको अलावा अन्तरसाम्राज्यवादी विश्वयुद्ध अपरिहार्य छ । झलनाथजीले "५० वर्षअघि नेपाल अर्द्धसामन्ती र अर्धऔपनिवेशिक देश थियो भनेर कुन तथ्य, कुन संरचना र कुन विश्लेषणमा आधारित रहेर भन्न सकियो ? त्यति बेलाभन्दा अहिले के के कुरामा फरक आयो र के के आधारमा अर्धसामन्ती र अर्धऔपनिवेशिक भएन भनियो" भन्ने प्रश्न गर्नुभएको छ । यो प्रश्न निरर्थक छ, किनकी मैले ५० वर्षअघि नेपाल सामन्ती वा अर्धसामन्ती थियो भनेर कहिल्यै भनेकै छैन र म यो मान्यता राख्दिन पनि । उन्नाइसौं शताब्दीको मध्यदेखि नै नेपाली अर्थतन्त्र मूलतः पूँजीवादी रहेको हो भन्ने मेरो मान्यता १५ वर्षअघि नै प्रकाशित भएको हो । यो मान्यता सही हो वा होइन त्यो छुट्टै पक्ष हो, तर मेरो मुखमा मलाई नै फजुल लाग्ने बोली उहाँले राखिदिएको भने सुहाएन ।

झलनाथजीको अन्य प्रतिक्रिया त्यति दमदार छैनन् भन्ने मलाई लाग्छ । पूँजीवादको उदय चारसय वर्षअघि भयो वा पाँचसय वर्षअघि, यो तात्विक विषय होइन । यसबारे विस्तृत रूपमा हरि रोकाजी र गंगा चौधरीजीको प्रतिक्रियामाथि टिप्पणी गर्दा खुलासा गर्नेछु । दास प्रथाको उदय र विकास सामन्तवादी प्रणालीको उपज भएको र पूँजीवादी प्रणालीको पछिल्लोकालमा कमसेकम पूँजीवादी केन्द्रीय क्षेत्रहरूमा निषेध भएको तथ्य लेखमा प्रस्तुत गरेको छु । बाँकी रह्यो, दास प्रथालाई पूँजीवादको पूर्वार्धको अन्तरंग संरचना हो वा होइन भन्ने विवाद । यसलाई म यति मै टुंग्याउन र पाठकहरूमाथि छोड्न चाहन्छु । दास प्रणालीको चरमोत्कर्ष र तीक्ष्णतम शोषण पूँजीवादको पूर्वार्धमै भयो, सामन्दवादअन्तर्गत होइन । अर्थात्, पूँजीवादको जगका साथै धेरै माथिल्ला तलाहरू दासका रगत र पसिनाले सिंचित भएको हो ।

झलनाथजीको धारणामा एउटा अनौठो विरोधाभाष देखापर्छ । एकातिर उहाँ पूँजीवादको आधारभूत विरोध उत्पादक शक्ति र उत्पादनसम्बन्धबीचको विरोधाभाष हो भन्नुहुन्छ । तर प्रस्तावनास्वरूप यति भनिसकेपछि भने पूँजीवादअन्तर्गतका चरणहरू विभाजन गर्दा यी दुईबीचको अन्तरविरोधको उपजको रूपमा नगरेर उहाँ यसलाई झण्डै झण्डै प्राविधिक र तकनिकी विकासको आधारमा गर्नुहुन्छ । 'हस्त-उद्योग', 'यन्त्र-उद्योग', 'बुद्धि उद्योग' चरणहरूको वकालत यसै कोटीमा पर्छन् । अझ 'बुद्धि उद्योग'को चरणपश्चात् पूँजीवादको समाप्ति हुनसक्ने संभावना पनि देख्नुहुन्छ । थप, औपनिवेशिक साम्राज्यको जग पनि 'यन्त्र उद्योग'को कारण भएको आंकलन गर्नुहुन्छ । जबकि सिंगो उत्तर अमेरिका, दक्षिण अमेरिकालगायत अफ्रिकाका विभिन्न भू-भाग र एशियाका भारतलगायतका विभिन्न भू-भाग र अर्थतन्त्रमा औद्योगिक क्रान्ति दुई-तीन शताब्दीअघि नै औपनिवेशिक दमन स्थापित भैसकेको हो ।

एकपटक फेरि यो कथित 'बुद्धि उद्योग' तिर फर्कौं । पक्कै पनि गएको ५-७ वर्षको पूँजीवादी अर्थशास्त्रमा र अरू साहित्यमा 'बुद्धि उद्योग'को प्रयोग प्रचुरमात्रामा भएको छ । र, यी शास्त्रहरूमा यसलाई "भूतो न भविष्यति"को पाराले बडा रहस्यात्मक तुल्याइएको छ । मलाई लाग्छ, झलनाथजी केही हदमा यो रहस्यात्मक जालोमा फस्न पुग्नुभएको छ । 'बुद्धि उद्योग' स्थापित गर्न पक्कै पनि केही विशिष्ट प्रकारको प्राविधिक विकास जरूरी थियो र त्यसले मूर्तता लिदैछ । तर यसको वास्तविक सार भने पुरानै हो ।

पूँजीवादी केन्द्रमा त्यस्ता उद्योगमा लगानी बढ्छ, जसमा लगानीको अनुपातमा नाफा दर उच्च हुन्छ । डेढ शताब्दीअघि कपडा उद्योगमा केन्द्रित थिए, पूँजीवादी केन्द्रीय क्षेत्र र मुलुकका पूँजीपतिहरू । जब त्यसमा नाफा दर कम हुनथाल्यो, त्यो उद्योग जापान हुँदै कोरिया, भारत, चीन सऱ्यो । त्यसैगरी धातु उद्योग, मोटर उद्योग, पेट्रोल उद्योग आदिमा नाफा दर उच्च रह्यो र पूँजीवादी क्षेत्रहरूमा यी उद्योगहरूमा बढी लगानी आकर्षित भयो । तीमध्ये केही अब अन्य 'कम विकसित' क्षेत्रमा स्थानान्तरित भए र हुँदैछन् । अहिले नाफा दर उच्च रहेका मध्ये औषधिजन्य सामान, पेट्रोललगायत अन्य ऊर्जासम्बन्धी सामान, सामरिक सामान र इलेक्ट्रोनिक्स पर्छन् ( जसमध्ये कम्प्युटर हार्डवेयर र सफ्टवेयर, इन्टरनेट, टेलिकम्यूनिकेसन्स आदि) उल्लेखनीय छन् । अर्थात् 'बुद्धि उद्योग'को रहस्य उच्च नाफा दर नै हो, जुन सिंगो पूँजीवादको 'खुला गूढार्थ' हो । अर्को किसिमले भन्ने हो भने हालको इन्टरनेट पहिलेको रेडियो टेलिग्राफ, टेलिफोन नेटवर्क नगरिएको कोठा कोठामा छुट्टाछुट्टै राखिएको कम्प्यूटरको जोड र विकसित रूप हो ।

वर्तमान 'बुद्धि उद्योग'को सायद एउटै चरित्रलाई मात्र नवीन भन्न मिल्ला । त्यो हो- विश्वव्यापी रूपमा अत्यन्त कडाइका साथ लागु गर्न लागिएको 'बुद्धि-पोत' वा 'बुद्धि-तिरो'को व्यवस्था । पोत र तिरोले छोटो अवधिको लागि पूँजीपतिजस्तै मोटाउँछ, तर सिंगो पोत र तिरो व्यवस्थाले सिंगो पूँजीवादी व्यवस्थाको गतिलाई मध्यम र दीर्घकालमा कुण्ठित पो पार्छ कि भनेर शंका गर्नेहरू पनि निकै छन् । पोत र तिरो व्यवस्था वास्तवमै पूँजीवादको नभएर सामन्तवादको द्योतक पो हो । यो पुर्खौली अंश खाने कुरा हो, आफैले निरन्तर कमाउनेभन्दा ।

जहाँसम्म झलनाथजीले र अरू केही सहभागी मित्रहरूले पनि नेपालमा पूँजीवादको उदय कहिले भयो, विकास कस्तो रह्यो, वर्तमान स्थिति कस्तो छ भन्नेबारेको चर्चा यस लेखमा नगरेको भन्नुभएको छ, त्यो अधिकांश सत्य हो । तर म फेरि पनि भन्छु, यो लेखको सीमाभित्र त्यसो गर्न सकिने थिएन ।

*उन्नाइसौं शताब्दीको मध्यदेखि नै नेपाली अर्थतन्त्र मूलतः पूँजीवादी रहेको हो भन्ने मेरो मान्यता १५ वर्षअघि नै प्रकाशित भएको हो ।*

*यो युग पूँजीवादीमात्र होइन, पूँजीवाद-विरोधी युग पनि हो*

*साम्राज्यवादी शक्तिहरूबीचको द्वन्द्व र संभावित विश्वयुद्धपछि पनि पूँजीवाद जीवितै रहनसक्छ*

*नेपालमा पूँजीवादको उदय कहिले भयो, विकास कस्तो रह्यो, वर्तमान स्थिति कस्तो छ ?*

जहाँसम्म यी महत्वपूर्ण प्रश्नहरूबारे केही खोज-अनुसन्धान हुनसकेको छैन भन्ने भनाइ केही सहभागी मित्रहरूको रह्यो, त्यो सही होइन । प्रत्यक्ष रूपमा नभए पनि जागरूक पाठकले महेशचन्द्र रेग्मीका किताबहरूबाट यसबारेको केही लेखाजोखा जरूर पनि गर्नसक्छ । सरदार भीमबहादुर पाण्डेको *'त्यस बखतको नेपाल'*बाट पनि केही झाँकीहरू निस्कन्छन् । फादर लुडविग स्टीलरका २/३ पुस्तकबाट पनि यसबारे केही सिक्न सकिन्छ । डेविड सड्डन र उनका सहयोगीहरूका ३-४ वटा किताबहरूले यसबारे उल्लेख्य प्रकाश पारेका छन् । स्टीफन माइक्सेलको पुस्तकले पनि यसतर्फ महत्वपूर्ण योगदान गरेको छ । डा. बाबुराम भट्टराईका कृतिहरूमा यसबारे ठोस सूचना र व्याख्या अघि सारिएको पाइन्छ । झलनाथजीको आफ्नै संकलित रचनामा पनि सामन्तवाद, अर्धसामन्ती अवस्था र पूँजीवाद आदिका बारेमा विवेचना गरिएको छ । टंक कार्कीजीले आफ्नो प्रतिक्रियाको दौरान उल्लेख गर्नुभएको लगायत चार वर्षअघि **मूल्यांकन**मा प्रकाशित लेखमा मैले पनि यसबारे केही चर्चा गरेको छु । यीबाहेक अन्य कतिपय लेखहरूमा पनि यससम्बन्धी केही संगीन पक्षहरूलाई केलाइएको भेटिन्छ । तसर्थ, यी पक्षहरूबारे केही सहभागी मित्रहरूले जनाउनुभएको जस्तो निष्पट्ट अँध्यारो स्थिति छ जस्तो मलाई लाग्दैन । उल्लिखित पुस्तकहरूको सटीक सारसंक्षेप निकाल्ने र लेख-रचनाहरू एकट्ठा गर्नसके सहभागी मित्रलगायत पाठकहरूलाई सुगम पर्थ्यो भन्ने मलाई लाग्छ । तर प्रकाशित रचनाहरूलाई नजरअन्दाज गर्दै 'केही छैन' भन्ने प्रवृत्ति बारे मैले बोलिरहनु परेन ।

लेखमा उल्लिखित राष्ट्रिय पूँजीपतिको अवधारणाबारे झलनाथजीले शंका व्यक्त गर्नुभएको छ । तर उहाँको शंकाको आधार के हो, यसबारे उहाँ अत्यन्त गोलमटोल रूपमा प्रस्तुत हुनुभएको छ ।

झलनाथजीको प्रतिक्रियाबारे मेरो अन्तिम टिप्पणी पूँजीवादको चरण र उपचरणको वर्गीकरण (जसबारे माथि भनिएझैं म मूलतः सहमत छैन)को दौरानमा बाहेक उहाँको प्रतिक्रियामा "यो होइन, बरू यसो हो" वा "यसो पो होला" भन्ने खालका वाक्य र अनुच्छेद विरलै परेका छन् । "बढी उजागर गर्नुपर्छ", "गहिरो विश्लेषण गर्नु जरूरी छ", "विश्लेषण आएकै छैन", "विश्लेषणको गहिराइ पुगेको छैन" खालका वाक्यहरू भने यत्रतत्र छरिएका छन् । यी वाक्यहरूमध्ये कतिपय जायज छन् भन्ने कुरा म सविनय र सहर्ष स्वीकार्छु । तर यो विचार मन्थनको थलोमा रचनात्मकताको हिसावले एक खुट्किलोमाथि उक्लने प्रयास गर्नु उत्तिकै उपयोगी हुन्थ्यो कि ?


टंक कार्कीजीको प्रतिक्रिया लेख नरम छ, उहाँको समग्र व्यक्तित्वझैं । साथै उहाँको प्रतिक्रियाले दुईवटा महत्वपूर्ण बुँदाहरूमा टिप्पणी अघि सार्ने मौका दिएको छ ।

पहिलो, "आत्मनिर्भर खेती"को बारेमा । यसलाई "गुजारा खेती" वा अंग्रेजीमा Subsistence farming र peasant farming भन्न पनि सकिन्छ ।

"आत्मनिर्भर" वा "गुजारा खेती"को वास्तविक चरित्र के हो ? यसको वास्तविक चरित्र पूँजीवादी हो या सामन्तवादी ? वा समाजवादी ? वा यी तीनै प्रणालीभन्दा छुट्टै कुनै चौथो प्रणाली हो ? नेपाल र अन्य कतिपय मुलुकको सन्दर्भमा र सिंगो मार्क्सवादी साहित्य र राजनीति दुवैको सन्दर्भमा यो प्रश्नको संगीन महत्व छ भन्ने मलाई लाग्छ । यसबारे टंकजीको प्रतिक्रिया उतिसारो स्पष्ट छैन, तर पनि उहाँले "आत्मनिर्भर खेती" सामन्ती चरित्रको हो भनेर ठम्याउनुभएको बोध हुन्छ, यद्यपि किन यसो हो भन्नेबारे पनि उहाँले खुलाउनुभएको छैन । वर्तमान नेपालको सन्दर्भमा जुन सन्दर्भमा, उहाँले यसलाई राख्नुभएको छ, "आत्मनिर्भर खेती" सामन्तवादी पटक्कै होइन भन्ने मेरो निर्क्योल छ ।

वस्तुतः र एकछिनलाई वर्तमान नेपालको सन्दर्भ छोड्दा, सामन्तवाद-प्रधान मुलुक र अवधिमा, "आत्मनिर्भर खेती" सामन्तवादी आर्थिक-राजनैतिक संरचना र प्रक्रियाअन्तर्गत संचालन हुनसक्छ भन्ने मलाई लाग्छ । यूरोपको सघन र प्रबल सामन्तवादी मध्य र पूर्व आधुनिककालमा पनि "आत्मनिर्भर खेती" निषेध थिएन, साधारणतया अपेक्षा गरिनेभन्दा "आम" थियो । तर, त्यस्तो अवस्थामा समेत पूँजीवादउन्मुख उत्पादन संरचनाहरूमध्ये "आत्मनिर्भर खेती"को भूमिका अग्रगामी थियो भन्ने मलाई लाग्छ । तर यो प्रसंग अहिले छोडौं ।

"आत्मनिर्भर खेती"को कथित आत्मनिर्भरतालाई गैर-पूँजीवादी मानिएको हो भने यसबारे अलि कति जाँच गरौं । "आत्मनिर्भर खेती" कुन पक्ष र कति हदसम्म 'आत्मनिर्भर' छ ? "आत्मनिर्भर खेती"मा उत्पादनको साधन र उत्पादित वस्तुको क्रय-विक्रय कमसेकम आम नबन्नु पर्ने हो । के नेपालमा यस्तो स्थिति छ ? "आत्मनिर्भर खेती" गर्ने परिवारको श्रमशक्ति उक्त प्रकारको शक्ति खेतीको लागि यथेष्ट हुनुपर्ने



*टंक कार्की*

हो र उक्त श्रमशक्ति उक्त खेतीबाट विस्थापित नहुनुपर्ने हो । तर, ज्याला खेती, भारतीय कृषि मजदूरको तराईमा आउने ओइरो र पहाड र अब आएर तराईबाट समेत आफ्नो परिवार र समुदायबाट समेत नेपालका अन्य भागमा, भारतमा अब आएर अन्य भू-भागमा छोटो, लामो र सधैंको लागि विस्थापित हुने श्रम के "आत्मनिर्भर खेती"अन्तर्गत नै पर्छ ? के यी गैर-आत्मनिर्भर श्रमबाट आर्जित आय आम "आत्मनिर्भर" किसानका लागि पनि महत्वपूर्ण छैनन् ? के आम किसानले बीऊ, मल, औजार किन्दैनन् ? हाटबजार, "कृषि कार्यक्रम", किटनाशक औषधि बिक्रेता आदिबाट सल्लाह लिँदैनन् ? के आम 'आत्मनिर्भर' किसानहरूले आफूले उपयोग गर्ने सबै खाद्य पदार्थसम्म पनि आफूले उब्जाउँछन् ? लुगा-कपडा आफैंले घर-घरमा उत्पादन गर्छन् ? शिक्षा र स्वास्थ्य-सेवा, औजार, मट्टितेल, पोलिथिन पाइप "आत्मनिर्भर" व्यवस्थाअन्तर्गत घरघरमा उत्पादन भैरहेको छ ? के "आत्मनिर्भर" खेती घरघरमा साहूको, बचत संस्थानको, बैंकको ऋणविना चलिरहेको छ ? कुलो-पैनी, चरन सामुदायिक र अन्य वन, सडक-ट्रक-बसलगायत राजनैतिक दल-संविधान-राज्यव्यवस्था आदि "घर-घर आत्मनिर्भर" तहमा संगठित छन् कि अन्य तहमा ? वैदेशिक व्यापारसम्बन्धी, व्यापार र ऋण कुन तहमा संगठित छ ?

प्रश्नहरूको यो पेटारोको उद्देश्य एउटै छ : "आत्मनिर्भरता" र सामन्तवादको पूर्ण ध्वंश भएको छैन, तर यो ऐतिहासिक श्रमको लामो कालदेखिको मूल 'चालक' पूँजीवाद नै हो । गैर-पूँजीवादी विरोध र संघर्ष तथा पूँजीवादभित्रको अन्तरविरोधले गर्दा 'चालक' विभिन्न मोड लिन, गति धिमा गर्न, ब्रेक लगाउन बाध्य छ । तर, यो 'चालक' सामन्तवाद चाहिं होइन ।

पूँजीवादका केन्द्रहरूमा समेत बजारवाद र पूँजीवाद पूर्णतया हावी हुनसकेको छैन । त्यहाँ पनि पारिवारिक, सामुदायिक जातीय, धार्मिक, भाषिक, लैंगिक आदि कामहरूमा गैर-पूँजीवादी र सामन्तवादी संरचना र प्रक्रियाहरूको पूर्ण ध्वंश भएको छैन । वास्तवमा केही विचारकहरू समाजको पूर्ण बजारीकरण नहुँदासम्म मात्र पूँजीवाद फस्टाउने र बजारीकरण पूर्ण हुने स्थितिमा पूँजीवाद उम्कनै नसक्ने संकटमा फस्ने धारणा राख्दछन् । पूँजीवादी केन्द्रका कतिपय कम्पनी र राज्यसत्ताले विहे गर्न, बच्चा पाउन, विदा मनाउन आदिका लागि आफ्ना कर्मचारी र नागरिकलाई दिन थालेका सुविधाहरूलाई केही हदमा गैर-बजारीकरण र गैर-पूँजीवादीकरणका झाँकी, यद्यपि अत्यन्त दुर्बल झाँकीका रूपमा पनि हेर्न सकिन्छ ।


दोस्रो, नेपालको उत्पादन व्यवस्थाको र सिंगो अर्थराजनीतिको प्रकृतिलाई 'अर्धऔपनिवेशिक' किन भन्न छोड्ने र ? यसो भन्दैमा के बिग्रो र ? भन्ने उहाँको आशय छ । थप, उहाँ भन्नुहुन्छ- "विश्व.....

नेपालको पूँजीवादबारे जागरूक पाठकहरूले महेशचन्द्र रेग्मी, सरदार भीमबहादुर पाण्डे, फादर लुडविग स्टीलर, डेविड सड्डन, स्टीफन माइक्सेल, डा. बाबुराम भट्टराई, झलनाथ खनाल र मेरा रचनाहरूमा केही सामग्री पाउन सक्छन्

पूँजीवाद..... हामीकहाँ आउँदा नेपालको अर्धउपनिवेश स्थितिमाथि नै घोडा चढेर आउने हो, प्रष्ट छ, यो संकेत नेपाल-भारतसम्बन्धलाई लिएर हो । यो पछिल्लो किसिमको प्रतिक्रिया सीताराम तामाङजीबाट पनि आएको छ ।

पहिले नेपाल-भारतसम्बन्ध र त्यसमा निहित 'अर्धऔपनिवेशिकता'तिर जाउँ । यो पक्कै पनि सही हो कि सन् १९५० को सन्धिमा र खासगरी यसको लामो कालसम्म गोप्य रहेको परिशिष्टमा वैदेशिकसम्बन्ध, सामरिक स्थिति र हातहतियारको पैठारी तथा केही हदमा निर्माण ठेक्कामा समेत औपनिवेशिकताको स्पष्ट छाप लागेको छ । नवीकरण गरिरहनुपर्ने व्यापार सन्धि र पारवहन सन्धिमा पनि औपनिवेशिकताको गन्ध आउँछ । अन्य व्यवहारमै पनि पटकपटक औपनिवेशिक प्रवृत्ति भारतको राज्यसत्ताले देखाएकै छ ।

तर, अर्कोतर्फ पनि हेरौं । नेपाल-भारत व्यापार र सिंगो आर्थिकसम्बन्ध मूलतः गैर-औपनिवेशिक र पूँजीवादी छ । भारत र नेपाल दुवैले वैदेशिक सम्बन्धलाई लिएर, अपवादबाहेक सन्धिका धाराहरू आकृष्ट हुनसक्ने भए पनि लागु गरेका छैनन् । एक अर्काका नागरिकलाई बसाइ र रोजगारीमा बराबरी हैसियत दिइने लेखिए पनि स्थिति त्यस्तो छैन । एक देशका नागरिकले अर्कोमा जग्गा खरिद गर्न



*सीताराम तामाङ*

पाउँदैन । निर्माण ठेक्काका प्रावधानहरू अपवादबाहेक, व्यवहारमा लागु भएका छैनन् । नेपालबाट भारतमा निकासी हुने सामानमा नेपाली वा भारतीय वस्तु र सेवाको अनुपात अत्यधिक रहेकोमा सो अनुपात निकै तल झारिएको छ, यद्यपि नेपालको दृष्टिकोणबाट त्यसमा औपनिवेशिकताको गन्ध छँदैछ । वाणिज्य र पारवहनको सम्झौता छुट्टाछुट्टै गर्ने चलन बसेको छ, र पारवहनलाई लिएर गरिने औपनिवेशिक व्यवहार र मानसिकतामा उल्लेख्य कमी आएको छ । बंगलादेशतर्फको परिवहन मार्ग खुलेको छ । गैर-औपनिवेशिक र पूँजीवादी बन्द-व्यापार, आवत-जावत, पूँजीको आगमन-बहिर्गमन, शिक्षा-स्वास्थ्य, तिर्थाटनको आयतन आदिमा गएको पाँच दशकमा ठूलो वृद्धि भएको छ । यो वृद्धि मूलतः गैर-औपनिवेशिक पूँजीवादमै आधारित छ ।

त्यतिकै ठूलो परिवर्तन नेपालको गैर-भारतीय विश्वतहको सहभागिता र वैदेशिक व्यापार सहभागिता र वैदेशिक सम्बन्धमा भएको छ । उप-महाद्विपीय र भारत-प्रधान विदेश नीति र वैदेशिक सम्बन्धमा गएको पाँच दशकमा व्यापक परिवर्तन भएको छ । यी क्षेत्रहरूमा भएको परिवर्तनले पनि औपनिवेशिकताको धारणा र व्यवहारमा जरूरै उल्लेख्य भूमिका खेलेका छन् ।

यी सबैको अर्थ नेपाल-भारत सम्बन्धमा औपनिवेशिकता अब बाँकी रहेन भन्ने कदापि होइन । तर यो उल्लेख्य मात्रामा कमजोर भयो, त्यो जरूर पनि हो । खासगरी, नेपाल र चीनबीचको सम्बन्धबारे भारत अत्यन्त सशंकित छ र रहनेछ । यो पक्षसम्बन्धी नेपालमाथिको भारतीय औपनिवेशिकता सन् १९५० को सन्धिको 'पुनरावलोकन'पश्चात् पनि बलियो रहने सम्भावना काफी छ । तर यसका साथै औपनिवेशिकताका अन्य आयामहरू हालको भन्दा धेरै मात्रामा खुकुलो हुने सम्भावना पनि यथेष्ट छ ।

❑ बाँकी अर्को अंकमा

**नेपाल-भारत व्यापार र सिंगो आर्थिक सम्बन्ध मूलतः गैर-औपनिवेशिक र पूँजीवादी छ**


**अस्मिताको नयाँ अङ्क बजारमा छ**

- राजदरबार हत्याकाण्ड: अन्त्यष्टीको प्रत्यक्ष प्रसारण,
- माओवादी जनयुद्धमा महिला,
- धरायसी हिंसाको व्यापकता, असुरक्षित नारित्व,
- विशेष अन्तर्वार्ता: दमननाथ ढुङ्गाना,
- महिला आयोग




साथै अन्य विविध सामाग्री सहित सर्वत्र बजारमा उपलब्ध छ

**छुटाउन नहुने अङ्क**

**चौधौं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा**

एकै थलोबाट समयानुकूल पूर्वाधार र सेवाहरू सहुलियत दरमा उपलब्ध गराई उद्योगको विकास गर्ने अठोट गर्दछौं ।

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**

बालाजु, काठमाण्डौ

# रसियावल खुर्द लोटन बाँध

## नेपालविरूद्ध भारतको अर्को शत्रुवत् ब्यबहार

*स्थलगत भ्रमणबाट फर्केर*
**गोविन्द वर्तमान**

नेपालको ६२ वटा ठाउँमा सीमा अतिक्रमण गरिरहेको भारतले अन्तर्राष्ट्रिय नियम-कानून विपरीत दक्षिणी सिमानामा बाँधहरू बाँधेर नेपाली भू-भाग र बासिन्दाहरूलाई जलमग्न पार्ने शत्रुवत् ब्यबहार पनि निरन्तर गर्दैआएको छ । त्यसको पछिल्लो उदाहरण हो- रसियावल खुर्द लोटन बाँध । यो बाँध नेपालको रूपन्देही जिल्लाको नेपाल-भारत सीमावर्ती क्षेत्र मर्चवार नजिकै बन्दैछ ।

नेपाल-भारत सिमानाको आधा किलोमिटरभित्रै बनिरहेको यो बाँधले नेपालको मर्चवार क्षेत्रका १८ वटा गा.वि.स.हरू नराम्ररी प्रभावित हुने बुझिएको छ । त्यसअनुसार, करीब १ लाख २५ हजार नेपालीहरूको उठिबास हुने र आमा, भगवानपुर, थुमुहवा पिप्रहवा, रोइनीहवा, बेतकुईयाँ, करौता, फरेवा गाविसहरू पुरै तथा मझगावा, वैरघाट, मर्यादपुर, हम्हरिया, गोनाहा, सभौनपकडी, असुरैना, सिलौटिया, सिपवा, बोगडी गाविसका कैयौं गाउँहरू डुबानमा पर्ने कुरा विशेषज्ञहरूले बताएका छन् । त्यस बाँधबाट नेपालको ३३ हजार हेक्टर कृषियोग्य जमीन जलमग्न हुने र १३ वर्ग किलोमिटर क्षेत्रफल प्रभावित हुने विशेषज्ञहरूले बताएका छन् ।

यस बाँधको निर्माणबाट विश्व सांस्कृतिक सम्पदाका रूपमा रहेको बुद्धको जन्मस्थल लुम्बिनी र तिलौराकोटसमेत खतरामा पर्ने संभावना रहेको पनि जानकारहरूले बताएका छन् ।

दुई देशको सिमानाको ८ किलोमिटरभन्दा कम दूरीमा यस्ता बाँधहरू बनाउन नपाइने अन्तर्राष्ट्रिय नियमलाई मिचेर बनाउन लागिएको यस बाँधले नेपाललाई पार्ने प्रतिकूल असरको समेत स्थलगत अध्ययन गर्ने उद्देश्यले माले समर्थित विद्यार्थी संगठन अनेरास्ववियूको आयोजनामा नेपालका सीमाविद्, जलस्रोतविद्, इतिहासविद्, लेखक, पत्रकार तथा विद्यार्थीहरूको ६२ सदस्सीय टोलीले यही साउन १० गते त्यस बाँधको निरीक्षण गरेको थियो । त्यसअघि एमाले समर्थित प्रजातान्त्रिक राष्ट्रिय युवासंघ र नेपाली कांग्रेस समर्थित तरूण दल तथा नेविसंघले पनि त्यस बाँधको स्थलगत अध्ययन गरिसकेको छ ।

माले समर्थित अनेरास्ववियूको आयोजनामा यही साउन १० गते मर्चवार पुगेको टोलीले सीमा स्तम्भ नं. ३१ र ३२ को भू-भागबाट दशगजा पार गरेर बाँधको निरीक्षण गरेको थियो । सीमा स्तम्भ नं. ३२ बाट दशगजा पार गर्ने बित्तिकै अस्थायी सीमा पुलिस चौकी बनाएर भारतको प्रादेशिक सुरक्षा टोली पाल टाँगेर बसेको भेटियो । त्यहाँ भारतीय प्रहरीहरू मेशिनगनसमेत लिएर तैनाथ थिए र साइनबोर्डमा 'सीमा पुलिस चौकी, सिद्धार्थनगर' लेखिएको थियो । संभवतः बुद्धको जन्मस्थल लुम्बिनीलाई भारतीय क्षेत्र भन्ने भान दिन त्यस क्षेत्रको नाउँ पछिगएर मात्र सिद्धार्थनगर राखिएको थियो । टोलीले ती प्रहरीसँग कुरा गर्दा उनीहरूले भने : "हामीले यहाँ बाटो बनाएका हौं, बाँध होइन । तैपनि तिमीहरू यसलाई हेर्न भनेर यहाँ आएका छौ, हेरेर जाऊ ।"

भारतको उत्तरप्रदेश राज्य सरकारले शुरू गरेको महाराजगंज, सिद्धार्थनगर सीमाक्षेत्र अन्तर्गत पर्ने लोटनदेखि रसियावल खुर्दसम्मको १५ किलोमिटर भूभागलाई जोड्ने सडकसहितको डण्डा र दानव नदी बीचको बहुउद्देश्यीय तटबन्धलाई लोटन रसियावल खुर्द बाँध नामाकरण गरिएको हो । उक्त बाँध अहिले कला गाउँबाट पश्चिमतर्फ ३ किलोमिटर निर्माण भएको देखिन्छ । तीन किलोमिटर बाँधमा तीनवटा पानी नियन्त्रण गर्ने ढोका र त्यसमा पानी प्रवाह गर्ने तीनवटा प्वाल भएको ढोका हाल्ने प्रारूप तयार भएको छ । त्यसको उचाइ पानीको सतहदेखि ६ मिटर अग्लो





फोटोहरू : एबीसी प्रेस फोटो

छ भने माथिपट्टि १६ फिट फराकिलो बाटो बनाइएको छ । हाल बर्षातका कारणले निर्माणकार्य स्थगित भएको त्यो बाँध भा.रू.१५ करोड लगानीमा बन्दैछ । तत्काल ७ किलोमिटर बाँध निर्माण गरेर पछि ८ किलोमिटर थप्ने योजना गरिएको छ ।

सबभन्दा खतरनाक के देखिन्छ भने उक्त बाँध कतिपय ठाउँमा नेपाल-भारत सिमानाको दशगजासमेत मिचेर बनाइएको छ ।

स्थानीय भारतीय बासिन्दाहरूलाई 'बाँध होइन बाटो बनाउने' भनी भुक्याएर बाँध बनाइएको कुरा भारतीय नागरिकहरू बताउँछन् । रसियावल गाउँका अध्यक्ष मदनप्रसाद पाण्डेले यस प्रतिनिधिलाई बताए- "हामीले यहाँ बाँध बनाउने कामको शुरूदेखि नै विरोध गर्दैआएका छौं । डिस्ट्रिक्ट मेजिस्ट्रेटदेखि लिएर सिचाइ विभागसम्म हामीले विरोध जनाइसकेका छौं । हाम्रो विरोध आन्दोलनको क्रममा गोलीसमेत चलेको थियो ।"

'यो बाँध बनेपछि तपाईं भारतीयहरूलाई त फाइदै होला नि, किन विरोध गर्नुभयो त ?' यस लेखकको यो प्रश्नको उत्तरमा मदनप्रसाद पाण्डेले भने : "यस बाँधले नेपालीहरूलाई मात्र होइन, हामी यहाँका भारतीयहरूलाई पनि ठूलो नोक्सान हुनेछ । यो बाँधदेखि उत्तरतर्फ पनि हाम्रा जमीनहरू थुप्रै छन् । ती सबै डुबानमा पर्ने छन् । त्यसैले, हामीले विरोध गरेका हौं ।"

बाँधको पश्चिमको रसियावल गाउँका यी भारतीय प्रधानकहाँ पत्रकारहरू आएको थाहा पाएर त्यहाँ आइपुगेका जोतिष सम्पूर्णानन्द नामका एक व्यक्तिले आक्रोशित मुद्रामा बताए : "यो सब धनराज यादवको करामत हो । कमिशनखोरीको चक्करमा त्यसले यहाँका सारा जनतालाई सताउन यो बाँधको निर्माण गर्दैछ । यसले नेपालीहरूको मात्र होइन, यहाँका भारतीयहरूको समेत अहित गर्नेछ । त्यसैले तपाईंहरूले यसको खुलेर विरोध गर्नुस् ।"

कुरा टुङ्ग्याउँदै उनले भने : "आप लोग सम्पूर्ण रूप से विरोध किजिए ।" उनी गोरखपुरका भूतपूर्व सर्भेयर रहेछन् ।

धनराज यादव उत्तरप्रदेश राज्यका क्याबिनेट मन्त्री हुन् । उनी उत्तरप्रदेशका सिचाइ तथा उद्यानमन्त्री हुन् । रसियावल र छेउछाउका भारतीय नागरिकहरूले जानकारी गराएअनुसार धनराज यादवले निर्माणाधीन बाँधदेखि दक्षिणमा पर्ने ८५ वटा गाउँहरूको हितको निम्ति त्यहाँ जबर्जस्ती बाँध बनाउन पहल गरेका हुन् । किनभने ती ८५ गाउँहरू धनराज यादवका समर्थकहरूका गाउँहरू हुन् । धनराज यादवको भोट बैंकको रूपमा ती गाउँहरू चिनिन्छन् । त्यसैले चुनावमा आफ्नो जीत सुनिश्चित पार्न उनले त्यो काम गरेका छन् । निरीक्षण टोलीको सहयोग गर्दै पथप्रदर्शकजस्तै भएर साथ लागेका इलाका प्रहरी कार्यालय, मर्चवारका प्रहरी इन्स्पेक्टर हीरा गिरीले पनि यस प्रतिनिधिलाई त्यही कुरा आफूले पनि बुझेको जानकारी दिनुभयो ।

कला गाउँदेखि पश्चिम दानव नदीसम्मको बाँध हेरेर फर्कँदा बाटामा यस प्रतिनिधिसँग भेटिए- गिरिजाशंकर पाण्डे । उनी भारतसँग जोडिएको नेपाली गाउँ थुमहवा पिप्रहवाका बासिन्दा र कृषक माध्यामिक विद्यालयका शिक्षक रहेछन् । यस प्रतिनिधिले सोधेको एक प्रश्नको उत्तरमा उनले भने : "हामीले शुरूदेखि नै बाँध निर्माण कार्यको विरोध गर्दै आएका छौं । अहिले पनि लगातार हामी यस सम्बन्धमा जनचेतना जगाउने काम गर्दैछौं । त्यसैले गर्दा निहित स्वार्थ भएका यहाँका केही भारतीयहरू हाम्राबिरूद्ध खनिएका छन् । तर हामी आफ्नो भूमिको रक्षाका लागि परी आए हतियारसहित मैदानमा आउनेछौं ।"

रसियावलका प्रधान मदनप्रसाद पाण्डे, पूर्वसर्भेयर जोतिष सम्पूर्णानन्द र सिमानाका नेपाली शिक्षक गिरिजाशंकर पाण्डे तथा अरू केही भारतीय नागरिकहरूले बताएअनुसार, अहिलेसम्म पनि त्यहाँका बासिन्दालाई भुक्याउन त्यो 'बाँध होइन, सडक बनाउन लागिएको हो' भनेर भारतीय अधिकारीहरूले भन्दै आएका छन् । बाँधको Regulator मा अहिले 'फाटक' हालिएको छैन । सडक नै हो भन्ने पुष्टि गर्न ती भारतीय अधिकारीहरूले स्थानीय बासिन्दाहरूलाई "बाँध भए त फाटक हालिहालिन्थ्यो नि, सडक बनाएको भएर त्यहाँ 'फाटक' नहालिएको हो" भन्दै आएका छन् । तर, भारतको उत्तरप्रदेश राज्य सरकारको सिचाइ विभागले काम गरेको हुनाले पनि त्यो बाँध नै हो भन्ने प्रष्ट हुन्छ । यदि सडक भए त्यहाँ सिंचाई विभाग होइन, सडक विभागले काम गरेको हुन्थ्यो । वास्तवमा त्यो निर्माणकार्य १५ किलोमिटर भूभागलाई जोड्ने सडकसहितको डण्डा र दानव नदीबीचको बहुउद्देश्यीय तटबन्ध हो । निरीक्षणबाट पनि मूलतः त्यही कुरा नै पुष्टि हुने देखियो ।

बाँध निरीक्षण गरेर निरीक्षण टोली मर्चवार क्षेत्रबाट भैरहवा फर्किएपछि १० गते दिउँसो भैरहवामा यससम्बन्धी एउटा सभा आयोजित भयो । त्यस सभामा मालेका केन्द्रीय सदस्य हिरण्यलाल श्रेष्ठले नेपाल-भारत सीमा समस्यादेखि लिएर सीमाक्षेत्रमा अन्तर्राष्ट्रिय कानून मिचेर भारतले बनाएको यस बाँध र त्यसले नेपाललाई पार्ने नकारात्मक असरबारे विस्तृतमा ब्याख्या गर्नुभएको थियो । ज्ञातव्य छ, श्री श्रेष्ठ भूगोलविद् पनि हुनुहुन्छ ।

त्यस्तै, मालेका युवानेता घनश्याम भुसालले पनि सभामा बोल्दै भारतसँगको दक्षिणी सिमानामा लगातार नेपालले भोग्दै आएको समस्याको समग्र निदानको निम्ति सुस्पष्ट र दह्रो ढंगले भारतसँग वार्ता गरेर समस्याको स्थायी समाधान गर्न एउटा संयन्त्र बनाउनुपर्ने कुरामा जोड दिनुभयो । एमालेका जिल्ला कमिटी सदस्य वृंद रानाले त्यस बाँधबिरूद्धको आन्दोलनमा ऐक्यवद्धता जनाउँदै भारतको यस्तै मिचाहा प्रवृत्तिको परिणामस्वरूप बनेको अर्को बाँधले गौर नगरपालिका जलमग्न हुने गरेको र त्यहाँ बर्षायाममा नगरपालिकाभित्रै डुंगा चलाउनुपर्ने स्थिति भएको उदाहरणद्वारा आफ्नो विचार खुलस्त गर्नुभयो । कार्यक्रममा मालेका पोलिटब्यूरो सदस्य त्रिलोचन ढकाल, इतिहासविद् चेतेन्द्रजंग हिमाली र साहित्यकार खगेन्द्र संग्रौलाले पनि आफ्नो मत व्यक्त गर्नुभएको थियो । उहाँहरू सबै बाँध निरीक्षण टोलीमा हुनुहुन्थ्यो ।

नेपाल र भारतको सीमा क्षेत्रमा डुबान समस्यासम्बन्धी काम गर्न दुवै देशका प्रतिनिधिहरू रहेको संयुक्त स्ट्याडिङ कमिटी उहिल्यै बनिसकेको हो । सन् १९९९ नोभेम्बर १ देखि ५ सम्म काठमाण्डौमा सम्पन्न त्यस समितिको दशौं बैठकको अनुसूची २ अन्तर्गत रसियावल खुर्द लोटन बाँधसम्बन्धी समस्या समावेश गरिएको थियो । त्यसपछि २००१ जनवरी ७-१२ काठमाण्डौमा सम्पन्न एघारौं बैठकमा मार्च २००१ सम्म दुवै देशका प्राविधिकहरूले संयुक्त अध्ययन गरी संयुक्त प्रतिवेदन बुझाउने निर्णय पनि भएको थियो । त्यही निर्णयअनुसार नेपाली पक्ष दानव नदीद्वारा प्रभावित क्षेत्र अध्ययन गर्न गएको थियो तर त्यहाँ भारतीय पक्ष आएन । त्यसपछि पनि संयुक्त स्ट्याण्डिङ कमिटीको निर्णयलाई पालना गर्न भारतीय पक्षले कुनै चासो देखाएन । यसबाट त्यस कमिटीको औचित्य नै संकटमा परिसकेको प्रष्ट हुन्छ । तसर्थ घनश्याम भुसालले प्रस्ताव गर्नुभएजस्तै अब यी सबै समस्याको समाधानको निम्ति भारतसँग प्रधानमन्त्री स्तरमै गम्भीरतापूर्वक वार्ता गरेर एउटा संयन्त्र निर्णय गर्नु जरूरी भैसकेको छ । त्यसको लागि प्रधानमन्त्री शेरबहादुर देउवाको आगामी भारत भ्रमणमा यो विषय पनि एउटा महत्वपूर्ण एजेण्डाको रूपमा रहनु अनिवार्य देखिन्छ ।

स्थलगत निरीक्षणबाट फर्किएपछि हाल माले समर्थित अनेरास्ववियूले यससम्बन्धमा प्रारम्भिक प्रतिवेदनसहितको ज्ञापनपत्र प्रधानमन्त्री, सभामुख, सांसदहरू, संसदीय समिति र राजनीतिक पार्टीहरूलाई बुझाउने कार्य गरेको छ । देशभक्त विद्यार्थी समुदायलगायत प्रबुद्ध बुद्धिजीवी वर्गले भारतसँगको सीमा र बाँध निर्माणसम्बन्धी समस्यालाई अन्तर्राष्ट्रियकरण गर्नेतर्फ पनि गृहकार्य शुरू गरेको छ । यी कामहरूलाई राज्यले गम्भीरतापूर्वक लिएर सघाउने र परिआए अन्तर्राष्ट्रिय अदालतमा मुद्दा हाल्नेतर्फ पनि ध्यान दिनु जरूरी देखिन्छ । ❑

**'बाँधले नेपालीहरूको मात्र होइन, यहाँका भारतीय-हरूको समेत अहित गर्नेछ'**



*निरीक्षण टोली मर्चवारमा*

◄ घटना र प्रवृत्ति

# छोरीहरूले पनि छोरासरह सम्पत्ति पाउने !

- मुक्ता श्रेष्ठ -

प्रजातन्त्रको पुनर्स्थापना भएको १२ वर्षपछि महिलाहरूको लामो समयसम्मको जुझारू संघर्षको फलस्वरूप बल्ल अहिले छोरीले पनि छोरासरह पैतृक सम्पत्ति पाउने सम्भावना पैदा भएको छ । यो सम्भावना छोरीले पनि पैतृक सम्पत्तिमा समान अधिकार कायम गर्न प्रस्तुत मुलुकी ऐन २०२०, एघारौं संशोधन विधेयकमा भएको विवादास्पद प्रावधानलाई हटाउने निर्णय भएपछि पैदा भएको हो । प्रतिनिधि सभाको न्याय, कानून तथा संसदीय व्यवस्था समितिले हालसालै सर्वसम्मत निर्णय गरेर 'छोरीले पाएको अंश विहापछि माइतीलाई फिर्ता गर्नुपर्ने' यो विवादास्पद प्रावधान हटाएको छ ।

स्मरणीय छ, उक्त विधेयक २०५२ सालमा सर्वोच्च अदालतले दिएको निर्देशनअनुसार नेपाली कांग्रेसको सरकारले संसदमा पेश गरेको थियो । त्यस विधेयकमा पहिलेको मुलुकी ऐनमा भएको 'छोरी ३५ वर्षसम्म विवाह नगरी बसेमा मात्र छोरासरह अंश पाउने' भन्ने कुरालाई हटाएर 'छोरीले पनि छोरासरह नै अंश पाउने कुरा' उल्लेख गरिएको थियो । तर त्यसै विधेयकको १६ नं. बुँदामा 'छोरीले पाएको अंश विहापछि माइतीमै छोडेर जानुपर्ने' उल्लेख गरिएको थियो । र, पछि त्यस बुँदामा ठूलो विवाद उत्पन्न भयो । महिला अधिकारवादी संघ-संस्था तथा बुद्धिजीवीहरूको लागि यो प्रावधान मान्य भएन । तसर्थ यस प्रावधानलाई हटाउन संघर्ष हुन थाल्यो, बहस तथा क्रिया-प्रतिक्रिया हुन थाल्यो । संसदभित्रै पनि विवाद उठ्यो ।

न्याय, कानून तथा संसदीय व्यवस्था समितिले पैतृक संपत्तिमाथि 'महिलाको अधिकार चाहिन्छ कि चाहिंदैन ?' भन्ने विषयमा जनमत लिन सर्भेक्षण गरायो । सर्भेक्षणमा ९२.८ प्रतिशतले 'छोरीलाई पनि छोरासरह अंश दिनुपर्ने' र ८५.२ प्रतिशतले 'छोरीले पाइसकेको अंश विहापछि फिर्ता गर्नु नपर्ने' मत जाहेर गरे । यस सर्भेक्षणबाट प्रष्टै के देखियो भने छोरीलाई अंश दिइयो भने समाजमा विकृति फैलिन्छ र बहुसंख्यक जनताहरू छोरीलाई अंश दिने कुराको पक्षमा छैनन् भनेर भन्नेहरू पूर्णतया गलत छन् । बरू बहुसंख्यक जनताहरू छोरीलाई पनि छोरासरह सम्पत्ति दिनुपर्छ भन्ने पक्षमा छन् ।

सर्भेक्षणको यही परिणामपछि नै प्रतिनिधि सभाको न्याय, कानून तथा संसदीय व्यवस्था समितिले 'छोरीले पाइसकेको सम्पत्ति विहापछि फिर्ता दिनु नपर्ने' निर्णय गरेको हो ।

वास्तवमा सरकारले प्रजातन्त्र पुनर्स्थापना भएको लगत्तै पछि संविधानमा ब्यवस्थित समानताको हकसँग बाझिने र नारी समानताको लागि बाधा पुऱ्याउने कानूनहरू हटाएर नयाँ समतामूलक प्रजातान्त्रिक कानून निर्माण गर्नुपर्थ्यो । तर प्रजातन्त्रको पुनर्स्थापनापछि बनेको सरकारले यसको लागि कुनै कदम चालेन । यसका लागि महिलाहरू स्वयम्ले न्यायालयको ढोका घच्घच्याउनु पऱ्यो । प्रजातान्त्रिक मुलुकको लागि यो ज्यादै दुःखद् र लज्जाजनक कुरा थियो । अदालतले नारीलाई समान संपत्तिको हक दिने कानून बनाउने आदेश जारी गरेको पनि आज ६ वर्ष भइसकेको छ र संसदमा यससम्बन्धी विधेयक पेश भएको पनि ५ वर्ष भइसकेको छ । तर यसलाई पास गर्न न सरकारले नै पर्याप्त चासो देखायो, न त प्रतिपक्षी दलले नै । त्यस विधेयकलाई संशोधनसहित पास गराउनको लागि महिला अधिकारवादी संघ-संस्थाहरू लगातार संघर्षरत रहिरहे ।

कांग्रेस सरकार यो विधेयक संशोधनसहित पास गराउन कहिल्यै राजी भएन । उल्टो उसले यो विधेयकको बारेमा जनमत सर्भेक्षणको लागि यसलाई जनताको सामु लैजाने निर्णय गऱ्यो । सांसदहरूको पेन्सन र सुविधा बढाउने विधेयक पास गर्न जनमत लिनु परेन, मूल्य तथा कर अभिवृद्धिको लागि विधेयक पास गराउन जनमत लिनु परेन । परन्तु, महिलाहरूले पुरूषसरह अधिकार पाउने विधेयक पास गर्न किन जनमत सर्भेक्षण चाहियो ? कतै यो सर्भेक्षण बहुसंख्यक जनताले पक्कै पनि यस विधेयकको विपक्षमा मतदान गर्छन् भनेर ढुक्क भएर गरिएको सन्देहास्पद काम त थिएन ? जनता विपक्षमा देखिएमा यो विधेयक संसदबाट पास नगर्ने जालसाजी त थिएन यो ?

यसै विषयमा न्याय, कानून तथा संसदीय व्यवस्था समितिका सभापति महेन्द्र यादव मधुकरसँग जिज्ञासा राख्दा उहाँले भन्नुभयो- "यो विधेयक हाम्रो समितिमा पहिलोपटक पेश भएको हो र यसमा ठूलो विवाद पनि भयो । त्यसैले यस विधेयकको बारेमा बुद्धिजीवी कानूनवेत्ता, मानव अधिकारवादी, राजनैतिक पार्टीहरू तथा साधारण जनताको मत र मनसाय बुझ्नको लागि सर्भेक्षण गरिएको हो । यस सर्भेक्षणबाट राम्रो परिणाम निक्ल्यो । ८५.२ प्रतिशत जनताले 'छोरीले पाइसकेको अंश विहापछि फिर्ता गर्नु नपर्ने' मत जाहेर गरे ।"

यदि यो सर्भेक्षण जनमतको कदर गर्न नै गरिएको हो भने यसलाई अब उप्रान्त हरेक विधेयकमा नजिरकै रूपमा ग्रहण गरिनुपर्छ । खालि महिलाको हकसम्बन्धी विधेयक मात्र होइन, जनताको जीवनमा असर पार्ने खालका कुनै पनि विधेयक बारे सम्बन्धित पक्षको मत बुझ्ने परंपरा नै बसालिनु पर्छ । जनतालाई असर पार्ने खालका कुनै पनि विधेयक पास गर्नका लागि जनताको राय बुझ्नु अयन्त राम्रो प्रजातान्त्रिक पद्धति हो । यस पद्धतिबाट जनताको सर्वोच्चता कायम हुन्छ, उनीहरूको सशक्तीकरण हुन्छ र जनताको मतअनुसार कानून बन्ने प्रजातान्त्रिक पक्रिया बलियो हुँदैजान्छ । स्वीडेन, नर्वे, डेनमार्क जस्ता धेरैजसो स्क्याण्डिभियन देशहरूमा र क्यूबामा यो पद्धति लागु



*कानूनमा छोरीले अंश पाउने भएता पनि त्यसलाई व्यवहारमा लागु गर्न-गराउन निकै जटिल र लामो संघर्ष आवश्यक पर्नसक्छ*

भएको देखिन्छ । नेपालमा पनि यसो गरिएको खण्डमा नेपालको प्रजातन्त्र पनि मजबूत हुनेछ ।

तर जेहोस्, अब के आशा गर्न सकिन्छ भने यो विधेयक अब संसदबाट पनि पास हुनेछ र छोरीहरू पनि पैतृक सम्पत्तिका हकदार हुनेछन् । त्यस विधेयकमा अझैपनि बहुविवाह, गर्भपतन, विधुवा विवाहसम्बन्धी बूँदाहरूमा विवादहरू रहेका छन् । ती विवादहरूलाई टुंग्याइसकेपछि समितिले आफ्नो निर्णयसहितको सिफारिस प्रतिनिधि सभामा पठाउने छ ।


सांसद लीलामणि पाखरेलका अनुसार- "यो विधेयक यसै संसदमा पेश हुनेछ । र यसै संसदबाट पास पनि हुन्छ होला । किनभने न्याय, कानून तथा संसदीय व्यवस्था समितिमा संसदमा भएका प्रायः सबै पार्टीका प्रतिनिधिहरू छन् । त्यसले 'छोरीलाई छोरासरह अंश दिने र विहापछि फिर्ता गर्नु नपर्ने' कुरा नीतिगत रूपमा सर्वसम्मतिले पास गरिसकेको छ । यसरी समितिबाट पास भइसकेको विधेयक प्रायः संसदबाट पास हुन्छ नै । त्यसैले यो विधेयक पनि संसदबाट पास हुन्छ ।"

अझै पनि संसदमा भएका केही पार्टीहरू र सांसदहरू छोरीलाई 'अंश दिनु पर्ने' कुराका विरोधी छन् । त्यसैले यो विधेयक पास नगराउन केही षडयन्त्र पनि हुनसक्छ । यसमा सबै पक्ष सचेत रहनु पर्छ र यसै संसदबाट यो विधेयक पास गराउन सबै क्षेत्रबाट दवाब दिनुपर्छ ।

तर यो विधेयक पास हुँदैमा महिलाहरूको समानताको लागि हुने सबै संघर्षहरू समाप्त भए भन्न मिल्दैन । महिलाहरूले सम्पत्तिमा अधिकार पाउनु भनेको नारी समानताका लागि गरिने संघर्षहरूको एउटा आधार मात्र हो । अझै पनि समाजमा अधिकांश महिलाहरू असचेत छन् र उनीहरू सामाजिक उत्पीडन, शोषण तथा बन्धनमा परेका छन् । यो स्थितिमा सम्पत्तिमाथि कानूनी अधिकार हुँदैमा त्यो स्वतः लागु भई हाल्दैन र अधिकार हुँदैमा उनीहरू त्यस बन्धनबाट मुक्त पनि हुँदैनन् ।

छिमेकी मुलुक भारतमा नै 'छोरीले पनि छोरासरह अंश पाउने' कानून बनेको धेरै भइसकेको छ, तर त्यो कानून अझै व्यवहारमा लागु भइसकेको छैन । त्यसैले, नेपालमा पनि कानूनमा छोरीले अंश पाउने भएता पनि त्यसलाई व्यवहारमा लागु गर्न-गराउन निकै जटिल र लामो संघर्ष आवश्यक पर्नसक्छ । यसको लागि महिलाहरू अरू बेसी सचेत, संगठित र संघर्षशील हुनु आवश्यक छ । ❑

# प्रसिद्ध वैज्ञानिक चिया लान्पोको निधन



**सन् १९३६** मा पाँच लाख बर्ष पुराना तीन मानव खप्पर फेला पारी विश्वमा तहल्का मच्चाउन पुगेका प्रसिद्ध पुरातत्वविद् तथा क्वाटर्नरी (गत बीस लाख बर्षयताको अध्ययन गर्ने) भूगर्भशास्त्री चिया लान्पोको गत असार २५ गते चीनको राजधानी-बेइजिङ्गमा निधन भएको छ । ९२ वर्षीय वैज्ञानिक चिया लान्पोलाई गत श्रावण १ गते बेइजिङ्गको बुबाओशान राष्ट्रिय चिहान (Bubaoshan National cemetery) मा समाधिस्थ गरिएको छ ।

वैज्ञानिक चिया लान्पोको जन्म चीनको हेबेइ प्रोभिन्सको युसियन भन्ने स्थानमा सन् १९०९ मा भएको थियो । उनले सन् १९२९ मा हुइवेन स्कूलबाट स्नातक गरेका थिए । सन् १९३१ मा उनी चीनको केन्द्रीय भूगर्भ सर्वेक्षण संस्थान् (Central Institute of Geological Survey) मा अनुसन्धानकर्ताको रूपमा क्रियाशील थिए ।


सन् १९३५ मा केन्द्रीय भूगर्भ सर्वेक्षण संस्थानका प्रमुख अनुसन्धानकर्ता प्रोफेसर पेइ वेनभोङ्गको मृत्युपछि त्यस स्थानमा चिया लान्पो नियुक्त भए । उनले पेकिङ्ग-मानवको अध्ययन-अनुसन्धान गर्नको निम्ति सन् १९३६ मा चीनको राजधानी बेइजिङ्गबाट ६० कि. मि. दक्षिण-पश्चिममा पर्ने प्रसिद्ध झोउको उडियन गुफामा गरिएको उत्खनन् कार्यमा नेतृत्व दिएका थिए । झोउकोउडियन गुफा पेकिङ्ग-मानवको अध्ययनको लागि एक प्रसिद्ध स्थलको रूपमा रहँदै आएको छ । त्यस स्थलमा वैज्ञानिक चिया लान्पोले पाँच लाख वर्ष पुराना तीन मानव खप्पर फेला पारे, जुन कुरा माथि पनि उल्लेख भइसकेको छ ।

चिया लान्पोले झोउकोउडियन गुफामा गरिएका उत्खनन्‌बाट प्राप्त जीवावशेषहरूको अध्ययनबाट पेकिङ्ग-मानवले आगो निकालेर त्यसको उपयोग गर्न सक्थ्यो भन्ने तथ्य पत्ता लगाए । पेकिङ्ग मानवका हाडखोर तथा खप्पर भेटिएको ठाउँमा फेला परेका कलात्मक ढुङ्गे औजार तथा उनीहरूको शरीर रचनालाई अध्ययन गर्दा पेकिङ्ग-मानव पहिले सोचिएभन्दा उच्च सभ्यतामा रहेको तथ्य पनि चिया लान्पोले पत्ता लगाए । चिया लान्पोले पेकिङ्ग मानव र त्यस समयका जनावरहरूबीचको सम्बन्धलाई पनि अध्ययन गरे । त्यस अध्ययनबाट उनीहरूले चिसो र न्यानो मौसमलाई धेरै पटकसम्म झेलेको तथ्य चिया लान्पोले पत्ता लगाए ।

वैज्ञानिक चिया लान्पोले सन् १९५० देखि प्रसिद्ध प्राचीन मानव तथा उनीहरूको संस्कृतिको अध्ययनको लागि एक प्रसिद्ध उत्खनन कार्य सफलतापूर्वक संचालन गरेका थिए । आफ्नो अध्ययनको निष्कर्षको रूपमा उनले सन् १९८० मा चीन, उत्तर-पूर्व एसिया र उत्तर अमेरिकाको प्राचीन मानवको संस्कृति उत्तरी चीनबाट विकसित भएको विचार प्रकाशमा ल्याए । त्यस विचारले विश्वभरका मानवशास्त्रीहरूको ध्यानाकर्षण गरेको थियो ।

सन् १९८० देखि चिनियाँ विज्ञान प्रतिष्ठान (Chinese Academy of Sciences) का सदस्य रहँदै आउनुभएका वैज्ञानिक चिया लान्पोको निधनबाट चीनले मात्र होइन, विश्व वैज्ञानिक जगतले नै एक महत्वपूर्ण प्रसिद्ध वैज्ञानिकलाई गुमाएको छ ।

❑ तुल्सीदास महर्जन

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको

५५ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफ सरकारको दीर्घायु तथा सुस्वास्थ्यको लागि मंगलमय शुभकामना चढाउँदछौं ।

नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)

कृषि विकास बैंकले किसान, ब्यापारी, उद्यमीलाई ग्रामीण कर्जा, ब्यापार कर्जा र बैंकिग सुविधाहरू प्रदान गर्दछ ।

अहिले :

- ❑ बैंक किसानबीच बढीभन्दा बढी भेटघाट हुनसक्ने नयाँ व्यवस्था मिलाइएको छ ।
- ❑ किसानहरूलाई पनि आफूले तिर्नसक्ने जति मात्र ऋण लिनको लागि उत्साहित गरिएको छ ।
- ❑ अनावश्यक ऋणहरु दिने काम अहिले यस बैंकले बन्द गरेको छ ।
- ❑ विनास्किम बैंकिंग कार्यालयहरुमार्फत् जाने ओभर ड्राफ्ट कर्जाको आकारमा ब्यापक कटौती गरिएको छ ।
- ❑ बैंकको निरीक्षण तथा अनुगमन प्रणालीलाई पहिलेकोभन्दा कडा पारिएको छ ।

देशको समष्टिगत विकास कार्यलाई अघि बढाउन कृषि विकास बैंकका कार्यहरुमा सहभागी होऔं ।

कृषि विकास बैंक
मुख्य कार्यालय
रामशाहपथ, काठमाण्डौ
फोन नं. २६२८८५, २६२५९६ फ्याक्स : २६२६१६
e-mail : agrbnk@infoclub.com.np

## ◀ पाठकको कुरो

### हत्याकाण्ड अंक : ऐतिहासिक अंक !

'मूल्यांकन' को गतांक नारायणहिटी हत्याकाण्डबारे केन्द्रित भएर आएको एकदमै ध्यान दिएर पढें । समग्रमा यो अंकलाई मैले एकदमै ऐतिहासिक महत्वको अंकको रूपमा पाएँ ।

राजदरबार काण्डबारे विदेशीहरू र दरबारिया तत्वहरूले एकोहोरो रूपमा एकपक्षीय विचार प्रक्षेपण गरिरहेको समयमा 'मूल्यांकन' ले तथ्यहरूमा आधारित भएर जुन विश्लेषण प्रस्तुत गरेको छ, त्यसले 'मूल्यांकन' को इज्जत र प्रतिष्ठामा व्यापक वृद्धि भएको छ । यसका लागि बधाइ !

श्याम श्रेष्ठको आवरण कथाले तथ्यहरूलाई केलाएर मात्र निचोड कसरी निकाल्ने भन्ने उदाहरण नै पेश गरेको छ । मनगढन्त तरीकाले निश्कर्ष निकाल्नेहरूका लागि यो शैली आफैं एउटा ठूलो झापड हो । डा. सानुभाइ डंगोलले नारायणहिटी दरबारभित्रका विकृतिहरू राम्ररी नै प्रकट गर्नुभएको छ । मनोविद् शिशिर सुब्बाको विश्लेषण, तुल्सीदास महर्जनले लेख्नुभएको जनताले सडकमा राजारानीको हत्याको बेला प्रकट गरेको अभिमतको चित्र र हरिगोविन्द लुईंटेलले गर्नुभएको त्यतिखेरको हाम्रो संचार क्षेत्रको भूमिकाको समीक्षा उपलब्धीपूर्ण छन् । खगेन्द्र संग्रौलाको लेख बेजोडको छ । डा. पिताम्बर शर्माको लेख छोटो भएर पनि तीखो छ र एकदमै सान्दर्भिक छ । राजेन्द्र महर्जनले लेख्नुभएको नयाँ राजाको सम्पत्तिको बयान र रवीन्द्र अधिकारीको भावी युवराज बारेको बहस सटीक छन् । मुक्ता श्रेष्ठले लेख्नुभएको दरबारका विगतका हत्याकाण्डको विवरण ज्ञानवर्द्धक छ । पिपुल्सवार ग्रुपमा पहिरो गएको रिपोर्टबाट नेपाली माओवादीले पनि पाठ सिक्ने कि ?

'अविरल बग्छ इन्द्रावती' को समीक्षा र मूल्यांकनले रूपलाल विश्वकर्माबारे गरेको समीक्षा दुवै उल्लेखनीय छन् ।

**-विक्रमवीर मजर्हन,**
*नयाँ बजार, कीर्तिपुर ।*

### संग्रह प्रकाशित होस्

यस अन्तरक्रियामुखी मासिकले नेपालको राजनीतिक इतिहासलाई समेत उँचाइमा लैजाने जोखिमपूर्ण अभियान चलाएर सच्चा देशभक्तिपूर्ण सेवा गरेको छ । नेपाली जन-वीरहरूको निर्माण गर्न अदम्य शाहस, रचना कला र विचार प्रवाहको कारण देशको आमूल परिवर्तनको अग्रगामी छलाङ्ग मार्ने दिशातर्फ डोर्‍याउन सक्षम बन्दै जाने अद्यावधि प्रतिवद्धतालाई टिकाओस् ।

साथै, मूल्यांकन सम्पादक मण्डलले विज्ञान, इतिहास, साहित्य, दर्शन, अन्तरक्रिया आदिका छुट्टाछुट्टै संग्रह पारी बजारमा लैजानेबारे विचार गरोस् भन्ने म चाहन्छु ।

**-तेजकुमार राङखापी,**
*पारिजात पुस्तकालय, रोल्पा ।*

### संग्रौलालाई शुभकामना

नारायणहिटी पर्वपछि देशका शासकहरूले देखाएको गलत रवैया र दिशाहीनताको विरोधमा विभिन्न शीर्षकहरूमा आफ्ना तर्कपूर्ण लेखहरू विभिन्न दैनिक पत्र-पत्रिकामा छापेर जनतालाई सचेत, सूचित र आलोचनात्मक सोचाइ राख्न प्रेरित गर्ने खगेन्द्र संग्रौलाको समसामयिक लेखहरूका निम्ति उहाँप्रति आभार व्यक्त गर्दछु । यसक्रममा मूल्यांकन मासिकको पूर्णाङ्क ८८ मा 'काट्टो, जदौ र जो हुकुम सरकार" शीर्षकमा छापिएको उहाँको मार्मिक लेख पढ्न पाउँदा खुसी लागेको छ ।

**-याम घिमिरे 'यात्री',**
*सतीशीधाम- १, झापा ।*

### विज्ञान / दर्शन

मूल्यांकनमा छापिंदै आएको विज्ञानसम्बन्धी लेखका साथै प्रज्ञानरत्नले लेख्नुभएको दर्शनसम्बन्धी लेखको छुट्टै पुस्तिका तयार गरी प्रकाशनमा ल्याएको खण्डमा अझ बढी ज्ञान हासिल गर्ने मौका पाउने थियौं कि ?

**-प्रदीप अधिकारी, गेल्बू र पेमछिरी शेर्पा,**
*कुँवुकास्ताली- ९, चिर्माल, रामेछाप*

### श्री ५ को लगानी छैन

हिमाल हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड (छोटकरीमा हिमाल हाइड्रो) नाम भएको कम्पनी सन् १९७८ मा श्री ५ को सरकार जलश्रोत मन्त्रालय र यूनाइटेड मिशन टू नेपालको संयुक्त लगानीमा स्थापित कम्पनी हो । हाल यस कम्पनीको लगानीकर्तामा नर्वेको एनसीसी टनेलिङ भन्ने कम्पनी पनि समावेश छ; तर अन्य कुनै व्यक्ति वा संस्थाको लगानी छैन । तसर्थ, 'श्री ५ ज्ञानेन्द्रको उद्योग व्यापार' नामक लेखमा लेखिएझैं यस कम्पनीमा श्री ५ महाराजाधिराज ज्ञानेन्द्रको लगानी भएको भन्ने कुरा सरासर गलत हो ।

**-रूद्र खनाल,**
*कर्मचारी प्रबन्धक, हिमाल हाइड्रो*

## ◀ घटना र प्रवृत्ति

साउन ७ गते पुष्पलाल स्मृति प्रतिष्ठानले पुष्पलाल जयन्तीको उपलक्ष्यमा आयोजना गरेको कार्यक्रममा ने.क.पा. एमालेका महासचिव माधवकुमार नेपाल र नेकपा मालेकी अध्यक्ष साहना प्रधानले संकीर्णता र गाली गलौजबाट माथि उठी बृहद वाम-एकता गर्नु आजको आवश्यकता हो भन्ने विचार व्यक्त गर्नुभयो । यसै क्रममा १२ गते एमाले नीटकको विद्यार्थी संगठनले वामएकताको आवश्यकता विषयमा एउटा विचार-गोष्ठी गरी अन्य वाम-नेताहरूका अतिरिक्त ने.क.पा. मालेका महासचिव क. वामदेव गौतमलाई पनि वक्ताको रूपमा निम्ता गर्‍यो ।

# के एमाले र मालेले एकता गर्ने नै हुन् त ?

वामदेव गौतमले आफू एकताको निम्ति तयार रहेको धारणा व्यक्त गर्नुभयो र एमाले एवं माओवादी पार्टी एकता निम्ति तयार हुनुपर्ने माग पनि गर्नुभयो । त्यसको भोलिपल्ट एमाले स्थायी समिति सदस्य युवराज ज्ञवाली र माले नेता वामदेव गौतमबीच एकताबारे अनौपचारिक वार्ता भएको खबर पत्र-पत्रिकामा आयो । १४ गते एमाले संसदीय दलको कार्यालयमा आयोजित एमालेका सांसदहरूको एक अन्तर्क्रिया कार्यक्रममा पनि मालेसंगको एकताको पक्षमा डेढ दर्जनभन्दा बढी नै सांसदहरूले आवाज उठाए ।

वस्तुतः आज देशमा बृहद् वाम एकताको गम्भीर खाँचो रहेको छ । यसनिम्ति आधारभूत मत मिल्नेहरूबीच पार्टी एकता नै गर्न र यसो नहुनेहरूबीच कार्यगत एकता गर्न विशेष पहल हुनु जरूरी छ । एमाले-मालेबीच भएको फुटले मुलुकलाई पारेको नोक्सानीबाट भविष्यलाई बचाउनका निमित्त पनि तत्काल ठोस प्रयत्न हुनु जरूरी छ । यो मुलुकको बस्तुगत आवश्यकताले जन्माएको माग हो ।

यसलाई स्वीकार्ने पहल गरेकोमा माले-एमाले दुवै धन्यवादका पात्र भएका छन् ।

वास्तवमा, विगतको कमी-कमजोरीको समीक्षा गर्दै, मतैक्यताका बुँदा र मतभेदका बुँदा छुट्याई, मतभेदका बुँदाहरूमा प्रजातान्त्रिक ढंगले आ-आफ्नो धारणा बोक्न र व्यक्त गर्न पाउने हक निश्चित गरेर एमाले-मालेले एक भएर नै अघि बढ्न जरूरी छ । 'एकले अर्कोलाई स्वाद चखाउने' मात्र नियत बोकेर मुलुकको आवश्कतालाई भने पूरै बेवास्ता गर्ने संकीर्ण र गुटवादी सोचबाट दुवै पार्टीका नेताहरू मुक्त हुनु जरूरी छ । दुवै पार्टीमा आफ्नो व्यक्तिगत चुनावी स्वार्थ भएकाहरू र 'अहं' का शिकार भएका व्यक्तिहरूबाट एकता-प्रक्रियामाथि प्रहार गरिने वा त्यसमा बाधा खडा गर्ने काम हुनसक्छ । दुवै पार्टीका एकताप्रेमी नेता-कार्यकर्ताहरू यस प्रवृत्तिबाट सावधान हुनु जरूरी छ भन्ने हामीलाई लाग्दछ ।

साथै, एकताको शुरू शर्तको रूपमा रहेको एकले अर्कोको राजनीतिक अस्तित्वको सम्मान गर्ने काममा र एकताको प्राथमिक चरणको रूपमा रहेको 'साझा बुँदामा मिलेर काम गर्न थाल्ने संस्कृति निर्माण गर्ने' काममा दुवै पक्षका एकताप्रेमीहरूले विशेष ध्यान दिनु र पहल गर्नु जरूरी छ भन्ने हामीलाई लाग्छ ।

यसैबीच, ने.क.पा. मसाल र ने.क.पा. एकता केन्द्रका बीचमा पार्टी एकताको पहल गर्न बनेको संयोजन समितिले यही साउन १६ गते बैठक बसी एकता प्रक्रियालाई तीव्र पार्ने टुंगो गरेको छ । यसअघि १३ र १४ गते ने.क.पा. मसालको के.स. बैठकले एकता प्रकृयामा ढीलाई भएकोमा चिन्ता प्रकट गरेको थियो ।

ने.क.पा. एकता केन्द्रलाई ने.क.पा. माओवादीले मार्क्सवादी-लेनिनवादी-माओवादी पार्टी भएको ठहर गरी सो ठहर प्रकाशमा ल्याएपछि मसालसँगको एकता केन्द्रको एकता प्रकृयामा केही अन्यौल र चीसोपन पैदा भएको बुझिएको छ । दुवै पार्टीले यो स्थिति हटाउनु आवश्यक छ । माओवादीले आफूबारे गरेको विश्लेषणप्रति आफ्नो धारणा राखी यसबारे स्पष्ट पार्ने पहल ने.क.पा. एकता केन्द्रबाट हुनु जरूरी छ भन्ने हामीलाई लाग्छ ।

❑

**-हरिगोविन्द लुइँटेल**


FEEL THE THRILL
Wherever you are
TUBORG
BEER
TUBORG
professional/GBL-2000

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

